# परमेश्वर तपाईंको निम्ति मानिस बन्नुभयो



पवित्र बाइबलबाट लिइएको

**मर्कूसको सुसमाचार**

# परमेश्वर तपाईंको निम्ति मानिस बन्नुभयो

पवित्र बाइबलबाट लिइएको

## मर्कूसको सुसमाचार

PROJECT JAGERNA
Psalm 12:6-7

Preserving the Pure Word of God for the
Nepali People through Translation, Publication, and Distribution

**"अनि गवाही यही हो – परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँका पुत्रमा छ; जससँग पुत्र हुनुहुन्छ, ऊसित जीवन हुन्छ; जससँग परमेश्वरका पुत्र हुनुहुन्न, ऊसित जीवन हुँदैन । मैले तिमीहरूलाई अर्थात् परमेश्वरका पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु ताकि तिमीहरूसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूले जान, र परमेश्वरका पुत्रको नाममा तिमीहरूले विश्वास गर ।"**

(१ **यूहन्ना** ५:११–१३)


# प्रोजेक्ट जगेर्ना

**जी.पी.ओ. ८९७५, ई.पी.सी. ९८७**

**काठमाडौं, नेपाल**

Email: jagerna1611@hotmail.com



यो प्रकाशनको कुनै पनि खण्ड **येशू ख्रीष्टको सुसमाचार प्रचारको काम र सित्तैंमा वितरण गर्नको लागि बाहेक** अन्य प्रयोजनको लागि प्रकाशकको पूर्व अनुमतिबिना कुनै पनि माध्यम - छापा तथा यान्त्रिक - बाट पुनर्उत्पादन गर्न मनाही गरिएको छ ।

# पाठकको लागि

तपाईंको प्राणको साँचोरूपमा वास्ता गर्ने व्यक्तिको हातबाट एउटा उपहारको रूपमा कृपया यो पुस्तिका लिनुहोस् । यसभित्र पवित्र बाइबलको अथोराइज्ड किङ्ग जेम्स संस्करणको नयाँ करारमा पाइने मर्कूसको सुसमाचारको सठीक र पूर्ण अंश छ । मर्कूसको सुसमाचारमा प्रभु येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई यो आज्ञा दिनुभएको छः "सारा संसारमा जाओ र हरेक प्राणीलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले मुक्ति पाउनेछ, तर विश्वास नगर्नेचाहिँ दोषी ठहरिनेछ" (मर्कूस १६:१५-१६) । प्रभु येशू ख्रीष्टका सच्चा चेलाहरूले यसलाई साँचोरूपमा विश्वास गर्दछन् र तिनीहरू आफ्ना प्रभु तथा उद्धारकर्त्ताप्रति आज्ञाकारी हुन चाहन्छन्, त्यसैले यो पुस्तिका धेरै परिश्रमपश्चात् तपाईंको हातमा आइपुगेको छ । तपाईंले यो ग्रहण गर्नुहुँदा संसारका सृष्टिकर्त्ताले तपाईंलाई प्रेम गर्नुहुन्छ र उहाँको पवित्र वचनमार्फत् आफैलाई तपाईंको सामु प्रकट गर्न चाहनुहुन्छ भन्ने थाहा पाइराख्नुहोस् । के तपाईंले सुन्नुहुनेछ ? के तपाईंले आज्ञा पालन गर्नुहुनेछ ?

पूरा भएको भविष्यवाणी नै बाइबल परमेश्वरको लिखित वचन हो भन्ने कुराको मुख्य प्रमाण हो । यसले ८०० भन्दा बढी भविष्यवाणीहरू गर्दछ जुन सबै नै ती पूरा हुनुभन्दा अत्यन्त धेरै समय पहिला गरिएका थिए । त्यसैले त्यहाँ संयोगको कुनै मौका हुनै सक्दैन । ती ८०० भविष्यवाणीहरूमध्ये लगभग ३०० वटाचाहिँ अक्षरशः पूरा भइसकेका छन् र बाँकी ५०० वटा भविष्यमा अवश्य पूरा हुनेछन् । ती पूरा भइसकेका ३०० वटा भविष्यवाणीहरू संयोगवश पूरा हुने सम्भाव्यता गणितीयरूपमा, तथ्याङ्कशास्त्रीयरूपमा र वैज्ञानिकीयरूपमा असम्भव हुन्छ । त्यसैले बाइबलले आफू जीवित परमेश्वरका पवित्र वचनहरू भएको कुरा बताउँदा वैज्ञानिकीय सत्यताको गणितीय र तथ्याङ्कशास्त्रीय निश्चयतासहित बोलिरहेको हुन्छ । प्रभु येशू ख्रीष्टको व्यक्तित्व र कामको सम्बन्धमा कुरा गर्नुपर्दा, बाइबलले उहाँको जन्म हुनुभन्दा सयौं वर्ष पहिला नै उहाँको जीवनका ४८ वटा विवरणहरूको भविष्यवाणी गरेको थियो र त्यसपछि त्यसले ती अक्षरशः पूरा भएका कुरा देखाउँदछ । त्यसपछि बाइबलले भविष्यमा पूरा हुन बाँकी नै रहेका अरू ५०० वटा भविष्यवाणीहरूको निश्चयता प्रकट गर्दछ । अन्य कुनै पनि धर्मग्रन्थहरू र शिक्षाहरूले यस्ता अनुमानहरू गर्नुको खतरा मोल्ने साहस गर्दैनन् ।

बाइबलको सन्देश कुनै धर्मले दिनेजस्तो सन्देश होइन । धर्म त मानवजातिले ईश्वरसम्बन्धी आफ्नै धारणालाई शान्त पार्न र मुक्ति हासिल गर्नको लागि धर्मकर्महरू गर्न वा असल कर्म कमाउन गर्ने प्रयास हो । धर्मद्वारा मानिसले स्वर्ग जान, मुक्ति,

अनन्त शान्ति पाउन वा उसले सोच्न सक्ने कुनै पनि आदर्शराज्य हासिल गर्नको लागि आफैलाई धर्मी ठहऱ्याउन र परमेश्वरको तथा मूर्तिहरूको कृपा कमाउन खोज्दछ वा उसको आफ्नै कल्पनालाई सही ठहऱ्याउन खोज्दछ। यस अर्थमा मानिसले बनाएका सबै धर्महरू एउटै हुन् । यस्तो धर्मले दिन सक्ने सबैभन्दा असल कुरा भनेको स्वघोषित भविष्यवक्ताहरू तथा गुरुहरूको बर्बराहट र असल कामहरूमाथि आधारित अनिश्चित मुक्ति हो । बाइबलले यसलाई यसरी उल्लेख गर्दछः "किनकि परमेश्वरको धार्मिकताको विषयमा अन्जान भएर र आफ्नै धार्मिकता स्थापित गर्न खोजेर तिनीहरूले आफूलाई परमेश्वरको धार्मिकताको अधीनतामा सुम्पिएनन्" (रोमी १०:३) ।

मानवनिर्मित धर्मले कर्महरूद्वारा वा पुनर्जन्मको अन्त्यहीन चक्रद्वारा मुक्ति पाइन्छ भनी प्रचार गर्दछ जबकि कथित "विज्ञान" ले मृत्युमा सबै कुरा टुङ्गिन्छ भनेर भन्दछ। अर्कोतर्फ, बाइबलले चाहिँ मानिसको निम्ति एकपटक मृत्यु तोकिएको छ भन्ने कुरा प्रकट गर्दछ। त्यसपछि सबैजना संसारका पवित्र र धर्मी न्यायकर्ताको सामु न्याय गरिनलाई उभिनेछन् (हिब्रू ९:२७) । अनि मेरा मित्र, परमेश्वरको वचनले पूरा भएका विस्तृत भविष्यवाणीको माध्यमद्वारा बारम्बार आफूलाई प्रमाणित गरेको छ भन्ने कुरा नबिर्सनुहोस् जुन यस्तो कुरा हो जसको बारेमा अन्य कुनै पनि धर्मग्रन्थले दाबी गर्न सक्दैन । तपाईंले बाइबलका चेताउनीहरूलाई ध्यान दिनुभएकै उत्तम हुन्छ। के तपाईंले परमेश्वरका कुराहरूमा वास्ता गर्नुहुन्छ ? तपाईंले एक दिन उहाँलाई भेट्नुहुनेछ। के तपाईं न्यायको दिनमा आफ्ना सृष्टिकर्ताको सामु उभिन तयार हुनुहुन्छ ?

केहीबेर बाइबलको सन्देशबारे मनन गर्नुहोस्: साँचो परमेश्वर एक हुनुहुन्छ जसले संसार सृष्टि गर्नुभयो र मानिसलाई उहाँकै स्वरूपमा बनाउनुभयो। उहाँले प्रथम पुरुष र प्रथम स्त्रीलाई अदनको बगैंचामा राख्नुभयो र उसलाई असल र खराबको ज्ञान दिने रूखको फल नखानू भनी आज्ञा दिनुभयो। मानिसले परमेश्वरको ठाडै अवज्ञा गऱ्यो र ऊ आफ्नो निर्दोष अवस्थादेखि पतन भयो (उत्पत्ति १-३ हेर्नुहोस्) । त्यसैले "एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकि सबैले पाप गरेका छन्" (रोमी ५:१२) । रोमी ३:२३ मा बाइबल भन्दछ, "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुनगएका छन् ।" अझै इजकिएल १८:४ यसो भन्दछ, "जुन प्राणले पाप गर्छ, त्यही मर्छ ।" मानव प्राणीहरू भएका हुनाले, हामी पापीहरू हौं, गल्ती गर्नेहरू मात्र होइनौं, तर परमेश्वरको व्यवस्था उल्लङ्घन गर्ने अपवित्र, अधार्मिक र स्वार्थी अपराधीहरू हौं । परमेश्वरको अवज्ञा गरिएको प्रथम समयदेखि त्यही नै हाम्रो स्वभाव भइआएको छ ।

तपाईंले असहमत हुन र आफू एक असल व्यक्ति भएको दाबी गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो अनन्त गन्तव्यलाई आफ्ना असल कामहरू र/वा तपाईंका धार्मिक क्रियाकलापहरूमाथि आधारित तुल्याउने खतरा पनि मोल्न सक्नुहुन्छ। तर बाइबल भन्दछ कि असलपनसम्बन्धी परमेश्वरको स्तरचाहिँ पूर्ण सिद्धता हो, र "धर्मी कोही छैन, एउटै पनि छैन; बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन" (रोमी ३:१०)। यो हामीले गर्ने कामको कुरामात्र होइन, तर हाम्रो परिचयकै कुरा हो। धर्म त बाहिरी रूप र शरीरको शुद्धीमा केन्द्रित हुन्छ, तर प्रभु येशूले भन्नुभयो, "मानिसबाट जे बाहिर निस्किन्छ, त्यसले नै त्यस मानिसलाई अशुद्ध पार्छ। किनकि भित्रबाट नै, मानिसहरूको हृदयबाट नै खराब विचार, व्यभिचार, यौनपाप, हत्या, चोरी, लोभ, दुष्टता, छल, उग्र कामवासना, कुदृष्टि, परमेश्वरको निन्दा, घमण्ड, मूर्खता निस्किन्छन्। यी सबै खराब कुराहरू भित्रबाट नै आउँछन् र तिनले त्यस मानिसलाई अशुद्ध पार्छन्।" (मर्कूस ७:२०-२३)। तपाईं भित्रपट्टि अशुद्ध हुनुभएको छ र बाहिरी धर्मले तपाईंलाई शुद्ध पार्न सक्दैन। अर्कोतर्फ, परमेश्वरले आफ्नो धार्मिकताको स्तरलाई दश आज्ञाहरूमा मानवजातिको सामु प्रकट गर्नुभयो (प्रस्थान २०:१-१८; व्यवस्था ५:६-२१)। यो व्यवस्था मोशाका हातद्वारा इस्राएलीहरूलाई दिइएको थियो जो परमेश्वर आफैले आफ्नो पराक्रम, अनुग्रह र अपरिवर्तनीय चरित्र सारा मानवजातिलाई देखाउनको निम्ति इतिहासमा उठाउनुभएको एउटा विशेष जाति हो। त्यही नियम मानवीय विवेकमा पनि लेखिएको हुन्छ (रोमी २:१४-१५), त्यसैले हरेक मानिसभित्र यो रहेको हुन्छ। झूटो बोल्नु, चोर्नु, हत्या गर्नु, ईर्ष्या गर्नु, इत्यादि गलत हुन् भन्ने कुरा हामी सबैलाई थाहा छ। हाम्रो विवेकले (हाम्रो हृदयमा लेखिएको परमेश्वरको नियमले) हामीलाई दोषी ठहऱ्याउँदछ र हाम्रो दोषलाई व्यक्तिगत बनाइदिन्छ।

परमेश्वरको व्यवस्था प्रष्ट छ र यसले दुईवटा कुराहरु गर्दछ: यसले यस्तो हरेक मानिसलाई चूप लगाइदिन्छ जसले आफैलाई धर्मी ठहऱ्याउँदछ र यसले मानिसलाई उसको पापको ज्ञान दिन्छ (रोमी ३:१९-२०)। के तपाईं परमेश्वरको व्यवस्थाद्वारा जाँचिन चाहनुहुन्छ ? उदाहरणको लागि, नवौं आज्ञाले यसो भन्दछ, "तैंले झूटो साक्षी नदिनू।" के तपाईंले कहिल्यै झूटो बोल्नुभएको छ ? त्यसले तपाईंलाई के बनाउँदछ ? बाइबल हितोपदेश १२:२२ मा भन्दछ कि झूटो बोल्ने ओठहरू परमप्रभुको निम्ति घृणित हुन् र प्रकाश २१:८ भन्दछ कि झूटो बोल्नेहरूको भागचाहिँ नरक हुनेछ। आठौं आज्ञाले यसो भन्दछ, "तैंले चोरी नगर्नू।" के तपाईंले कहिल्यै कुनै कुरा – कुनै सानो कुरा, कुनै ठूलो कुरा, समय, इत्यादि....– चोर्नुभएको छ ? त्यसले तपाईंलाई के बनाउँदछ ? परमेश्वरको नजरमा, तपाईं चोर हुनुहुन्छ। के तपाईंले परमेश्वरको नाउँलाई श्रापको रूपमा प्रयोग गरेर परमप्रभुको नाउँ व्यर्थमा

लिनुभएको छ ? हुन सक्दछ, तपाईंले परमेश्वरलाई चिनेको दाबी गर्नुहुन्छ होला र त्यसपछि जीवनशैलीको रूपमा उहाँको नाउँ व्यर्थमा लिनुहुन्छ होला । बाइबल यी दुवै कुराहरूलाई ईश्वरनिन्दा भन्दछ र तेश्रो आज्ञा अत्यन्त प्रष्ट छ । के तपाईंले कहिल्यै व्यभिचार वा हत्या गर्नुभएको छ ? परमेश्वरले बाहिरी रूप होइन तर हृदय जाँच्नुहुन्छ (१ शमूएल १६:७) र येशूले भन्नुभयो कि अर्को मानिसलाई कामवासनाको दृष्टिले हेर्ने जोसुकैलाई पनि हृदयमा व्यभिचार गर्नेहरूको रूपमा न्याय गरिनेछ (मत्ती ५:२७-२८) । यदि तपाईंले बिनाकारण कहिल्यै कसैलाई घृणा गर्नुभएको छ भने परमेश्वरले तपाईंलाई हृदयको हत्या गर्ने व्यक्तिको रूपमा न्याय गर्नुहुनेछ भनी येशूले भन्नुभयो (मत्ती ५:२१-२२) । के तपाईंले यौनपापमा आनन्द मनाउनुहुन्छ जबकि परमेश्वरले तपाईंलाई त्यसदेखि टाढा रहन आज्ञा गर्नुहुन्छ ? १ कोरिन्थी ६:९ ले भन्दछ कि यौनपाप गर्ने कोही पनि स्वर्गको राज्यमा पस्नेछैन । के तपाईंले परमप्रभु परमेश्वरलाई तपाईंको जीवनमा पहिलो स्थान दिनुभएको छ (प्रथम र सबैभन्दा ठूलो आज्ञा), अथवा के तपाईंले आफ्नै कुइच्छाहरू तृप्त पार्न र आनन्द लिनको लागि आफ्नो दिमागमा बनाउनुभएको कुनै झूटो देवताको सेवा गर्नुहुन्छ ? यो मूर्तिपूजा हो जुन बाइबलमा पाइने सबैभन्दा पुराना पापहरूमध्ये एक हो र परमेश्वर यसलाई घृणा गर्नुहुन्छ । के तपाईंले परमेश्वरको साप्ताहिक विश्रामदिनलाई सदैव सम्झिनुभएको छ वा के तपाईंले आफ्ना बुबाआमालाई बोलीमा, सोचाइमा र काममा सदैव आदर गर्नुभएको छ ? यदि गर्नुभएको छैन भने तपाईं क्रमशः चौंथो र पाँचौं आज्ञाहरू उल्लङ्घन गर्नुको दोषी हुनुहुन्छ । दशौं आज्ञा यसो भन्दछ, "तैंले लालच नगर्नू ।" के तपाईंले कुनै कुराको चाहना गर्नुभएको छ जुन तपाईंको होइन ? दोश्रो आज्ञाले मूर्तिहरूको पूजा नगर्नू भनेर भन्दछ । के तपाईंको धर्मले तपाईंलाई काठ, धातु र ढुङ्गाका मूर्तिहरूको पूजा गर्न लगाउँदछ, "जुन मूर्तिहरूले न देख्न, न सुन्न सक्छन्, न त तिनीहरू हिँड्न नै सक्छन्" (प्रकाश ९:२०) । शायद तपाईंले आफ्नै कुइच्छाहरू तृप्त पार्न र आनन्द लिनको लागि आफ्नो दिमागमा बनाउनुभएको कुनै मूर्तिको पूजा गर्नुहुन्छ होला । परमेश्वर भन्नुहुन्छ: "मूर्तिहरूतिर नलाग, अनि तिमीहरूले ढलौटे देवताहरू पनि नबनाओ । म परमप्रभु, तिमीहरूका परमेश्वर हुँ" (लेवी १९:४) । तपाईं दोषी हुनुहुन्छ कि निर्दोष हुनुहुन्छ ? अनि आफैलाई ढाँटेर नवौं आज्ञा उल्लङ्घन नगर्नुहोस् ।

पाप भनेको परमेश्वरको व्यवस्था उल्लङ्घन गर्नु हो (१ यूहन्ना ३:४) र सर्वशक्तिमान् परमेश्वर संसारका पवित्र र धर्मी न्यायकर्त्ता हुनुभएको हुनाले, यदि तपाईंले परमेश्वरको व्यवस्थालाई एउटा मात्र बुँदामा उल्लङ्घन गर्नुभयो भने तपाईं त्यो सबै उल्लङ्घन गर्नुको दोषी हुनुहुन्छ (याकूब २:१०) । फलस्वरूप हरेक मुख चूप लाग्दछ र सारा संसार प्रभुको सामु दोषी ठहरिन्छ (रोमी ३:१९) । "यसकारण व्यवस्थाका कामहरूद्वारा

कुनै पनि प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन; किनकि व्यवस्थाद्वारा पाप चिन्ने ज्ञान हुन्छ" (रोमी ३:२०)। बाइबल प्रष्टरूपमा बताउँदछ कि हामी दोषी छौं र परमेश्वरले सबै हत्याराहरू, चोरहरू, ढँटुवाहरू, व्यभिचारीहरू, यौनपापीहरू, पर मेश्वरनिन्दकहरू, परस्त्रीगामीहरू, समलिङ्गीहरू, मूर्तिपूजकहरू, इत्यादिलाई सारा अनन्तताभरि नरकमा रहने गरी अनन्तरूपमा दण्ड दिनुहुनेछ। अनि उहाँले हाम्रा बोलीहरू र विचारहरूको (उपदेशक १२:१४; रोमी २:१६) र हामीले बोल्ने हरेक व्यर्थको कुराको (मत्ती १२:३६) पनि न्याय गर्नुहुनेछ। न्यायको दिनमा तपाईं परमेश्वरको धार्मिकताको स्तर अर्थात् दश आज्ञाहरू उल्लङ्घन गर्नुको दोषी पाइनुहुनेछ कि निर्दोष पाइनुहुनेछ ? मर्कूसको सुसमाचारमा, प्रभु येशूले परमेश्वरका दश आज्ञालाई यसरी सारांशित गर्नुभयो: "**सबैभन्दा पहिलो आज्ञाचाहिँ यो होः हे इस्राएल, सुन ! प्रभु हाम्रा परमेश्वर एकमात्र प्रभु हुनुहुन्छ। अनि तिमीले प्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा मनले र आफ्नो सारा बलले प्रेम गर। पहिलो आज्ञा यही हो। अनि दोस्रोचाहिँ योजस्तै छः तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर। यीभन्दा ठूलो अर्को कुनै आज्ञा छैन**" (मर्कूस १२:२९-३१)। के तपाईंले आफ्ना सृष्टिकर्त्तालाई आफ्नो सारा हृदयले प्रेम गर्नुभएको छ र के तपाईंले आफ्नो छिमेकीलाई सदैव आफैलाई झैं प्रेम गर्नुभएको छ ? यदि छैन भने तपाईं नियम भङ्ग गर्नेवाला हुनुहुन्छ र परमेश्वरको न्यायमा पर्न योग्यको हुनुहुन्छ।

सायद तपाईं सोच्नुहुन्छ होला कि परमेश्वर भलो हुनुहुन्छ र उहाँले तपाईंको पापी स्वभाव र तपाईंका पापी कामहरू माफ गरिदिनुहुनेछ। परमेश्वरले तपाईंलाई प्रेममात्र गर्नुहुन्छ भन्ने सोच्नु अत्यन्त मूर्ख कुरा हो। उहाँले तपाईंलाई भन्दा यी कुराहरूलाई बढी प्रेम गर्नुहुन्छ: धार्मिकता, न्याय र पवित्रता। त्यसकारण उहाँको भलोपनले नै न्याय गरिएको कुरा निश्चित गर्नेछ। अनि पाप "कुनै ठूलो कुरा होइन" भन्ने हाम्रो स्वभावले नै हामीलाई परमेश्वरको नजरमा दोषी र विनाशको योग्य बनाइदिन्छ। संसारका न्यायकर्त्ताले यस्तो अन्यायप्रति आँखा नलगाउनुभए त उहाँ एक भ्रष्ट न्यायाधीश हुनुहुन्छ।

तपाईंले अझै पनि आफूलाई सामान्यतया असल नै ठान्न सक्नुहुन्छ, तर तपाईं त्यस्तो हुनुहुन्न भनी परमेश्वर भन्नुहुन्छ (भजन सङ्ग्रह १४:२-३)। त्यसैले तपाईंहरूमध्ये एकजनाले झूट बोलिरहनुभएको छ। अनि परमेश्वरले झूट बोल्नु असम्भव हुन्छ भनी बाइबलले हामीलाई बताउँदछ। परमेश्वरको व्यवस्थाले न्यायको माग गर्दछ र अनन्त सृष्टिकर्त्ताको विरुद्धमा पाप गर्नुको दण्ड अनन्त नरकमा मृत्यु भोग्नु हो (रोमी ६:२३)। थपरूपमा भन्नुपर्दा, पहिला नै उल्लेख गरिएअनुसार, यदि हामीले उक्त व्यवस्थालाई एकमात्र ठाउँमा उल्लङ्घन गर्दछौं भने हामी त्यो सबै उल्लङ्घन गर्नुको

गरे, तिनीहरूलाई उहाँले परमेश्‍वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई जसले उहाँको नाममा विश्‍वास गर्दछन् ।"

यसलाई अझै जोर दिनुपर्दछः **यो धर्मको कुरा होइन ।** धर्म जतिसुकै निष्कपट भए तापनि त्यसले धर्मी परमेश्‍वरलाई कहिल्यै पनि सन्तुष्ट पार्न सक्दैन, किनकि उहाँको असलपनको तुलनामा हाम्रा कथित असल कर्महरू पनि झुत्रा लुगाझैं हुन्छन् (यशैया ६४:६) । धर्मले पापलाई मेटाउन सक्दैन – कुनै पनि धार्मिक प्रयासहरू वा अनुभवहरूले एउटा पनि पापलाई हटाउन सक्दैनन् र असल कामहरूले खराब कामहरूलाई कहिल्यै पनि हटाउन सक्दैनन् । बुद्धलाई पनि यो कुरा थाहा थियो । तिनलाई एकपटक यसरी सोधियोः "एउटा खराब कर्मलाई मेटाउन कति लामो समयसम्म असल कर्महरू गर्नुपर्दछ ?" बुद्धले धूपको ध्वाँसो र बलिको रगतले मैलिएको एउटा हिन्दू मन्दिरको खाँबोलाई देखाउँदै जवाफ दिए, "तपाईंलाई एउटा झुम्रो र एउटा कुचो दिएर त्यो खाँबोलाई वर्षको एकपटक सफा गर्न लगाइयो भने त्यो खाँबो पूरै सफा गर्न लाग्ने समयको विचार गर्नुहोस् त ! एउटा असल कर्मले एउटा खराब कर्मलाई मेटाउन त्योभन्दा बढी समय लाग्दछ ।" अर्को शब्दमा, यो कुरा असम्भव थियो भनी बुद्धलाई थाहा थियो र यो कुरामा तिनी सही थिए । हामी भित्रैदेखि अशुद्ध भएका हुनाले (मर्कूस ७:२०-२३) र मोक्ष "कामहरूबाट" नपाइने भएकोले, "नत्र त कसैले घमण्ड गर्नेछ" (एफेसी २:९), धर्मले मानिसको पापी स्वभावलाई कहिल्यै पनि परिवर्तन गर्न सक्दैन - समस्याको जरा भनेकै हृदयको समस्या हो (यर्मिया १७:९) र परमेश्‍वरको व्यवस्थाले यो कुरा प्रष्टरूपमा प्रकट गर्दछ । जसरी येशूले भन्नुभयो, "तिमीहरू फेरि जन्मिनैपर्छ" (यूहन्ना ३:७) । साथै, "तिमीहरूले पश्‍चात्ताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ" (लूका १३:३,५) । परमेश्‍वरसँग असल सम्बन्ध गाँस्नको लागि यदि तपाईं आफ्नो धर्ममाथि भर परिरहनुभएको छ भने त्यो अप्रभावकारीमात्र हुँदैन, तर यस्तो कुरामाथिको भरोसाले तपाईंको पाप र तपाईंको दण्ड बढाइ मात्र दिन्छ । आखिर बाइबल भन्दछ कि परमेश्‍वरको वचन सुन्नदेखि आफ्ना कान फर्काउनेहरूका प्रार्थनाहरू पनि घृणित हुन्छन् (हितोपदेश २८:९) । तपाईं आफ्ना पापहरूको पश्‍चात्ताप गरी येशू ख्रीष्टतर्फ नफर्किनुभएसम्म आफ्नै धर्ममा मर्नुहुनेछ, तपाईं आफ्नै पापमा मर्नुहुनेछ (यूहन्ना ८:२४) ।

यहाँनेर, तपाईंले परमेश्‍वरको अस्तित्वलाई अस्वीकार गर्नमा, मानवतावादी विज्ञानका आडम्बरी दाबीहरूमा र तपाईं एक धार्मिक व्यक्ति हुनुहुन्न भन्ने तपाईंको हठमा नै बौद्धिकरूपमा घमण्ड गर्न सक्नुहुन्छ । यदि तपाईंले असङ्ख्य आकाशगङ्गाहरू र सौर्य-मण्डलहरूको अस्तित्वलाई विश्‍वास गर्नुहुन्छ जुन एक-अर्कासँग ठोक्किँदैनन्

र यस्ता समयान्तरहरूमा घुम्दछन् जसद्वारा तपाईंले आफ्नो घडी मिलाउन सक्नुहुन्छ, र कुनै आदिकालीन धूलोको बादल अनियमित र स्वःस्फूर्तरूपमा बाहिरी अन्तरिक्षमा हुत्तिँदा तिनको उत्पत्ति भयो भनी विश्वास गर्नुहुन्छ भने बाइबलले तपाईंलाई अत्यन्त सही रूपमा व्याख्या गर्दछः “मूर्खले मन-मनमा भनेको छः ‘परमेश्वर छैन’” (भजन सङ्ग्रह १४:१) । क्रमविकासवाद साँचो विज्ञान होइनः यसका आधारभूत दाबीहरूलाई प्रमाणित गर्न सकिँदैन र देख्न सकिने विज्ञानले पटक-पटक यो कुरा झूटो हो भनी प्रदर्शन गरेको छ। त्यसको विपरीत, वास्तविक र वस्तुगत विज्ञानले बाइबलका दाबीहरूलाई पुष्टि गर्दछन् । गएर तापशास्त्र अर्थात् थर्मोडाइनामिक्सका नियमहरू, पृथ्वीको चुम्बकीय अर्ध-जीवन, सूर्यको घट्दो आकार, नदीहरूबाट समुद्रतर्फ हुने माटो-बालुवाको बहाव, जनसङ्ख्या वृद्धिको तथ्याङ्क, कथित “अवशेष अङ्गहरू”-को वास्वविक महत्व, “परिवर्तनको अवधिका जातिहरू”-को अवशेषको पूर्ण अभाव, इत्यादि अध्ययन गर्नुहोस्। त्यसपछि, पृथ्वी करोडौं वर्ष पुरानो छ र तपाईंका जिजुबाजेका जिजुबाजेका जिजुबाजेका जिजुबाजेका....जिजुबाजे रूखहरूमा झुण्डिँदै पिङ खेल्दथे र तिनका पनि जिजुबाजेका जिजुबाजेका जिजुबाजेका जिजुबाजेका.... जिजुबाजे आदिकालीन तरल पदार्थको एउटा सानो पोखरीमा तैरिन्थे भनी ईमानदारीपूर्वक भन्ने प्रयास गर्नुहोस् । गोब्रे कीरा, लोप भइसकेको डायनासोर, र भूँ-भूँ गरी आवाज निकाल्ने फिस्टे चराको अद्वितीयता क्रमविकासवादको वंशावलीमा कहाँनेर अटाउँदछ भन्ने कुरा पनि व्याख्या गर्ने प्रयास गर्नुहोस् । मानवीय आँखाको आश्चर्यजनक र जटिल बनावटबारे व्याख्या गर्नुहोस् र त्यसपछि यो त संयोगवश भएको हो भनी सोझो अनुहार बनाएर भन्ने प्रयास गर्नुहोस् । मानव शरीर दुईवटा समान अर्धभागहरू मिलेर बनेको हुन्छ भन्ने सत्यता र पदार्थमा पाइने अकाट्य रचनालाई क्रमविकासवादले व्याख्या गर्ने प्रयास गरोस् । अनि मानिसको विवेकको बारेमा नि, जुन अद्वितीय छ र अरू सबै प्राणीका प्रजातिहरूमा कत्ति पनि हुँदैन ? यो कसरी “क्रमविकास” भयो ? होइन, मेरा मित्र, सहज बुद्धिले हामीलाई बताउँदछ कि हरेक रचनाको पछाडि एक रचनाकार हुन्छ। परमेश्वरलाई अस्वीकार गर्नु र क्रमविकासवादको सिद्धान्तमा घमण्ड गर्नुले तपाईंलाई नास्तिक होइन एक धार्मिक मानिस बनाइदिन्छ। तपाईंले एउटा मानव-केन्द्रित धर्म मान्नुहुन्छ जसलाई विश्वास गर्न बाइबलका सामान्य दाबीहरूलाई विश्वास गर्नभन्दा ठूलो विश्वास चाहिन्छ र तपाईंको धर्मले एडोल्फ हिटलर, खमेर रुजलगायत “उत्कृष्टचाहिँ बाँच्नेछ” भन्ने कुरालाई तार्किक निष्कर्ष बनाउने अन्य हरेक पागल मानिसका निरङ्कुशताहरूलाई सही ठहऱ्याउँदछ। यदि तपाईंको लागि मृत्युमा सबै कुरा टुङ्गिन्छ भने हिटलर उसले गरेको सबै कुरादेखि निर्दोष भयो र तपाईं पनि ऊभन्दा उत्तम हुनुहुन्न। किन आफैलाई विपत्तिबाट नबचाउने ?

सबै कटूक्तिलाई एकातिर राखौं, अनि परमेश्वर हुनुहुन्छ र न्यायको दिनमा तपाईं उहाँको सामु उभिनुहुनेछ। तपाईंको धर्म, तपाईंका वैज्ञानिक सिद्धान्तहरू र तपाईंको आफैलाई धर्मी ठान्ने नैतिकताले न्यायको दिनमा तपाईंलाई बचाउन सक्नेछैनन्। त्यो दिनमा सबैभन्दा महत्वपूर्ण प्रश्नहरू यी हुनेछन्: के तपाईं फेरि जन्मिनुभएको छ (फेरि जन्मिनु भनेको प्रभु येशू ख्रीष्टको व्यक्तित्व र काममाथिको विश्वासद्वारा अनुग्रहले तपाईंमा ख्रीष्टका आत्मालाई जन्माउनु हो - आत्मिक पुनर्जन्म, पुनः मानवरूप धारणको सिद्धान्तले झूटोरूपमा दाबी गर्ने शारीरिक पुनर्जन्म होइन) ? के तपाईंले आफूलाई परमेश्वरको सामु नम्र तुल्याउनुभएको छ ? के तपाईंले आफ्ना पापहरूको पश्चात्ताप गर्नुभएको छ ? के तपाईंले येशू ख्रीष्टमाथि मात्र विश्वास गरेर सित्तैंमा दिइने मुक्तिको उपहार पाउनुभएको छ ? बाइबल रोमी ५:८ मा भन्दछ कि "परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ कि हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।" रोमी १०:९-१० ले यसो भन्दछ, "यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्‍यौ भने र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकि धार्मिकताको निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिको निम्ति मुखले स्वीकार गरिन्छ।" मेरा मित्र, यही नै तपाईंको एकमात्र आशा हो र परमेश्वर यो प्रतिज्ञा गर्नुहुन्छ कि यदि तपाईंले उहाँलाई पुकार्नुभयो भने मात्र उहाँले तपाईंलाई बचाउनुहुनेछ। स्वर्ग जानको निम्ति पर्याप्त मात्रामा असल काम गर्ने प्रयास परमेश्वरको नजरमा एउटा अपराध हो जसले हाम्रो पापको निम्ति उहाँका पुत्रलाई बलिदान गर्नुभयो। हाम्रो असीमित ऋण पूर्णरूपमा तिरिदिइनुको र त्यसदेखि मुक्त पारिनुको दानलाई ग्रहण गर्न अस्वीकार गर्ने मानिस स्वार्थी मूर्ख हो।

के तपाईंले परमेश्वरका कुराहरूमा चाख लिनुहुन्छ ? तपाईं न्यायको दिनमा उहाँको सामु उभिनुहुनेछ। तपाईं उहाँको सामु दोषी भएर उभिनुहुनेछ कि निर्दोष बनेर ? क्षमा पाउने एकमात्र तरिका छ, र त्योचाहिँ येशू ख्रीष्टको व्यक्तित्व र कामद्वारा हो। अर्को कुनै बाटो छैन। परमेश्वर आत्मिक पहाडको टुप्पामा बस्नुहुन्न जहाँ उहाँसम्म पुग्ने धेरैवटा बाटोहरू हुन्छन्। येशू ख्रीष्ट नै **एकमात्र** बाटो हुनुहुन्छ (यशैया ४३:११; प्रेरित ४:१२)। उहाँ आफैले यो कुरा भन्नुभयो (यूहन्ना १४:६) र यसलाई प्रमाणित गर्नको लागि उहाँ मरेकाहरूबाट पुनर्जीवित हुनुभयो (प्रेरित १७:३१)।

पहिला नै उल्लेख गरिएअनुसार, यो पुस्तिकामा पवित्र बाइबलको अथोराइज्ड किङ्ग जेम्स संस्करणको नयाँ करारमा पाइने मर्कूसको सुसमाचारको सठीक र पूर्ण अंश छ जुन परमेश्वरको अभिप्रेरणाद्वारा लेखिएको थियो र शताब्दीऔंदेखि पूर्णरूपमा सुरक्षित

राखिएको छ । मर्कूसको सुसमाचारले येशू को हुनुहुन्थ्यो, उहाँ किन पृथ्वीमा आउनुभयो र किन हाम्रा प्रभु तथा मुक्तिदाताको रूपमा हामीलाई उहाँको खाँचो छ भन्ने कुरा हामीलाई प्रष्टरूपमा बताउँदछ ।

प्रभु येशूले उहाँको सांसारिक सेवकाइको अवधिमा प्रचार गर्नुभएका सुरुका शब्दहरूलाई विचार गर्नुहोस्: "**समय पूरा भएको छ र परमेश्वरको राज्य नजिकै आएको छ । तिमीहरूले पश्चात्ताप गर र सुसमाचारलाई विश्वास गर ।**" (मर्कूस १:१५) । हाम्रा सृष्टिकर्त्तासँग पुनर्मिलाप हुने एकमात्र तरिका भनेको परमेश्वरतर्फ पश्चात्ताप गर्नु र धर्ममाथि होइन तर प्रभु येशूले हाम्रो सट्टामा गरिदिनुभएको प्रायश्चितमाथि विश्वास गर्नु हो भनी उहाँले प्रचार गर्नुभयो (मर्कूस २:१७; ८:३४-३८; १०:४५) । पश्चात्ताप गर्नु भनेको तपाईंको जीवनमा दोष छ भन्ने परमेश्वरको फैसलासँग सहमत हुनु, आफ्नै फोस्रो कर्मले परमेश्वरलाई वा आफ्नै विवेकलाई खुसी पार्ने प्रयास गर्न छोड्नु र नम्रतापूर्वक आफ्ना पापदेखि सृष्टिकर्त्तातिर फर्किनु हो । समय नजिकै छ: पश्चात्ताप गर्नुहोस्, सुसमाचारलाई विश्वास गर्नुहोस्, किनकि यो संसारमाथि परमेश्वरले गर्नुहुने न्याय छिट्टै आउँदैछ । यदि प्रभु येशूको पालामा समय नजिकै थियो भने आज त्यो झन् कति नजिक होला ?

नरक र अनन्त विनाश साँचो हो, प्रिय मित्र । प्रभु येशूले स्वर्गको विषयमा भन्दा नरककै विषयमा धेरै प्रचार गर्नुभयो । मर्कूस ९ मा मात्र उहाँले यसलाई यस्तो ठाउँको रूपमा तीनपटक उल्लेख गर्नुहुन्छ, "जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन ।" प्रकाश २१:८ ले यसो भन्दछ: "तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाहिँ आगो र गन्धकले जलिरहेको कुण्डभित्र हुनेछ । यो दोस्रो मृत्यु हो ।" यो तपाईं र मलाई भनिएको हो, मेरा मित्र । परमेश्वरको व्यवस्था र तपाईंको विवेकले तपाईंलाई दोषी ठहऱ्याइसकेका छन् । त्यसैले, कसरी तपाईं नरकको विनाशदेखि उम्कन सक्नुहुन्छ ? धर्मद्वारा ? असल कर्महरूद्वारा ? पुण्यको कमाइद्वारा ? असम्भव ! तपाईंलाई एकजना उद्धारकर्त्ता चाहिन्छ, तपाईंको छुटकाराको मोल तिरिदिनुहुने जनको तपाईंलाई खाँचो छ । के यस्तो कोही हुनुहुन्छ ? परमेश्वरलाई महिमा होस्, "**किनकि मानिसका पुत्र पनि सेवा गरिन होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामको निम्ति आफ्नो प्राण अर्पण गर्न आए**" (मर्कूस १०:४५) ।

प्रिय मित्र, यी मानिसका पुत्र अर्थात् येशू ख्रीष्टले आफू नै शरीरमा प्रकट हुनुभएका परमेश्वर हुँ भनी दाबी गर्नुभयो । यूहन्ना १०:३० मा उहाँले भन्नुभयो, "म र मेरा पिता एकै हौं ।" प्रभु येशूले पृथ्वीमा छँदाखेरि उहाँ स्वर्गमा पनि हुनुभएको कुरा दाबी गर्नुभयो (यूहन्ना ३:१३) । परमेश्वरले मात्र यस्तो दाबी गर्न सक्नुहुन्छ । उहाँलाई

देखेकाहरूले परमेश्वर पितालाई देखेका थिए भनी उहाँले दाबी गर्नुभयो (यूहन्ना १४:८)। उहाँले यसो पनि भन्नुभयो, "म उही हुँ भनी तिमीहरूले विश्वास गरेनौ भने तिमीहरू आफ्नै पापहरूमा मर्नेछौ" (यूहन्ना ८:२४)। तर सायद सबैभन्दा आश्चर्यजनक तथा प्रष्ट दाबीचाहिँ यूहन्ना १४:६ मा छः "**बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन।**" यस्तो दाबी गर्नुभएर प्रभु येशू ख्रीष्टले सारमा सबै मानवनिर्मित धर्महरूलाई टिपेर फोहोरको थुप्रोमा फालिदिनुभयो। यदि तपाईंले यो पुस्तिका पढिरहनुभएको छ भने तपाईंले एउटा छनौट गर्नुपर्दछ। येशू ख्रीष्टले यूहन्ना १४:६ मा आफ्नो बारेमा सत्यता बताइरहनुभएको थियो कि उहाँ झूटो हुनुहुन्थ्यो ? यदि येशू ख्रीष्टले आफ्नो बारेमा झूट बोलिरहनुभएको भए उहाँ पृथ्वीमा अहिलेसम्म खुट्टा टेकेको सबैभन्दा ठूलो र दिग्भ्रमित मूर्ख हुनुहुन्थ्यो र उहाँका शिक्षाहरू महत्वहीन हुन्छन्। तर यदि उहाँले सत्यता बताइरहनुभएको थियो भने उहाँ नै मुक्ति पाइने **एकमात्र** बाटो हुनुहुन्छ।

सत्यताचाहिँ यो होः येशू ख्रीष्टले मरेकाहरूबाट बौरिउठ्ने भविष्यवाणी गर्नुभएपछि, उहाँले त्यसो नै गर्नुभएर आफ्नो बारेमा गर्नुभएका दाबीहरू साँचो थिए भनी प्रमाणित गर्नुभयो (मर्कूस ९:३१; १०:३४)। त्यसरी पुनर्जीवित हुनुभएका प्रभुलाई प्रत्यक्ष देख्ने साक्षीहरू ५०० जनाभन्दा बढी थिए (१ कोरिन्थी १५ हेर्नुहोस्) र मानिसले बनाएको कुनै पनि न्यायिक प्रणालीका नियमहरूले बताउँदछन् कि यदि प्रत्यक्षदर्शी साक्षीहरूले गवाही दिन्छन् र तिनीहरूका गवाही मेल खान्छन् भने, अनि यदि त्यो गवाही लेखिन्छ र उक्त लिखित गवाहीलाई उल्टाउने कुनै भरपर्दो प्रमाण पाउन सकिँदैन भने त्यो लिखित गवाही नै साँचो ठहरिन्छ र त्यसलाई बदर गर्न सकिँदैन। अर्को शब्दमा भन्नुपर्दा, येशू ख्रीष्ट मरेकाहरूबाट पुनर्जीवित हुनुभएको सत्यता संसारको कुनै पनि कानूनी अदालतमा साँचो ठहरिन्छ। अहिलेसम्म अरू कोही धार्मिक शिक्षक, भविष्यवक्ता वा गुरु पाप नगरीकन जिएको छैन, कसैले परमेश्वर हुँ भनी दाबी गरेको छैन (मर्कूस १:११; ९:७) र मरेकाहरूबाट बौरिएर उठी यस्ता दाबीहरूलाई प्रमाणित गरेको छैन। बुद्धले परमेश्वर हुँ भनी कहिल्यै पनि दाबी गरेनन्, तैपनि धेरैले तिनलाई पूजा गर्दछन्। महम्मदसँग दश आज्ञाहरू थिए र तिनले ती हरेक उल्लङ्घन गरे, तैपनि धेरैले तिनका शब्दहरूलाई परमेश्वरको वचनलाई भन्दा बढी आदर गर्दछन्। यसरी सबै धर्मगुरूहरू मरेका छन्। संसारमा मुक्तिको बाटो आफूसँग छ भनी दाबी गर्नेहरू धेरैजना आए, मरे र गाडिए। ती सबैजना आफ्ना पापहरूमै मरे र प्रभु येशूले जीवनको एकमात्र ढोका हुँ भनी दाबी गर्दै तिनीहरूलाई चोरहरू र डाँकूहरू भन्नुभयो (यूहन्ना १०:७-८)। तपाईंले छान्नुपर्दछः प्रभु येशू झूटो हुनुहुन्थ्यो कि उहाँ बाटो, सत्य र जीवन हुनुहुन्थ्यो ? उहाँको चिहान खाली छ र उहाँको लाश कहिल्यै भेट्टाइएको छैन किनभने उहाँ जीवित हुनुहुन्छ (मर्कूस १६:१६)। प्रकाश १:१८ मा येशू

भन्नुहुन्छः "अनि म जीवित नै हुँ, म मरेको थिएँ; अनि हेर, म सदासर्वदाको निम्ति जीवित छु, आमेन। अनि नरक र मृत्युका चाबीहरू मसँग छन्।"

कृपया पवित्र बाइबलबाट लिइएको मर्कूसको सुसमाचार पढ्नुहोस् जसलाई यो पुस्तिकामा नेपाली भाषामा विश्वासयोग्यतापूर्वक छापिएको छ। हृदय खुल्ला पारेर यसलाई पढ्नुहोस् र एकमात्र साँचो परमेश्वरसँग यो उहाँको वचनमा उहाँ स्वयम् नै तपाईंको सामु प्रकट भइदिनुहुन बिन्ती गर्नुहोस्। के तपाईंले आज प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहुन्छ ? तपाईंको आफ्नै धार्मिकता तपाईंलाई स्वर्ग पुऱ्याउन सक्ने गरी पर्याप्त मात्रामा असल हुँदैन र तपाईंको विवेकमा लेखिएको परमेश्वरको व्यवस्थाले तपाईंलाई दोषी ठहऱ्याइसकेको छ। तर तपाईं आफैमा असहाय हुनुभए तापनि, वास्तवमै आशाहीनचाहिँ हुनुहुन्न। रोमी ५:२० ले यसो भन्दछ, "अनि अपराध प्रशस्तै होस् भनेर व्यवस्था आयो; तर जहाँ पाप प्रशस्त भयो, त्यहाँ अनुग्रह झन् बढी प्रशस्त भयो।" उद्धारकर्त्ता नहुनुभएमा तपाईं असहाय हुनुहुन्छ, तर उद्धारकर्त्ता नै हुनुहुन्न भने मात्र तपाईं आशाहीन हुनुहुन्छ। येशू ख्रीष्ट नै संसारका उद्धारकर्त्ता हुनुहुन्छ (१ यूहन्ना २:१-२, ४:१४) र उहाँद्वारा मात्र तपाईंले अनुग्रह र सत्यता पाउन सक्नुहुन्छ (यूहन्ना १:१७)। किन नाश हुने ?

कोही पनि नष्ट होओस् भन्ने परमेश्वर चाहनुहुन्न, तर उहाँ एक मगन्ते पनि हुनुहुन्न। उहाँ त सारा पृथ्वीमा शासन गर्नुहुने महान् राजा हुनुहुन्छ (भजन सङ्ग्रह ४७:२)। अनि कुनै पनि धार्मिक क्रियाकलाप वा रीतिले तपाईंलाई नरक जानदेखि रोक्न सक्दैन वा परमेश्वरसँगको तपाईंको सम्बन्ध असल बनाइदिन सक्दैन। उहाँले मात्र त्यसो गर्न सक्नुहुन्छ र तपाईंले त्यसको चाहना गर्नुपर्दछ। तपाईंका मूर्तिहरू र खोक्रा धर्महरूदेखि फर्किनुहोस् अनि सामान्यरूपमा प्रभुसमक्ष आफ्नो पाप स्वीकार गर्नुहोस् र तपाईंलाई नरकदेखि बचाइदिन उहाँसँग बिन्ती गर्नुहोस्। तपाईंका पापहरूको दण्ड भोगिदिनुभएकोमा प्रभु येशूलाई धन्यवाद दिनुहोस् र उहाँले दिनुहुने अनन्त जीवनको उपहार ग्रहण गर्दछु भनी उहाँलाई भन्नुहोस्। त्यसपछि येशू ख्रीष्ट तपाईंको हृदयमा आउनुहुनेछ र उहाँले तपाईंलाई नयाँ जीवन दिनुहुनेछ जसरी उहाँले प्रतिज्ञा गर्नुभयो (मर्कूस १०:२९-३०)। प्रिय मित्र, फेरि जन्मिनुको अर्थ यही नै हो र प्रभु येशूले यसो भन्नुभयो, "कोही मानिस फेरि जन्मिएन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन" (यूहन्ना ३:३)।

अहिले नै येशू ख्रीष्टकहाँ जानुहोस् र उहाँको मुक्तिको सुसमाचारलाई विश्वास गर्नुहोस्। यही नै तपाईंको एकमात्र आशा हो। यो काम आज नै गर्नुहोस्, किनकि तपाईंले भोलिको दिन नदेख्न पनि सक्नुहुन्छ। मर्कूसको सुसमाचारदेखि सुरु गरेर बाइबल पढ्नुहोस् र परमेश्वरको वचनले जे भन्दछ, त्यही गर्नुहोस्। तपाईंले आफ्नो

हठ र मार्ग छोडेर प्रभु ख्रीष्टलाई पछ्याउनुभयो भने परमेश्वरले तपाईंलाई कहिल्यै पनि छोड्नुहुनेछैन वा त्याग्नुहुनेछैन ।

"न त अरू कसैमा मुक्ति छ; किनभने स्वर्गमुनि मानिसहरूका बीचमा अरू कुनै नाम दिइएको छैन, जसद्वारा हामीले मुक्ति पाउनुपर्दछ" (प्रेरित ४:१२) ।

"यदि हामीले यति ठूलो मुक्तिको वास्ता गरेनौं भने हामी कसरी उम्किन्छौं त ?" (हिब्रू २:३) ।

परमेश्वरले प्रभु ख्रीष्टमा उपलब्ध गराउनुभएको मुक्तिको माध्यमलाई अस्वीकार गर्नु भनेको परमेश्वरका पवित्र आत्माको निन्दा गर्नु हो जसले प्रभु येशूको गवाही दिनुहुन्छ (यूहन्ना १५:२६) । अनि "तर जसले पवित्र आत्माको विरोधमा निन्दा गर्दछ त्यसले कहिल्यै क्षमा पाउँदैन, तर त्यो अनन्त दण्डको खतरामा पर्दछ" (मर्कूस ३:२९) । प्रभु येशूको जमानाका धार्मिक अगुवाहरूले उहाँलाई दुष्ट आत्मा लागेको थियो भनी अस्वीकार गरेर पवित्र आत्माको निन्दा गरे । प्रभु येशू ख्रीष्टलाई अस्वीकार गरेर के तपाईंले पनि त्यसो नै गर्नुहुनेछ ?

निष्कर्षमा, मर्कूसको सुसमाचारमा रहेका येशू ख्रीष्टका थप वचनहरूलाई मनन गर्नुहोस्: **अनि उहाँले आफ्ना चेलाहरूसँगै मानिसहरूलाई बोलाएर भन्नुभयो, "मेरो पछि आउने इच्छा गर्नेले आफैलाई अस्वीकार गरोस्, आफ्नो क्रूस उठाओस् र मलाई पछ्याओस् ! किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ । तर जसले मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउँछ, उसैले त्यो बचाउनेछ । किनकि मानिसले सारा संसार प्राप्त गरे तापनि आफ्नो प्राणचाहिँ गुमाउँछ भने त्यसलाई के फाइदा हुनेछ र ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के देला र ? त्यसकारण यो व्यभिचारी र पापी पुस्तामा जो म र मेरा वचनहरूसँग लजाउनेछ, मानिसका पुत्र पनि पवित्र दूतहरूका साथमा आफ्ना पिताको महिमामा आउँदा त्योसँग लजाउनेछन् ।"** (मर्कूस ८:३४-३८)

रोजाइ तपाईंकै हो । के तपाईं यो जीवनमा प्रभु येशूसँग लजाउनुहुनेछ ? त्यसो भएमा उहाँ न्यायको दिनमा तपाईंसँग लजाउनुहुनेछ । कि तपाईंले आफ्ना सबै कर्महरू छोडेर केवल उहाँलाई पछ्याउनुहुनेछ ? त्यसो भएमा, **अनि येशूले जवाफ दिएर भन्नुभयो, "कोही यस्तो मानिस छैन, जसले मेरो र सुसमाचारको निम्ति घर वा दाजुभाइ वा दिदीबहिनी वा बुबा वा आमा वा श्रीमती वा छोराछोरी वा जग्गा–जमीनहरू त्यागेको छ, तर उसले अहिले, यसै समयमा सतावटहरूको साथसाथै सय गुणा बढी पाउनेछैन – घरहरू, दाजुभाइ, दिदीबहिनी, आमाहरू, छोराछोरीहरू र जग्गा–जमीनहरू, अनि आउने युगमा अनन्त जीवन ।"** (मर्कूस १०:२९-३०)

भ्रममा नपर्नुहोस्, प्रभु येशू ख्रीष्टलाई पछ्याउँदा यो जीवनमा साथीहरू र परिवारबाट सतावट आउनेछ। उहाँ आफैले यो कुराको भविष्यवाणी गर्नुभयो (मर्कूस १३:१३)। तर हामीले प्रभु येशू ख्रीष्टलाई पछ्यायौं भने "यस वर्तमान समयका दुःख-कष्टहरू त्यस महिमासँग तुलना गरिने योग्यका छैनन्, जो हामीमा प्रकट हुनेछ" (रोमी ८:१८) र "जसले अन्त्यसम्म सहनेछ, उसैको उद्धार हुनेछ" (मर्कूस १३:१३)।

अझै बढी जान्न चाहनुहुन्छ भने पढ्दै जानुहोस्....

# मर्कूसद्वारा लिखित सुसमाचार

## बप्तिस्मा दिने यूहन्नाको सेवा

**१** परमेश्वरका पुत्र, येशू ख्रीष्टको सुसमाचारको प्रारम्भ - २ जस्तो भविष्यवक्ताहरूमा* लेखिएको छ,

'हेर, म आफ्ना दूतलाई तिम्रो सामु पठाउँछु, जसले तिम्रो अघि तिम्रो बाटो तयार पार्नेछन् ।' ३ 'उजाडस्थानमा कराइरहनेको आवाज, "परमप्रभुको बाटो तयार पार, उहाँका गोरेटाहरू सीधा बनाओ ।"'

४ यूहन्नाले उजाडस्थानमा बप्तिस्मा दिए र पापहरूका क्षमाको निम्ति पश्चात्तापको बप्तिस्माको प्रचार गरे । ५ अनि सारा यहूदिया देश र यरूशलेमकाहरू तिनीकहाँ गए अनि सबैले आ-आफ्ना पापहरू स्वीकार गर्दै तिनीबाट यर्दन नदीमा बप्तिस्मा लिए । ६ अनि यूहन्नाले ऊँटको रौंको वस्त्र र कम्मरमा छालाको पटुका लगाएका थिए । अनि तिनले सलह र वनमह खान्थे, ७ अनि यसो भन्दै प्रचार गर्थे, 'मपछि मभन्दा शक्तिशाली एकजना आउनुहुन्छ, जसका जुत्ताको फित्ता निहुरेर फुकाउने लायकको म छैनँ ।' ८ वास्तवमा मैले त तिमीहरूलाई पानीले बप्तिस्मा दिएको छु, तर उहाँले तिमीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ ।"

## प्रभु येशूको बप्तिस्मा

९ अनि ती दिनहरूमा यस्तो भयो - येशू गालीलको नासरतबाट आउनुभयो र यूहन्नाबाट यर्दनमा बप्तिस्मा लिनुभयो । १० अनि पानीबाट माथि निस्किनासाथ उहाँले आकाश उघ्रिएको र आत्मालाई ढुकुरझैं आफूमाथि ओर्लंदै गर्नुभएका देख्नुभयो । ११ **अनि स्वर्गबाट एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, जससँग म अत्यन्तै प्रसन्न छु ।"** १२ अनि तुरुन्तै आत्माले उहाँलाई उजाडस्थानमा लैजानुभयो । १३ अनि उहाँ त्यस उजाडस्थानमा चालीस दिन रहनुभयो, त्यहाँ सैतानद्वारा परीक्षित हुनुभयो र वनपशुहरू-सित रहनुभयो अनि स्वर्गदूतहरूले उहाँको सेवा गरे ।

## गालीलमा गरिएको पहिलो सेवकाइ

१४ अब यूहन्नालाई कैदमा राखिएपछि येशू परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्दै गालीलमा आउनुभयो १५ र भन्नुभयो, "**समय पूरा भएको छ र परमेश्वरको राज्य नजिकै आएको छ । तिमीहरूले पश्चात्ताप गर र सुसमाचारलाई विश्वास गर ।**"

## प्रथम चेलाहरू पत्रुस र अन्द्रियासको बोलावट

१६ अब गालील समुद्रको किनारमा हिँड्दै गर्नुहुँदा उहाँले शिमोन र तिनका दाजु अन्द्रियासलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो, किनकि तिनीहरू जालहारी थिए । **१७ अनि येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू मेरोपछि लाग र म तिमीहरूलाई मानिसहरूका जालहारी बनाउनेछु ।"** १८ अनि तुरुन्तै तिनीहरू आफ्ना जालहरू छोडेर उहाँको पछि लागे । १९ अनि त्यहाँबाट अलि पर जानुभएपछि उहाँले जब्दीका छोरा याकूब र तिनका भाइ यूहन्नालाई देख्नुभयो, जसले पनि डुङ्गामा बसेर आफ्ना जालहरू तुनिरहेका थिए । २० अनि तुरुन्तै उहाँले तिनीहरूलाई बोलाउनुभयो । अनि तिनीहरू

*पवित्र बाइबलको पुरानो करारमा भएका भविष्यवक्ताहरूका पुस्तकमा । यहाँ बप्तिस्मा दिने यूहन्नाले यशैया ४० र मलाकी ३ बाट उद्दरण गरेका छन् ।

आफ्ना बुबा जब्दीलाई खेतालाहरूको साथमा डुङ्गामा छोडेर उहाँको पछि गए ।"

## येशूले कपर्नहुममा दुष्ट आत्माहरू धपाउनुहुन्छ

२१ अनि उहाँहरू कपर्नहुममा जानुभयो । अनि तुरुन्तै विश्रामदिनमा सिनघाघभित्र* पसेर उहाँले शिक्षा दिनुभयो । २२ अनि उहाँको शिक्षा सुनेर तिनीहरू छक्कै परे, किनकि उहाँले शास्त्रीहरूले जसरी होइन, तर अधिकार भएकोले जसरी तिनीहरूलाई शिक्षा दिनुभयो । २३ अनि तिनीहरूको सिनघाघमा अशुद्ध आत्मा लागेको एकजना मानिस थियो । ऊ यसो भन्दै करायो, २४ 'हे नासरतका येशू, हामीलाई एक्लै छोडिदिनुहोस् । तपाईसँग हाम्रो के सरोकार छ र ? के तपाईं हामीलाई नाश पार्न आउनुभएको हो ? तपाईं को हुनुहुन्छ भनी म तपाईंलाई चिन्दछु - परमेश्वरका पवित्र जन ।' २५ अनि येशूले त्यसलाई यसो भन्दै हकार्नुभयो, "चुप लाग् र त्यसबाट निस्की !" २६ अनि त्यो अशुद्ध आत्मा उसलाई मडारमुडुर पारेर ठूलो स्वरले चिच्च्याएपछि उसबाट निस्कियो । २७ अनि तिनीहरू सबै छक्क परे, यहाँसम्म कि तिनीहरूले यसो भन्दै आपसमा सोधासोध गरे, 'यो के हो ? यो कुन नयाँ शिक्षा हो ? किनकि उहाँले अधिकारसहित अशुद्ध आत्माहरूलाई समेत आज्ञा गर्नुहुन्छ र तिनीहरूले उहाँको आज्ञा पालन गर्दछन् ।' २८ अनि तुरुन्तै उहाँको कीर्ति गालील वरिपरिको सारा क्षेत्रभरि फैलियो ।

## पत्रुसकी सासू र अरू धेरैजना निको पारिए

२९ अनि सिनघाघबाट बाहिर निस्किनासाथ उहाँहरू याकूब र यूहन्नासित शिमोन र अन्द्रियासको घरभित्र पस्नुभयो । ३० तर शिमोनकी सासू ज्वरोले थलिएकी थिइन् । अनि तुरुन्तै तिनीहरूले उनको विषयमा उहाँलाई बताए । ३१ अनि उहाँ आउनुभयो र उनको हात समातेर उनलाई उठाउनुभयो । अनि तुरुन्तै ज्वरोले उनलाई छोडिहाल्यो र उनले उहाँहरूको सेवा गरिन् । ३२ अनि साँझमा, घाम अस्ताएपछि तिनीहरूले सबै बिरामीहरूलाई र दुष्ट आत्मा लागेकाहरूलाई उहाँकहाँ ल्याए । ३३ अनि सारा सहर नै ढोकामा भेला भएको थियो । ३४ अनि उहाँले विभिन्न रोगहरूले बिरामी भएका धेरैजनालाई निको पार्नुभयो, अनेकौं दुष्ट आत्माहरू धपाउनुभयो र ती दुष्ट आत्माहरूलाई बोल्न दिनुभएन, किनभने तिनीहरूले उहाँलाई चिन्दथे ।

## येशूले प्रार्थना गर्नुहुन्छ

३५ अनि बिहान, उज्यालो हुनुभन्दा धेरै पहिला नै उठेर उहाँ बाहिर निस्किनुभयो, अनि एउटा एकान्त स्थानमा जानुभयो र त्यहाँ प्रार्थना गर्नुभयो । ३६ अनि शिमोन र तिनको साथमा भएकाहरू उहाँको पछि लागे । ३७ अनि उहाँलाई भेट्टाएपछि तिनीहरूले उहाँलाई भने, "सबैले तपाईंलाई खोज्दैछन् ।" ३८ **अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "हामी अरू नगरहरूमा जाऔं, ताकि त्यहाँ पनि मैले प्रचार गरूँ, किनकि यसैको लागि म निस्की आएँ ।"** ३९ अनि उहाँले सारा गालीलभरि तिनीहरूका सिनघाघहरूमा प्रचार गर्नुभयो र दुष्ट आत्माहरू धपाउनुभयो ।

## एकजना कुष्ठरोगी निको पारियो

४० अनि एकजना कुष्ठरोगी उहाँसँग बिन्ती गर्दै, उहाँको सामु घुँडा टेक्दै र उहाँलाई यसो भन्दै उहाँकहाँ आयो, "तपाईंले इच्छा गर्नुभयो भने मलाई शुद्ध पार्न सक्नुहुन्छ ।" ४१ अनि येशूले टिठाएर हात पसारी त्यसलाई छुनुभयो र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी शुद्ध होऊ ।" ४२ अनि उहाँले बोल्नुभएबित्तिकै

*यहूदी संस्कृतिमा धार्मिक शिक्षाको निम्ति भेला हुने स्थान

तुरुन्तै त्यसबाट कुष्ठरोग हटिहाल्यो र त्यो शुद्ध पारियो । ४३ अनि उहाँले त्यसलाई कडा आज्ञा दिनुभयो र यसो भनेर तुरुन्तै पठाइहाल्नुभयो, ४४ "हेर, कसैलाई केही कुरा नभन्नू । तर जाऊ, आफूलाई पूजाहारीकहाँ देखाऊ र तिमी शुद्ध भएकोमा तिनीहरूका निम्ति साक्षी हुनलाई मोशाले आज्ञा गरेका कुराहरू चढाऊ ।" ४५ तर त्यसले गएर त्यस कुराको खूबै प्रचार गर्न र त्यसलाई चारैतिर फैलाउन थाल्यो, यहाँसम्म कि येशू फेरि त्यो सहरभित्र खुल्लमखुल्ला पस्न सक्नुभएन, तर उहाँ बाहिरै एकान्त ठाउँहरूमा बस्नुभयो । अनि चारैतिरबाट मानिसहरू उहाँकहाँ आए ।"

## पक्षाघात भएको मानिस निको पारियो

२ अनि फेरि केही दिनपछि उहाँ कपर्नहुममा पस्नुभयो र उहाँ त्यस घरभित्र हुनुहुन्छ भन्ने कुरा सुनियो । २ अनि तुरुन्तै धेरैजना भेला भए, यहाँसम्म कि तिनीहरू त्यहाँ अटाएनन् । तिनीहरूका निम्ति ढोकाको वरिपरि पनि ठाउँ रहेन । अनि उहाँले तिनीहरूलाई वचन प्रचार गर्नुभयो । ३ अनि तिनीहरू एकजना पक्षाघातको रोगीलाई लिएर उहाँकहाँ आए जसलाई चारजनाले बोकेका थिए । ४ अनि भीडको कारणले उहाँको नजिक आउन नसकेपछि तिनीहरूले उहाँ हुनुभएको घरको छाना उघारे र छेंड पारिसकेपछि तिनीहरूले त्यो पक्षाघातको रोगी पल्टिरहेको ओछ्यान नै तल ओराले । ५ तिनीहरूको विश्वास देखेर येशूले त्यो पक्षाघातको रोगीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू तिमीलाई क्षमा भए ।" ६ तर केही शास्त्रीहरूले त्यहाँ बसेर आ-आफ्ना हृदयमा यसरी विचार गरिरहेका थिए, ७ "यस मान्छेले किन यसरी परमेश्वरको निन्दा गर्दछ ? एक परमेश्वरले बाहेक अरू कसले पापहरू क्षमा गर्न सक्दछ र ?" ८ अनि तिनीहरूले आ-आफ्ना मनमा यसरी विचार गरिरहेका छन् भनी येशूले आफ्ना आत्मामा थाहा पाएर तुरुन्तै तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आ-आफ्ना हृदयमा यी कुराहरू सोच्दछौ ? ९ पक्षाघातको रोगीलाई 'तिम्रा पापहरू तिमीलाई क्षमा भए' भन्नु सजिलो हुन्छ कि 'उठ, आफ्नो ओछ्यान उठाऊ र हिँड' भन्नु ? १० **तर तिमीहरूलाई थाह होस् कि मानिसका पुत्रलाई पृथ्वीमा पापहरू क्षमा गर्ने अधिकार छ, (उहाँले पक्षाघातको रोगीलाई भन्नुभयो,)** ११ **म तिमीलाई भन्दछु, उठ र आफ्नो ओछ्यान उठाऊ र आफ्नो घरमा जाऊ ।"** १२ अनि तुरुन्तै ऊ उठ्यो, आफ्नो ओछ्यान उठायो र सबैको सामुन्नेबाट गयो, यहाँसम्म कि तिनीहरू सबैजना छक्क परे अनि यसो भन्दै परमेश्वरलाई महिमा दिए, "हामीले यस्तो त कहिल्यै पनि देखेका थिएनौं !"

## लेवी अर्थात् मत्तीको बोलावट

१३ अनि उहाँ फेरि समुद्रको किनारमा जानुभयो । अनि सारा भीड उहाँकहाँ आयो र उहाँले तिनीहरूलाई शिक्षा दिनुभयो । १४ अनि त्यहाँबाट जाँदै गर्नुहुँदा उहाँले अल्फयसका छोरा लेवीलाई महशूल उठाउने ठाउँमा बसिरहेका देख्नुभयो र तिनलाई भन्नुभयो, "मेरो पछि लाग ।" अनि तिनी उठे र उहाँको पछि लागे ।

१५ अनि यस्तो भयो - येशू तिनको घरमा खानको निम्ति बस्नुभएको बेलामा धेरैजना महशूल उठाउनेहरू र पापीहरू पनि येशू र उहाँका चेलाहरूसँगै बसे, किनकि त्यहाँ धेरैजना थिए र तिनीहरू उहाँको पछि लागे । १६ अनि उहाँलाई महशूल उठाउनेहरू र पापीहरूसँगै खानुभएको देखेर शास्त्री र फरिसीहरूले उहाँका चेलाहरूलाई भने, "कसरी तिनले महशूल उठाउनेहरू र पापीहरूसँग खान र पिउन सक्दछन् ?" १७ **अनि येशूले यो सुनेर तिनीहरूलाई भन्नुभयो, "निरोगीहरूलाई होइन, तर रोगीहरूलाई चिकित्सकको खाँचो पर्दछ । म धर्मीहरूलाई होइन,**

**तर पापीहरूलाई पश्चात्तापको निम्ति बोलाउन आएको हुँ ।"**

## पुरानो वस्त्र र पुरानो मस्सक

१८ अनि यूहन्नाका र फरिसीहरूका चेलाहरू उपवास बस्दथे । अनि तिनीहरूले आएर उहाँलाई भने, "किन यूहन्नाका र फरिसीहरूका चेलाहरू उपवास बस्दछन्, तर तपाईंका चेलाहरू उपवास बस्दैनन् ?" १९ अनि येशूले तिनीहरूलाई भन्नुभयो, "दुलहा साथमै हुँदा के दुलहाका साथीहरू उपवास बस्न सक्दछन् र ? दुलहा तिनीहरूका साथमा रहुञ्जेल तिनीहरू उपवास बस्न सक्दैनन् । २० तर ती दिनहरू आउनेछन् जब दुलहा तिनीहरूदेखि लगिनेछन् । अनि त्यसपछि ती दिनहरूमा तिनीहरू उपवास बस्नेछन् । २१ कुनै मानिसले पनि पुरानो लुगामा नयाँ कपडाको टालो हाल्दैन, नत्र त त्यहाँ राखिएको नयाँ टालोले पुरानो लुगालाई तान्छ र फटाइ झन् खराब पारिन्छ । २२ अनि कसैले पनि नयाँ दाखमद्य पुराना मस्सकहरूमा हाल्दैन, नत्र त नयाँ दाखमद्यले ती मस्सकहरू फुटाइदिन्छ र दाखमद्य पोखिन्छ अनि मस्सकहरू नष्ट हुनेछन् । तर नयाँ दाखमद्य नयाँ मस्सकहरूमा नै हालिनुपर्दछ ।"

## ख्रीष्ट विश्रामदिनका प्रभु हुनुहुन्छ

२३ अनि यस्तो भयो - उहाँ विश्रामदिनमा अन्नका बारीहरूको बाटो भएर जानुभयो । अनि उहाँहरू जाँदै गर्नुहुँदा उहाँका चेलाहरूले अन्नका बाला टिप्न थाले । २४ अनि फरिसीहरूले उहाँलाई भने, "हेर्नुहोस्, विश्राम दिनमा किन तिनीहरू जुन कुरा उचित हुँदैन त्यही गर्दछन् ?" २५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले खाँचोमा पर्दा अनि तिनी र तिनीसित भएकाहरू भोकाउँदा के गरे भनी के तिमीहरूले कहिल्यै पढेका छैनौ ? २६ कसरी तिनले अभाइयथार महापूजाहारीको पालामा परमेश्वरको भवनभित्र पसेर भेटीका रोटीहरू खाए, जुनचाहिँ पूजाहारी-हरूले बाहेक अरू कसैले खानु उचित हुँदैन, र आफूसँग भएकाहरूलाई पनि दिए ?" २७ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "विश्रामदिन मानिसको निम्ति बनाइएको हो, तर मानिस विश्रामदिनको निम्ति होइन । २८ यसकारण मानिसका पुत्र विश्रामदिनका पनि प्रभु हुन् ।"

## विश्रामदिनमा प्रभुले निको पार्नुभयो

**३** अनि उहाँ फेरि सिनघाघभित्र पस्नुभयो र त्यहाँ एउटा सुकेको हात भएको एकजना मानिस थियो । २ अनि उहाँले विश्रामदिनमा कहीँ त्यस मानिसलाई निको पार्नुहुन्छ कि भनी तिनीहरूले उहाँको चियो गरिरहेका थिए ताकि तिनीहरूले उहाँलाई दोष लगाउन सकून् । ३ अनि उहाँले त्यो सुकेको हात भएको मानिसलाई भन्नुभयो, "माझमा उभिऊ ।" ४ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "विश्रामदिनहरूमा भलाइ गर्नु उचित छ कि खराबी गर्नु ? प्राण बचाउनु कि मार्नु ?" तर तिनीहरू चुप रहे । ५ अनि तिनीहरूका हृदयको कठोरताको कारणले दुःखित भई उहाँले रिसाउँदै वरिपरि तिनीहरूलाई हेर्नुभएपछि त्यो मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार ।" अनि त्यसले पसाऱ्यो र त्यसको हात अर्कोजस्तै स्वस्थ्य पारियो । ६ अनि फरिसीहरू बाहिर गए र उहाँलाई कसरी नाश पारौं भनी उहाँको विरोधमा हेरोदीहरूसँग तुरुन्तै सल्लाह गरे ।

७ तर येशू आफै हटेर आफ्ना चेलाहरूसँग समुद्रतिर जानुभयो । अनि गालीलबाट आएको एउटा ठूलो भीडले उहाँलाई पछ्यायो । अनि यहूदियाबाट, ८ यरूशलेमबाट, इदुमियाबाट र यर्दनपारिबाट, साथै टायर र सिडोनको वरिपरिकाहरू, एउटा ठूलै भीड, उहाँले कति महान् कामहरू गर्नुभएको थियो भन्ने सुनेर उहाँकहाँ आए । ९ अनि भीडको कारणले गर्दा कहीँ तिनीहरूले उहाँलाई मिच्लान् कि भनेर उहाँको लागि एउटा सानो डुङ्गा तयार रहोस्

भनी उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो । १० किनकि उहाँले धेरैलाई निको पार्नुभएको थियो, यहाँसम्म कि रोगले पीडित भएका जतिले उहाँलाई छुनको निम्ति उहाँमाथि ठेलमठेल गर्दथे । ११ अनि उहाँलाई देख्दा अशुद्ध आत्माहरू उहाँको सामु भुइँमा घोप्टो परेर यसो भन्दै कराउँथे, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ ।" १२ अनि तिनीहरूले उहाँलाई नचिनाऊन् भनी उहाँले तिनीहरूलाई कडा आज्ञा दिनुभयो ।

## बाह्र प्रेरितहरू चुनिए

१३ अनि उहाँ डाँडामाथि जानुभयो र उहाँले इच्छा गर्नुभएकाहरूलाई बोलाउनुभयो, अनि तिनीहरू उहाँकहाँ आए । १४ अनि उहाँले बाह्रजनालाई नियुक्त गर्नुभयो ताकि तिनीहरू उहाँका साथमा रहून् र उहाँले तिनीहरूलाई प्रचार गर्न पठाउन सकून्, १५ अनि तिनीहरूले रोगहरू निको पार्ने र दुष्ट आत्माहरू धपाउने अधिकार पाऊन् – १६ अनि शिमोन, जसको नाम उहाँले पत्रुस राख्नुभयो । १७ अनि जब्दीका छोरा याकूब र याकूबका भाइ यूहन्ना, अनि उहाँले तिनीहरूलाई 'बोअनर्गेस' अर्थात् 'गर्जनका छोराहरू' भन्ने नाम दिनुभयो । १८ अनि अन्द्रियास, फिलिप, बार्थोलोमाइ, मत्ती, थोमा, अल्फयसका छोरा याकूब, थद्देयस, शिमोन कनानी १९ र यहूदा इस्करियोत, जसले उहाँलाई पक्राइ पनि दियो । अनि उहाँहरू एउटा घरभित्र जानुभयो । २० अनि भीड फेरि भेला भयो, यहाँसम्म कि उहाँहरूले रोटी खान पनि सक्नुभएन । २१ अनि यो कुरा सुनेपछि उहाँका साथीहरू उहाँलाई लिन गए, किनकि 'उहाँको होश ठेगानमा छैन' भनी तिनीहरू भन्दैथिए ।

## पवित्र आत्माको निन्दा

२२ अनि यरूशलेमबाट झरेका शास्त्रीहरूले चाहिँ यसो भने, "यससँग बेएजेबुल छ र दुष्ट आत्माहरूको शासकद्वारा यसले दुष्ट आत्माहरू धपाउँछ ।" २३ अनि उहाँले तिनीहरूलाई बोलाउनुभयो र दृष्टान्तहरूमा तिनीहरूलाई भन्नुभयो, "सैतानले सैतानलाई कसरी धपाउन सक्छ र ? २४ अनि कुनै राज्यमा आपसमै फाटो पर्‍यो भने त्यो राज्य अस्तित्वमा रहन सक्दैन । २५ अनि कुनै घरमा आपसमै फाटो पर्‍यो भने त्यो घर अस्तित्वमा रहन सक्दैन । २६ अनि सैतान आफ्नै विरोधमा उठ्यो र फुट्यो भने त्यो अस्तित्वमा रहन सक्दैन, तर त्यसको अन्त्य हुन्छ । २७ कसैले पनि बलियो मानिसको घरभित्र पस्न र उसका मालसामान लुट्न सक्दैन । त्यसले त पहिला त्यो बलियो मानिसलाई बाँध्नेछ, अनि त्यसपछि त्यसले उसको घर लुट्नेछ । **२८ म तिमीहरूलाई साँचो भन्दछु, मानिसहरूका सन्तानलाई सबै पापहरू र तिनीहरूले गर्ने हरेक परमेश्वरनिन्दा क्षमा गरिनेछन्, २९ तर जसले पवित्र आत्माको विरोधमा निन्दा गर्दछ त्यसले कहिल्यै क्षमा पाउँदैन, तर त्यो अनन्त दण्डको खतरामा पर्दछ ।" ३० किनभने 'त्यससँग अशुद्ध आत्मा छ' भनी तिनीहरू भन्दैथिए ।**

## एउटा नयाँ सम्बन्ध

३१ तब उहाँका भाइहरू र उहाँकी आमा आए अनि बाहिरै उभिएर उहाँलाई बोलाउन पठाए । ३२ अनि भीड उहाँको वरिपरि बस्यो र तिनीहरूले उहाँलाई भने, "हेर्नुहोस्, तपाईंकी आमा र तपाईंका भाइहरू बाहिर तपाईंलाई खोज्दैछन् ।" ३३ अनि उहाँले तिनीहरूलाई यसो भन्दै जवाफ दिनुभयो, "मेरी आमा वा मेरा भाइहरू को हुन् ?" **३४ अनि आफ्नो वरिपरि बस्नेहरूलाई चारैतिर हेरेर उहाँले भन्नुभयो, "हेर, मेरी आमा र मेरा भाइहरू ! ३५ किनकि जसले परमेश्वरको इच्छा पूरा गर्दछ, उही नै मेरो भाइ, मेरी बहिनी र आमा हुन् ।"**

## बीउ छर्नेको दृष्टान्त

**४** अनि उहाँले फेरि समुद्रको किनारमा शिक्षा दिन थाल्नुभयो । अनि एउटा ठूलो भीड उहाँकहाँ भेला भयो, जसले गर्दा उहाँ एउटा डुङ्गामा चढेर समुद्रमै बस्नुभयो । अनि सारा भीडचाहिँ समुद्रको किनारमा जमीनमाथि थियो । २ अनि उहाँले तिनीहरूलाई दृष्टान्तहरूद्वारा धेरै कुराहरू सिकाउनुभयो र आफ्नो शिक्षामा तिनीहरूलाई भन्नुभयो, ३ "सुन ! हेर, एकजना बीउ छर्ने मानिस बीउ छर्न गयो । ४ अनि यस्तो भयो - उसले बीउ छर्दाखेरि केही बाटोको किनारमा खसे, अनि आकाशका चराहरू आए र तिनलाई खाइदिए । अनि केही ढुङ्गेनी जमीनमा खसे, जहाँ तिनले धेरै माटो पाएनन् । अनि माटोको गहिराइ नभएको हुनाले ती तुरुन्तै उम्रिहाले, ६ तर घाम लागेपछि ती खारिए र जरा नभएको हुनाले ती सुकिहाले । ७ अनि केही काँडाहरूको बीचमा खसे । अनि काँडाहरू बढे र तिनलाई निसास्याइदिए । अनि तिनले फल फलाएनन् । ८ अनि केही असल जमीनमा खसे, अनि छिट्टै बढ्दै र फस्टाउँदै गएर तिनले फल फलाए अनि कसैले तीस, कसैले साठी र कसैले सय गुणा फल दिए ।" ९ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सुन्नलाई कानहरू हुनेले सुनोस् ।"

१० अनि उहाँ एक्लै हुनुहुँदा उहाँको वरिपरि ती बाह्रजनाका साथमा हुनेहरूले उहाँलाई यस दृष्टान्तको विषयमा सोधे । ११ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई परमेश्वरको राज्यको रहस्य जान्न दिइएको छ, तर बाहिर हुनेहरूका लागि यी सबै कुराहरू दृष्टान्तहरूमा गरिन्छन्, १२ ताकि 'हेर्दाखेरि तिनीहरूले देखून्, तर थाह नपाऊन्, अनि सुन्दाखेरि तिनीहरूले सुनून्, तर नबूझून्। नत्र त कुनै समयमा तिनीहरू फर्केलान् र तिनीहरूका पाप तिनीहरूलाई क्षमा होलान् ।'" १३ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू यो दृष्टान्त बुझ्दैनौ ? तब तिमीहरूले सबै दृष्टान्तहरू कसरी बुझ्नेछौ त ? १४ **बीउ छर्नेले वचन छर्दछ । १५ अनि बाटोको किनारमा भएकाहरू यी हुन्, जहाँ वचन छरिन्छ, तर तिनीहरूले सुनेपछि तुरुन्तै सैतान आउँछ र तिनीहरूका हृदयमा छरिएको वचन लैजान्छ । १६ अनि यही प्रकारले ढुङ्गेनी जमीनमा छरिएकाहरू यी हुन्, जसले वचन सुनेपछि तुरुन्तै त्यसलाई आनन्दपूर्वक ग्रहण गर्दछन् । १७ अनि तिनीहरू आफैमा जरा हुँदैन र त्यसैले तिनीहरू थोरै समयसम्म मात्र टिक्छन् । पछि वचनको कारणले कष्ट वा सतावट आइपर्दा तुरुन्तै तिनीहरूले ठेस खान्छन् । १८ अनि काँडाहरूको बीचमा छरिएकाहरूचाहिँ यी हुन्, जसले वचन सुन्छन्, १९ अनि यस संसारका चिन्ता-फिक्रीहरू, धनसम्पत्तिको धोका र अरू कुराहरूका अभिलाषाले भित्र पसेर वचनलाई निसास्याइदिन्छन् र ती फलहीन बन्छन् । २० अनि असल जमीनमा छरिएकाहरू यी हुन्, जसले वचन सुन्छन् र त्यसलाई ग्रहण गर्छन्, अनि फल फलाउँछन्, कसैले तीस, कसैले साठी र कसैले सय गुणा ।"**

## बत्तीको दृष्टान्त

२१ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "के बत्ती पाथीमुनि वा खाटमुनि राख्नलाई ल्याइन्छ ? अनि सामदानमाथि राख्नलाई होइन र ? २२ किनकि लुकेको कुनै कुरा छैन जो प्रकट गरिनेछैन, न त प्रकाशमा नआओस् भनेर कुनै कुरा नै गुप्त राखिएको थियो । २३ कसैसँग सुन्नलाई कान छन् भने त्यसले सुनोस् ।" २४ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले जे सुन्छौ त्यसमा ध्यान देओ, जुन नापले तिमीहरू नाप्दछौ त्यति नै तिमीहरूका निम्ति नापिनेछ, अनि तिमी सुन्नेहरूलाई बढी दिइनेछ । २५ किनकि जससँग छ उसलाई दिइनेछ र जससँग छैन ऊसँग भएको पनि ऊबाट लिइनेछ ।"

## गोप्य वृद्धि

२६ अनि उहाँले भन्नुभयो, "परमेश्वरको राज्य यस्तै हुन्छ - जस्तो कि एकजना मानिसले

जमीनमा बीउ छर्छ, २७ अनि सुत्छ र रातदिन
उठ्छ अनि बीउ उम्रन्छ र बढ्छ, प्रक्रिया उसले
जान्दैन । २८ किनकि पृथ्वी आफैले फल फलाउँछ
- पहिला पात, त्यसपछि बाला, त्यसपछि बालामा
पूरा अन्न । २९ तर फल लागेपछि तुरुन्तै उसले
हँसिया लगाउँछ, किनभने कटनीको बेला आएको
हुन्छ ।”

## रायोको बीउको दृष्टान्त

३० अनि उहाँले भन्नुभयो, “परमेश्वरको
राज्यलाई हामी केसँग तुलना गरौं ? अथवा
कुनचाहिँ दृष्टान्तसँग हामी यसलाई दाँजौं ?
३१ यो त रायोको एउटा दानाजस्तो हो जो
माटोमा छरिँदा पृथ्वीमा हुने सबै बीउहरूभन्दा
सानो हुन्छ, ३२ तर छरिएपछि यो बढ्छ र सबै
सागपातहरूभन्दा ठूलो हुन्छ अनि ठूला-ठूला
हाँगा हाल्छ जसले गर्दा आकाशका चराहरू
यसको छायामुनि वास बस्न सक्छन् ।”
३३ अनि तिनीहरूले सुन्न सकेसम्म उहाँले
यस्ता धेरै दृष्टान्तहरूद्वारा तिनीहरूलाई वचन
सुनाउनुभयो । ३४ तर बिनादृष्टान्त उहाँ
तिनीहरूसँग बोल्नुभएन । अनि उहाँहरू एकान्तमा
हुनुहुँदा उहाँले आफ्ना चेलाहरूलाई सबै कुरा-
हरूको अर्थ खोलिदिनुहुन्थ्यो ।

## प्रभुले आँधी शान्त पार्नुहुन्छ

३५ अनि त्यही दिन, साँझ परेपछि उहाँले
तिनीहरूलाई भन्नुभयो, “आओ, हामी पारिपट्टि
जाऔं ।” ३६ अनि भीडलाई बिदा दिएपछि
तिनीहरूले उहाँलाई उहाँ डुङ्गामा जसरी हुनुहुन्थ्यो
त्यसरी नै लिएर गए । अनि उहाँको साथमा
अरू स-साना डुङ्गाहरू पनि थिए । ३७ अनि
एउटा ठूलो आँधी चल्यो र छालहरू डुङ्गामाथि
बजारिए, जसले गर्दा त्यो अब पानीले भरियो ।
३८ अनि उहाँचाहिँ डुङ्गाको पछिल्लो भागमा
सिरानी राखेर सुत्नुभएको थियो । अनि तिनीहरूले
उहाँलाई बिउँझाए र भने, ‘गुरुज्यू, हामी नाश
भइरहेछौं भन्ने कुराको के तपाईं वास्ता गर्नुहुन्न ?’
३९ अनि उहाँले उठेर बतासलाई हकार्नुभयो र
समुद्रलाई भन्नुभयो, “चुप लाग् ! शान्त हो !”
४० अनि बतास थामियो र त्यहाँ ठूलो सन्नाटा
छायो । अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
“किन तिमीहरू यति साह्रै डराउँछौ ? कसरी
तिमीहरू विश्वास नै नभएका जस्ता हुन्छौ ?”
**४१ अनि तिनीहरूले साह्रै डराएर आपसमा भने,**
**‘यहाँ त कस्तो किसिमका मानिस हुनुहुँदो रहेछ,**
**यहाँसम्म कि बतास र समुद्रले समेत उहाँको**
**आज्ञा पालन गर्दा रहेछन् ?’**

## दुष्ट आत्माको फौज धपाइयो

५ अनि उहाँहरू समुद्रको पारिपट्टि गादारिनको
क्षेत्रमा आउनुभयो । २ अनि येशू डुङ्गाबाट
निस्किनुभएबित्तिकै अशुद्ध आत्मा लागेको
एकजना मान्छेले चिहानबाट आएर उहाँलाई
भेट्यो, ३ जसको बसाइचाहिँ चिहानहरूकै
बीचमा थियो, अनि कसैले पनि त्यसलाई
साङ्लाहरूले समेत बाँध्न सकेको थिएन ।
४ किनभने त्यसलाई धेरैपल्ट नेल र साङ्लाहरूले
बाँधिएको थियो, अनि त्यसद्वारा साङ्लाहरू
चुँडाइएका र नेलहरू टुक्रा-टुक्रा पारिएका थिए ।
अनि कसैले पनि त्यसलाई वशमा पार्न सकेको
थिएन । ५ अनि त्यो सधैंभरि, रातदिन चिच्च्याउँदै
र आफैलाई ढुङ्गाहरूले काट्दै डाँडाहरू र
चिहानहरूमा बस्दथ्यो । ६ तर टाढैबाट येशूलाई
देखेर त्यो दगुर्‍यो र त्यसले उहाँलाई दण्डवत्
गर्‍यो, ७ अनि ठूलो स्वरले चिच्च्याएर भन्यो, ‘हे
परमप्रधान परमेश्वरका पुत्र येशू, तपाईंसँग
मेरो के सरोकार छ र ? परमेश्वरको नाउँमा
म तपाईंलाई बिन्ती गर्दछु, तपाईंले मलाई पीडा
नदिनुहोस् ।’ ८ किनकि उहाँले त्यसलाई यसो
भन्नुभएको थियो, “ए अशुद्ध आत्मा, तँ त्यस
मान्छेबाट निस्की ।” ९ अनि उहाँले त्यसलाई
सोध्नुभयो, “तेरो नाम के हो ?” अनि त्यसले
यसो भन्दै जवाफ दियो, “मेरो नाम फौज हो,

किनकि हामी धेरै छौं ।” १० अनि उहाँले तिनीहरूलाई त्यो क्षेत्रबाट बाहिर नपठाऊन् भनी त्यसले उहाँलाई खूबै बिन्ती गर्‍यो । ११ अब त्यहाँ डाँडाहरूको छेवैमा सुँगुरहरूको एउटा ठूलो बगाल चरिरहेको थियो । १२ अनि ती सबै दुष्ट आत्माहरूले उहाँलाई यसो भन्दै बिन्ती गरे, “हामी ती सुँगुरहरूभित्र पस्न पाऔं भनेर हामीलाई तीभित्र पठाइदिनुहोस् ।” १३ अनि तुरुन्तै येशूले तिनीहरूलाई अनुमति दिनुभयो, अनि ती अशुद्ध आत्माहरू निस्किएर गई ती सुँगुरहरूभित्र पसे । अनि त्यो बगाल भीरबाट हुर्रिंदै दगुरेर समुद्रभित्र खस्यो, (ती लगभग दुई हजार थिए) र समुद्रभित्र निसास्सियो ।

१४ अनि सुँगुर चराउनेहरूचाहिँ भागे, अनि त्यो कुरा सहरमा र बस्तीमा सुनाए । अनि तिनीहरू के गरिएको थियो भन्ने हेर्नलाई निस्किए । १५ अनि तिनीहरू येशूकहाँ आए र त्यस मान्छेलाई बसिरहेको, लुगा लगाएको र ठीक होशमा भएको देखे, जसलाई दुष्ट आत्मा लागेको थियो र जसमा त्यो फौज थियो, अनि तिनीहरू डराए । १६ अनि त्यो देख्नेहरूले त्यस दुष्ट आत्मा लागेको मान्छेमाथि कसरी त्यस्तो हुनआयो भन्ने कुरा र सुँगुरहरूको विषयमा पनि तिनीहरूलाई बताइदिए । १७ अनि तिनीहरूले उहाँलाई तिनीहरूका समुद्रीतटहरू-बाट गइदिन बिन्ती गर्न लागे । १८ अनि उहाँ डुङ्गामा चढ्नुभएपछि त्यो दुष्ट आत्मा लागेको मान्छेले उहाँसँगै रहन पाऊँ भनी उहाँसँग बिन्ती गर्‍यो । १९ **तैपनि येशूले त्यसलाई अनुमति दिनुभएन, तर त्यसलाई भन्नुभयो, “घरमा आफ्ना साथीहरूकहाँ जाऊ, अनि प्रभुले तिम्रो निम्ति कति ठूला-ठूला कामहरू गर्नुभयो र तिमीप्रति कस्तो दया देखाउनुभयो भनी तिनीहरूलाई भन ।** २० अनि त्यो गयो र येशूले त्यसको निम्ति कति ठूला-ठूला कामहरू गर्नुभएको थियो भनी देकापोलिसमा प्रचार गर्न थाल्यो, अनि सबैजना छक्क परे ।

## रगत बग्ने स्त्री र याइरसकी छोरी

२१ अनि येशू डुङ्गामा चढेर फेरि पारिपट्टि पुग्नुहुँदा एउटा ठूलो भीड उहाँकहाँ भेला भयो, अनि उहाँ समुद्रको किनारमा हुनुहुन्थ्यो । २२ अनि हेर, सिनघाघका शासकहरूमध्ये याइरस नाम भएका एकजना आए, अनि उहाँलाई देखेर तिनी उहाँका पाउमा घोप्टो परे, २३ अनि यसो भन्दै उहाँसँग अत्यन्त बिन्ती गरे, ‘मेरी सानी छोरी मर्नै आँटेकी छ । आउनुहोस् र ऊ निको होओस् भनी उसमाथि आफ्ना हात राखिदिनुहोस्, अनि ऊ बाँच्नेछ ।’ २४ अनि येशू तिनीसँग जानुभयो, अनि धेरै मानिसहरूले उहाँलाई पछ्याए र उहाँको वरिपरि घुँइचो लागे । २५ अनि बाह्र वर्षदेखि रगत बग्ने रोग लागेको कुनै एउटी स्त्री थिई, २६ जसले अनेकौं वैद्यहरूबाट धेरै दुःख भोगेकी थिई, आफूसँग भएजति सबै खर्च गरेकी थिई र केही पनि लाभ भएको थिएन, तर झन् खराब भएको थियो । २७ येशूको विषयमा सुनेपछि, उसले भीडमा पछिल्तिर आएर उहाँको वस्त्र छोई । २८ किनकि ऊ भन्दैथिई, “मैले उहाँको वस्त्र मात्र छोएँ भने पनि म निको हुनेछु ।” २९ अनि तुरुन्तै उसको रगतको धारा सुकिहाल्यो र उसले आफू त्यस रोगबाट निको भएको कुरा आफ्नो शरीरमा थाहा पाई । ३० अनि येशूले आफूबाट त्यो सामर्थ्य निस्किएको तुरुन्तै आफूभित्र थाहा पाएर भीडमा पछिल्तिर फर्केर भन्नुभयो, “कसले मेरा लुगा छोयो ?” ३१ अनि उहाँका चेलाहरूले उहाँलाई भने, “तपाईंको वरिपरि घुँइचो लागेको भीड त तपाईंले देख्नुभएकै छ, अनि तपाईं भन्नुहुन्छ, ‘कसले मलाई छोयो ?’” ३२ अनि जसले यो कुरा गरेकी थिई, उसलाई हेर्न उहाँले चारैतिर नजर लगाउनुभयो । ३३ तर त्यो स्त्री, आफूभित्र जे भएको थियो, सो थाहा पाएर डराउँदै र काम्दै आई, अनि उहाँको अघिल्तिर भुइँमा घोप्टो परेर उसले उहाँलाई सबै सत्य कुरा बताई । ३४ **अनि उहाँले उसलाई भन्नुभयो,**

**“छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ । शान्तिसित जाऊ र तिम्रो रोगबाट निको होऊ ।”** ३५ उहाँ बोलिरहनुहुँदा नै सिनघाघका शासककहाँबाट मानिसहरू आए र भने, “तपाईंकी छोरी त मरिन् । गुरुज्यूलाई तपाईं किन अझै दुःख दिनुहुन्छ ?” ३६ येशूले त्यो बोलिएको कुरा सुन्नासाथ त्यस सिनघाघका शासकलाई भन्नुभयो, “नडराऊ, विश्वास मात्र गर ।” ३७ अनि उहाँले पत्रुस, याकूब र याकूबका भाइ यूहन्नालाई बाहेक अरू कसैलाई आफ्नो पछि आउन दिनुभएन । ३८ अनि उहाँ सिनघाघका शासकको घरमा आउनुभयो, अनि खैलाबैला, साथै रुने र भारी बिलाप गर्नेहरूलाई देख्नुभयो । ३९ अनि भित्र पस्नुभएपछि उहाँले तिनीहरूलाई भन्नुभयो, “किन तिमीहरू खैलाबैला गर्छौ र रुन्छौ ? यो सानी केटी मरेकी छैन, तर निदाएकी छ ।” ४० अनि तिनीहरू उहाँलाई खिसी गरेर हाँसे । तर सबैलाई बाहिर निकाल्नुभएपछि उहाँ ती सानी केटीका बुबा र आमा अनि आफूसँग भएकाहरूलाई साथमा लिएर ती सानी केटी पल्टिरहेकी ठाउँमा पस्नुभयो । ४१ अनि उहाँले ती सानी केटीको हात समातेर उनलाई भन्नुभयो, ‘तलिथा कूमी” जसको अर्थ हो, ‘ए सानी केटी, म तिमीलाई भन्छु, उठ ।’ ४२ अनि तुरुन्तै त्यो सानी केटी उठी र हिँडी, किनकि ऊ बाह्र वर्षकी थिई । अनि तिनीहरू अत्यन्त छक्क परे । ४३ अनि यो कुरा कसैले पनि थाहा नपाओस् भनी उहाँले तिनीहरूलाई कडा आज्ञा दिनुभयो, अनि उसलाई केही खानेकुरा दिइयोस् भनी आज्ञा दिनुभयो ।

## प्रभु येशूलाई नासरतमा अस्वीकार गरियो

६ अनि उहाँ त्यहाँबाट निस्किनुभयो र आफ्नै क्षेत्रमा आउनुभयो । अनि उहाँका चेलाहरूले उहाँलाई पछ्याए । २ अनि विश्रामदिन आएपछि उहाँले सिनघाघमा शिक्षा दिन थाल्नुभयो र सुन्नेहरू धेरैजनाले छक्क पर्दै यसो भने, ‘यी मानिसले यी कुराहरू कहाँबाट पाए ? अनि यिनलाई दिइएको यो के बुद्धि हो, कि यिनका हातहरूद्वारा यस्ता सामर्थ्यका कामहरू पनि गरिन्छन् ? ३ के यिनी ती सिकर्मी, मरियमका छोरा, अनि याकूब, योसेस, यहूदा र शिमोनका दाजु होइनन् र ? अनि के यिनका बहिनीहरू यहाँ हामीसँग छैनन् र ?’ अनि तिनीहरू उहाँसँग चिढिए । ४ तर येशूले तिनीहरूलाई भन्नुभयो, “भविष्यवक्ता आफ्नै क्षेत्रमा, आफ्नै नातेदारका बीचमा र आफ्नै घरमा बाहेक अन्यत्र कहीँ पनि आदररहित हुँदैनन् ।” ५ अनि उहाँले त्यहाँ केही बिरामीहरूमाथि आफ्ना हात राखी तिनीहरूलाई निको पार्नुबाहेक अरू कुनै सामर्थ्यको काम गर्न सक्नुभएन । ६ अनि तिनीहरूको अविश्वासको कारण उहाँ छक्क पर्नुभयो । अनि उहाँ शिक्षा दिँदै गाउँहरूभरि घुम्नुभयो ।

## बाह्रजना प्रेरितहरू प्रचार गर्न पठाइए

७ अनि उहाँले बाह्रजनालाई बोलाउनुभयो र दुई-दुईजना गरी तिनीहरूलाई पठाउन थाल्नुभयो । अनि तिनीहरूलाई अशुद्ध आत्माहरूमाथि अधिकार दिनुभयो, ८ अनि तिनीहरूलाई यात्राको निम्ति एउटा लौरोबाहेक अरू केही नबोक्नू भन्ने आज्ञा दिनुभयो - न झोला, न रोटी, न त थैलीमा पैसा, ९ तर जुत्ता लगाउनू र दुईवटा दौरा नलगाउनू । **१० अनि उहाँले तिनीहरूलाई भन्नुभयो, “जुनसुकै ठाउँमा तिमीहरू कुनै घरमा पसौला, त्यस ठाउँबाट नहिँडिञ्जेल त्यहीँ बस । ११ अनि जसले तिमीहरूलाई ग्रहण नगर्ला र तिमीहरूका वचन नसुन्ला, त्यहाँबाट हिँड्ने बेलामा तिनीहरूको विरोधमा साक्षी हुनलाई तिमीहरूका पाउमुनिका धूलो टकटक्याइदेओ । म तिमीहरूलाई साँचो भन्दछु, न्यायको दिनमा सदोम र गमोराको अवस्थाचाहिँ त्यस सहरको भन्दा बढी सहन सकिने हुनेछ ।” १२ अनि तिनीहरू निस्की गए र**

**मानिसहरूले पश्चात्ताप गर्नुपर्छ भनी प्रचार गरे ।**
१३ अनि तिनीहरूले धेरै दुष्ट आत्माहरू धपाए,
अनि धेरै बिरामीहरूलाई तेल घसिदिए र निको
पारे ।

## बप्तिस्मा दिने यूहन्नाको हत्या

१४ अनि हेरोद राजाले उहाँको विषयमा सुने,
(किनकि उहाँको नाम प्रसिद्ध भएको थियो)
अनि तिनले भने, "ती बप्तिस्मा दिने यूहन्ना
मरेकाहरूबाट बौराएर उठाइएछन् र त्यसैकारण
सामर्थ्यका कार्महरूले आफैलाई तिनमा प्रकट
गर्दछन् ।" १५ अरूले भने, "तिनी त एलिया
हुन् ।" अनि अरूले भने, "तिनी त भविष्यवक्ता
हुन्, अथवा भविष्यवक्ताहरूमध्ये कुनै एकजना
जस्तै हुन् ।" १६ तर यो सुनेपछि हेरोदले भने,
"यिनी यूहन्ना नै हुन्, जसको टाउको मैले
काटिदिएथेँ । तिनी मरेकाहरूबाट बौराइएका
छन् !" १७ किनकि हेरोद आफैले आफ्ना भाइ
फिलिपकी पत्नी हेरोदियासको कारणले यूहन्ना-
लाई पक्रन पठाएका र तिनलाई झ्यालखानामा
बाँधेर राखेका थिए, किनकि तिनले उनलाई
विवाह गरेका थिए । १८ किनकि यूहन्नाले
हेरोदलाई भनेका थिए, 'तपाईंले आफ्नो भाइकी
पत्नी राख्नु उचित छैन ।' १९ त्यसकारण
हेरोदियासले तिनीप्रति इबी राखेकी थिइन् र
तिनलाई मार्न चाहन्थिन्, तर सकेकी थिइनन् ।
२० किनकि यूहन्ना धर्मी मानिस र पवित्र जन
थिए भन्ने थाहा पाएर हेरोद तिनीसँग डराउँथे
र तिनको निगरानी राख्थे । अनि तिनको वचन
सुनेर तिनले धेरै कुराहरू गरे र खुसीसाथ
तिनको वचन सुने ।

२१ अनि एउटा अनुकूल दिन आएपछि हेरोदले
आफ्नो जन्मदिनमा आफ्ना उच्च पदाधिकारीहरू,
मुख्य कप्तानहरू र गालीलका अधिकारीहरूलाई
रात्रीभोज दिए । २२ अनि त्यही हेरोदियासकी
छोरीले भित्र आएर नाची हेरोद र तिनीसँग
बसेकाहरूलाई खुसी पारेपछि राजाले त्यो सानी
केटीलाई भने, "तिमी जे चाहन्छ्यौ, सो मसँग
माग र म तिमीलाई त्यो दिनेछु ।" २३ अनि
तिनले त्यससँग कसम खाए, "तिमीले मसँग
जेसुकै मागे पनि, मेरो आधा राज्यसम्म, म
तिमीलाई दिनेछु ।" २४ अनि त्यो बाहिर गई र
आफ्नी आमालाई भनी, "म के मागूँ ?" अनि
उनले भनिन्, "बप्तिस्मा दिने यूहन्नाको
टाउको ।" २५ अनि तुरुन्तै त्यसले हत्तारिँदै
भित्र राजाकहाँ आएर यसो भन्दै मागी, "म
इच्छा गर्दछु कि हजुरले झट्टै मलाई एउटा
थालमा बप्तिस्मा दिने यूहन्नाको टाउको
दिनुहोस् ।" २६ अनि राजा अत्यन्तै दुःखित भए ।
तैपनि आफ्नो कसम र आफूसँगै बसेकाहरूको
कारणले गर्दा तिनले त्यसलाई अस्वीकार गर्ने
इच्छा गरेनन् । २७ अनि तुरुन्तै ती राजाले
एकजना जल्लादलाई पठाए र तिनको टाउको
ल्याइयोस् भनी हुकुम गरे । अनि त्यसले गएर
झ्यालखानामा तिनको टाउको काट्यो,
२८ अनि त्यसले तिनको टाउको एउटा थालमा
ल्यायो र त्यो सानी केटीलाई त्यो दियो । अनि
त्यो केटीले चाहिँ त्यो आफ्नी आमालाई दिई ।
२९ अनि यो कुरा सुनेपछि तिनका चेलाहरू
आए र तिनको लाश उठाए, अनि त्यसलाई
एउटा चिहानमा राखे ।

## प्रभुले पाँच हजारजनालाई खुवाउनुभयो

३० अनि प्रेरितहरू आफै येशूकहाँ भेला भए,
अनि तिनीहरूले जे-जे गरेका र जे-जे शिक्षा
दिएका थिए, ती सबै कुरा उहाँलाई बताए ।
३१ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू
आफै अलग भएर एउटा एकान्त स्थानमा आओ
र केहीबेर विश्राम गर ।" किनकि त्यहाँ आउने-
जानेहरू धेरै थिए र उहाँहरूले खाने समय पनि
पाउनुहुन्नथ्यो । ३२ अनि उहाँहरू सुटुक्क डुङ्गामा
चढेर एउटा एकान्त स्थानमा जानुभयो ।
३३ अनि मानिसहरूले उहाँहरू जान लाग्नुभएको
देखे र धेरैले उहाँलाई चिनिहाले, अनि सबै
सहरहरूबाट पैदलै त्यतातिर दगुरे र उहाँहरूलाई

उछिने, अनि उहाँकहाँ भेला भइहाले । ३४ अनि
बाहिर निस्किनुहुँदा येशूले धेरै मानिसहरू
देख्नुभयो र तिनीहरूप्रति दयाले भरिनुभयो,
किनभने तिनीहरू गोठाला नभएका भेडाहरू-
जस्ता थिए । अनि उहाँले तिनीहरूलाई धेरै
कुराहरू सिकाउन थाल्नुभयो । ३५ अनि दिन
धेरै बितिसकेपछि उहाँका चेलाहरूले उहाँकहाँ
आएर भने, 'यो एउटा एकान्त स्थान हो र
समय धेरै बितिसकेको छ । ३६ तिनीहरूलाई
पठाइदिनुहोस् ताकि तिनीहरूले वरिपरिको क्षेत्र
र गाउँहरूमा गई आफ्ना निम्ति रोटी किनून् ।
किनकि तिनीहरूसँग खानको लागि केही पनि
छैन ।" ३७ उहाँले तिनीहरूलाई जवाफ दिएर
भन्नुभयो, "तिमीहरूले नै यिनीहरूलाई खान
देओ ।" अनि तिनीहरू उहाँलाई भन्दैछन्, "के
हामी गएर दुई सय दीनारका रोटी किनौं र
यिनीहरूलाई खान दिऔं ?" ३८ उहाँले
तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग कतिवटा
रोटी छन् ? जाओ र हेर ।" अनि थाहा भएपछि
तिनीहरू भन्दैछन्: "पाँचवटा, अनि दुईवटा
माछा ।" ३९ अनि सबैलाई दल-दल गरी हरियो
घाँसमाथि बसाउन उहाँले तिनीहरूलाई आज्ञा
दिनुभयो । ४० अनि तिनीहरू सय-सय र पचास-
पचासजनाका पङ्क्तिमा बसे । ४१ अनि ती
पाँचवटा रोटी र दुईवटा माछा लिएपछि उहाँले
स्वर्गतिर हेर्नुभयो, अनि आशिष् दिनुभयो र रोटी
भाँच्नुभयो, अनि तिनीहरूका सामु राखिदिन
आफ्ना चेलाहरूलाई ती दिनुभयो । अनि ती
दुईवटा माछा पनि उहाँले सबैलाई बाँडिदिनुभयो ।
४२ अनि ती सबैले खाए र अघाए । ४३ अनि
तिनीहरूले बाह्र डालाभरि टुक्राहरू र माछाहरू
उठाए । ४४ अनि ती रोटीबाट खानेहरू लगभग
पाँच हजार पुरुष थिए ।

## प्रभु येशू समुद्रमाथि हिँड्नुहुन्छ

४५ अनि उहाँले मानिसहरूलाई बिदा दिँदै
गर्नुहुँदा आफ्ना चेलाहरूलाई तुरुन्तै डुङ्गामा चढ्न
र अघि-अघि पारिपट्टि बेथसैदतिर जान कर
लगाउनुभयो । ४६ अनि तिनीहरूलाई बिदा
दिइसकेपछि उहाँ प्रार्थना गर्न एउटा डाँडामा
जानुभयो । ४७ अनि साँझ पर्दा त्यो डुङ्गा
समुद्रको माझमा थियो र उहाँ एक्लै जमीनमा
हुनुहुन्थ्यो । ४८ अनि उहाँले तिनीहरूलाई
मेहनतसाथ खियाइरहेका देख्नुभयो, किनकि
बतास तिनीहरूको विपरीत चलिरहेको थियो ।
अनि रातको चौथो पहरतिर उहाँ समुद्रमाथि
हिँड्दै तिनीहरूकहाँ आउनुभयो र तिनीहरूलाई
उछिनेर जाने इच्छा गर्नुभयो । ४९ तर उहाँलाई
समुद्रमाथि हिँडिरहनुभएको देख्दा तिनीहरू त्यो
भूत थियो भन्ने ठानेर चिच्च्याए । ५० किनकि
तिनीहरू सबै उहाँलाई देखेर आत्तिए । अनि
तुरुन्तै उहाँ तिनीहरूसँग बोल्नुभयो र तिनीहरू-
लाई भन्नुभयो, "साहस गर ! मै हुँ, नडराओ ।"
५१ अनि उहाँ डुङ्गामा तिनीहरूकहाँ जानुभयो र
बतास थामियो । अनि तिनीहरू आफैमा
असीमित रूपमा छक्क परे र अचम्भित भए ।
५२ किनकि तिनीहरूले रोटीहरूको विषयमा
बुझेनन्, किनकि तिनीहरूको हृदय कठोर भएको
थियो ।

## धेरैजनाले उहाँलाई छुन्छन् र तिनीहरू निको पारिन्छन्

५३ अनि पारि तर्नुभएपछि उहाँहरू गनेसरेतको
क्षेत्रमा आइपुग्नुभयो र डुङ्गा किनारमा तान्नुभयो ।
५४ अनि उहाँहरू डुङ्गाबाट निस्किनुभएबित्तिकै
तिनीहरूले उहाँलाई चिनिहाले, ५५ अनि तिनीहरू
वरिपरिको सारा इलाकाभरि दगुरे र तिनीहरूले
उहाँ जहाँ हुनुहुन्छ भनी सुन्थे, त्यहाँ बिरामी-
हरूलाई खाटहरूमा बोकेर ल्याउन थाले ।
५६ अनि उहाँ जुन-जुन गाउँहरू, सहरहरू वा
बस्तीहरूमा पस्नुहुन्थ्यो, त्यहाँ-त्यहाँ तिनीहरूले
बिरामीहरूलाई सडकहरूमा राखिदिन्थे र उहाँको
वस्त्रको किनार मात्र भए पनि तिनीहरूले छुन
पाऊन् भनी उहाँसँग बिन्ती गर्थे । अनि जतिले
उहाँलाई छोए, तिनीहरू निको पारिए ।

## अशुद्धता भित्रैबाट आउँदछ

**७** तब फरिसीहरू र यरूशलेमबाट आएका
केही शास्त्रीहरू उहाँकहाँ भेला भए । २ अनि
उहाँका केही चेलाहरूले अशुद्ध अर्थात् नधोइएका
हातले रोटी खाएका देख्दा तिनीहरूले दोष
भेट्टाइहाले । ३ किनकि फरिसीहरू र सबै
यहूदीहरूले प्राचीनहरूको रीति पालन गर्दै राम्ररी
हात नधोएसम्म खाँदैनन् । ४ अनि बजारबाट
आएपछि ननुहाएसम्म तिनीहरूले खाँदैनन् । अनि
पालन गर्नको निम्ति तिनीहरूले पाएका अरू
पनि धेरै कुराहरू छन्, जस्तै - कचौरा, लोहोटा,
पित्तलका भाँडाबर्तन र टेबुलहरू धुनु । ५ तब
फरिसी र शास्त्रीहरूले उहाँलाई सोधे, 'किन
तपाईंका चेलाहरू प्राचीनहरूको रीतिअनुसार
हिँड्दैनन्, तर नधोइएका हातले रोटी खान्छन् ?'
**६ उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो,**
**"यशैयाले तिमी कपटीहरूका विषयमा ठीक**
**भविष्यवाणी गरेका छन्, जस्तो लेखिएको छः**

**'यस जातिले आफ्ना ओठले त मलाई आदर**
**गर्दछ, तर यिनीहरूको हृदय मदेखि टाढा**
**छ । ७ तैपनि मानिसहरूका आज्ञाहरूलाई**
**सत्य सिद्धान्तहरूझैं सिकाउँदै यिनीहरू व्यर्थमा**
**मेरो आराधना गर्दछन् ।'**

८ किनकि परमेश्वरको आज्ञा पर सारेर
तिमीहरू मानिसहरूका रीति पालन गर्दछौ,
जस्तै - लोहोटा र कचौराहरू धुनु, र यस्तै
किसिमका अरू धेरै कुराहरू तिमीहरू गर्दछौ ।"
९ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू
आफ्नो रीति पालन गर्नको लागि परमेश्वरको
आज्ञालाई पूर्णरूपमा अस्वीकार गर्दछौ ।
१० किनकि मोशाले भने, 'आफ्ना बुबा र आफ्नी
आमालाई आदर गर,' अनि 'जसले बुबा वा
आमालाई सराप्छ, त्यो मारियोस् ।' ११ तर
तिमीहरू भन्दछौ, 'कुनै मानिसले आफ्ना बुबा
वा आमालाई "मबाट तपाईंलाई जे फाइदा
हुनेथ्यो, त्योचाहिँ 'कुरबान' अर्थात् उपहार भएको
छ" भन्ला त्यो स्वतन्त्र हुनेछ ।' १२ अनि
तिमीहरूले त्यसलाई उसका बुबा वा उसकी
आमाको निम्ति फेरि केही गर्न दिँदैनौ ।
१३ तिमीहरूले सुम्पिएका तिमीहरूको रीतिद्वारा
तिमीहरू परमेश्वरको वचनलाई बेकम्मा
तुल्याउँछौ । अनि यस्तै किसिमका धेरै कुराहरू
तिमीहरू गर्दछौ ।"

## मानिसका हृदयको अवस्था

१४ अनि उहाँले सारा मानिसहरूलाई बोलाएर
भन्नुभयो, "तिमीहरू हरेकले मेरो कुरा सुन र
बुझ ! १५ मानिसको बाहिरपट्टिबाट ऊभित्र
पसेर उसलाई अशुद्ध पार्न सक्ने कुनै कुरा छैन,
तर ऊबाट बाहिर निस्किने कुराहरूले नै त्यस
मानिसलाई अशुद्ध पार्दछन् । १६ कसैसँग सुन्नलाई
कानहरू छन् भने त्यसले सुनोस् ।" १७ अनि
उहाँ भीडलाई छोडेर एउटा घरभित्र पस्नुभएपछि
उहाँका चेलाहरूले त्यस दृष्टान्तको विषयमा
उहाँसँग सोधे । १८ अनि उहाँले तिनीहरूलाई
भन्नुभयो, "के तिमीहरू पनि यस्तै बिनासमझका
छौ ? बाहिरबाट मानिसभित्र जे पस्दछ, त्यसले
उसलाई अशुद्ध पार्न सक्दैन भनी के तिमीहरूलाई
थाहा छैन ? १९ किनभने त्यो उसको हृदयमा
होइन, तर पेटमा पस्दछ र सबै खानेकुरालाई
सफा गर्दै बाहिर चर्पीमा जान्छ ।" २० अनि
उहाँले भन्नुभयो, "मानिसबाट जे बाहिर निस्किन्छ,
त्यसले नै त्यस मानिसलाई अशुद्ध पार्छ ।
२१ किनकि भित्रबाट नै, मानिसहरूको हृदयबाट
नै खराब विचार, व्यभिचार, यौनपाप, हत्या,
२२ चोरी, लोभ, दुष्टता, छल, उग्र कामवासना,
कुदृष्टि, परमेश्वरको निन्दा, घमण्ड, मूर्खता
निस्किन्छन् । २३ यी सबै खराब कुराहरू भित्रबाट
नै आउँछन् र तिनले त्यस मानिसलाई अशुद्ध
पार्छन् ।"

## गैरयहूदी स्त्रीले आफ्नो विश्वास देखाई

२४ अनि त्यहाँबाट उठेर उहाँ टायर र
सिडोनका सीमानाहरूभित्र जानुभयो र एउटा

घरभित्र पस्नुभयो, अनि कसैले पनि थाहा नपाओस् भन्ने इच्छा गर्नुभयो, तर उहाँ लुकेर रहन सक्नुभएन । २५ किनकि एकजना स्त्रीले, जसकी सानी छोरीलाई अशुद्ध आत्मा लागेको थियो, उहाँको विषयमा सुनिन् र आएर उहाँका पाउमा परिन् । २६ ती स्त्रीचाहिँ सुरोफोइनिशी जातिकी ग्रीक थिइन्, अनि उहाँले उनकी छोरीबाट त्यो दुष्ट आत्मा फ्याँकिदिऊन् भनी उनले उहाँसँग बिन्ती गरिन् । २७ तर येशूले उनलाई भन्नुभयो, "पहिला बालबालिकालाई तृप्त हुन देऊ, किनकि बालबालिकाको रोटी लगेर कुकुरहरूका सामु फ्याँक्नु ठीक होइन ।" २८ अनि उनले जवाफ दिएर उहाँलाई भनिन्, "हो प्रभु, तैपनि टेबुल-मुनिका कुकुरहरूले बालबालिकाका रोटीका टुक्राहरूबाट खान्छन् ।" २९ अनि उहाँले उनलाई भन्नुभयो, "यही भनाइको कारणले तिमी आफ्नो बाटो लाग । दुष्ट आत्मा तिम्री छोरीबाट निस्किएर गएको छ ।" ३० अनि उनले आफ्नो घरमा आउँदा दुष्ट आत्मा निस्की गएको र आफ्नी छोरीलाई खाटमाथि ढल्किएकी भेट्टाइन् ।

## येशूले बहिरो–लाटोलाई निको पार्नुहुन्छ

३१ अनि फेरि टायर र सिडोनका समुद्रीतटहरू-बाट निस्किएर देकापोलिसका समुद्रीतटहरूको बीचबाट हुँदै उहाँ गालील समुद्रमा आउनुभयो । ३२ अनि तिनीहरूले उहाँकहाँ एकजना बहिरो र राम्ररी बोल्न नसक्ने मानिसलाई ल्याए र त्यसमाथि उहाँको हात राखिदिन तिनीहरूले उहाँसँग बिन्ती गरे । ३३ अनि उहाँले त्यसलाई भीडदेखि पर लैजानुभयो र त्यसका कानहरूमा आफ्ना औंला हाल्नुभयो, अनि उहाँले थुकेर त्यसको जिब्रो छुनुभयो । ३४ अनि स्वर्गतिर हेरेर उहाँले सुस्केरा हाल्नुभयो र त्यसलाई भन्नुभयो, "एफ्फाथा" अर्थात् "खोलिजा ।" ३५ अनि तुरुन्तै त्यसका कान खोलिए र त्यसको जिब्रोको बन्धन फुस्कियो, अनि त्यो प्रष्टसँग बोल्यो । ३६ अनि येशूले 'कसैलाई नभन्नू' भनी तिनीहरूलाई कडा आज्ञा दिनुभयो, तर उहाँले तिनीहरूलाई जति कडा आज्ञा दिनुभयो, त्यति नै बढ्ता गरी तिनीहरूले त्यस कुराको प्रचार गरे । ३७ अनि तिनीहरूले अत्यन्त छक्क पर्दै यसो भने, 'उहाँले बहिरोलाई सुन्ने र लाटोलाई बोल्ने बनाउनुहुन्छ ।"

## प्रभुले चार हजारजनालाई खुवाउनुभयो

८ ती दिनहरूमा भीड साह्रै ठूलो भएको र खानलाई केही पनि नभएको हुनाले येशूले आफ्ना चेलाहरूलाई बोलाएर भन्नुभयो, २ "यस भीडलाई म टिठ्याउँछु, किनभने यिनीहरू मसँग रहेका तीन दिन भइसक्यो र यिनीहरूसित खानलाई केही पनि छैन । ३ अनि मैले यिनीहरू-लाई भोकै यिनीहरूका घरहरूमा पठाएँ भने यिनीहरू बाटोमा नै मूर्च्छा पर्नेछन्, किनकि यिनीहरूमध्ये कतिजना टाढाबाट आएका छन् ।" ४ अनि उहाँका चेलाहरूले उहाँलाई जवाफ दिए, "यस उजाडस्थानमा मानिसले कहाँबाट यी मानिसहरूलाई रोटीले तृप्त पार्न सक्छ र ?" ५ अनि उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमी-हरूसँग कतिवटा रोटी छन् ?" अनि तिनीहरूले भने, "सातवटा ।" ६ अनि उहाँले ती मानिसहरू-लाई भुइँमा बस्न आज्ञा दिनुभयो । अनि उहाँले ती सातवटा रोटी लिई धन्यवाद दिनुभयो र भाँच्नुभयो, अनि तिनीहरूका सामु राखिदिनको निम्ति आफ्ना चेलाहरूलाई दिनुभयो । अनि तिनीहरूले मानिसहरूका सामु ती राखिदिए । ७ अनि तिनीहरूसँग अलिकति मसिना माछाहरू थिए । अनि उहाँले आशिष् दिनुभयो र तिनलाई पनि तिनीहरूको सामु राखिदिन आज्ञा दिनुभयो । ८ अनि खाएर तिनीहरू अघाए । अनि तिनीहरूले सात डाला उब्रेका टुक्राहरू उठाए । ९ अनि खानेहरू लगभग चार हजार थिए । अनि उहाँले तिनीहरूलाई बिदा दिनुभयो । १० अनि तुरुन्तै उहाँ आफ्ना चेलाहरूसँग डुङ्गामा चढ्नुभयो र उहाँ डालमानुथाका इलाकाहरूमा आउनुभयो ।

## फरिसीहरू चिन्ह खोज्छन्

११ अनि फरिसीहरू आए र उहाँलाई परीक्षा गर्दै उहाँबाट स्वर्गबाटको एउटा चिन्ह चाहँदै उहाँसँग तर्क गर्न थाले । १२ अनि उहाँले आफ्नो आत्मामा गहिरो गरी सुस्केरा हाल्नुभयो र भन्नुभयो, "किन यो पुस्ताले चिन्ह खोज्छ ? म तिमीहरूलाई साँचो भन्दछु, यो पुस्तालाई कुनै चिन्ह दिइनेछैन ।"

## फरिसीहरू र हेरोदको खमीरदेखि होसियार

१३ अनि उहाँ तिनीहरूलाई छोडेर फेरि डुङ्गामा चढी पारितिर लाग्नुभयो । १४ अब चेलाहरूले रोटी लैजान बिर्सेका रहेछन्, न त तिनीहरूसँग डुङ्गामा एउटाभन्दा बढी रोटी नै थियो । १५ अनि उहाँले तिनीहरूलाई यसो भन्दै कडा आज्ञा दिनुभयो, "सचेत रहो, फरिसीहरूको खमीर र हेरोदको खमीरदेखि होसियार बस ।" १६ अनि तिनीहरूले आपसमा यसो भन्दै तर्क गरे, "योचाहिँ हामीसँग रोटी नभएकै कारणले हो ।" १७ अनि यो कुरा थाहा पाएर येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग रोटी नभएको कारणले हो भनेर तिमीहरू किन तर्क गर्दछौ ? के तिमीहरू अझै पनि थाहा पाउँदैनौ र बुझ्दैनौ ? के तिमीहरूले आफ्ना हृदय अझै कठोर पारेका छौ ? १८ आँखा भएर पनि तिमीहरू देख्दैनौ ? अनि कान भएर पनि तिमीहरू सुन्दैनौ ? अनि के तिमीहरूलाई याद छैन ? १९ मैले पाँच हजारका बीचमा पाँचवटा रोटी भाँच्दा टुक्राहरूले भरिएका कतिवटा डाला तिमीहरूले उठायौ ?" तिनीहरूले उहाँलाई भने, "बाह्रवटा ।" २० "अनि चार हजारका बीचमा सातवटा भाँच्दा टुक्राहरूले भरिएका कतिवटा डाला तिमीहरूले उठायौ ?" अनि तिनीहरूले भने, "सातवटा ।" २१ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू कसरी बुझ्दैनौ त ?"

## बेथसैदमा एकजना अन्धो मानिस निको पारियो

२२ अनि उहाँ बेथसैदमा आउनुभयो । अनि तिनीहरूले एकजना अन्धो मानिसलाई उहाँकहाँ ल्याए र त्यसलाई छोइदिनुहोस् भनी उहाँसँग बिन्ती गरे । २३ अनि उहाँले त्यो अन्धो मानिसलाई हातमा समात्नुभयो र उसलाई नगरदेखि बाहिर लैजानुभयो । अनि उहाँले त्यसका आँखाहरूमा थुकेर आफ्ना हात उसमाथि राख्नुभएपछि उसले केही देख्यो कि भनी उहाँले उसलाई सोध्नुभयो । २४ अनि उसले माथितिर हेऱ्यो र भन्यो, "म मानिसहरूलाई रूखहरूजस्तै हिँडिरहेका देख्छु ।" २५ त्यसपछि उहाँले आफ्ना हात फेरि उसका आँखाहरूमाथि राख्नुभयो र उसलाई माथितिर हेर्न लगाउनुभयो । अनि ऊ निको पारियो र उसले हरेक मानिसलाई छर्लङ्ग देख्यो । २६ अनि उहाँले उसलाई यसो भनेर उसको घरतिर पठाउनुभयो, "न त नगरभित्र जाऊ, न नगरमा कसैलाई यो कुरा बताऊ ।"

## पत्रुसले प्रभु येशूलाई ख्रीष्ट भनी स्वीकार गर्दछन्

**२७ अनि येशू र उहाँका चेलाहरू सैजरिया फिलिप्पीका नगरहरूमा जानुभयो, अनि बाटोमा उहाँले आफ्ना चेलाहरूलाई यसो भनेर सोध्नुभयो, "म को हुँ भनी मानिसहरू भन्छन् ?" २८ अनि तिनीहरूले जवाफ दिए, "बप्तिस्मा दिने यूहन्ना, तर कतिले एलिया । अनि अरू-अरूले, भविष्य-वक्ताहरूमध्ये एकजना हुन् भनी भन्दछन् ।" २९ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तर तिमीहरूचाहिँ म को हुँ भनी भन्छौ त ?" अनि पत्रुसले जवाफ दिएर उहाँलाई भने, "तपाईं ख्रीष्ट हुनुहुन्छ ।"** ३० अनि तिनीहरूले उहाँको विषयमा कसैलाई नभनून् भनी उहाँले तिनीहरूलाई कडा आज्ञा दिनुभयो ।

## प्रभु येशूले आफ्नो मृत्यु र बौरिउठाइको भविष्यवाणी गर्नुहुन्छ

३१ अनि मानिसका पुत्रले धेरै दुःख भोग्नुपर्दछ, तिनी बूढा प्रधानहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट अस्वीकार गरिनुपर्दछ, मारिनुपर्दछ र तीन दिनपछि बौरिएर उठ्नुपर्दछ भनी उहाँले तिनीहरूलाई शिक्षा दिन थाल्नुभयो । ३२ अनि उहाँले यो कुरा खुल्लमखुल्ला भन्नुभयो । अनि पत्रुसले उहाँलाई एकातिर लगेर हप्काउन लागे । ३३ तर उहाँले पछिल्तिर फर्की आफ्ना चेलाहरूलाई हेरेर पत्रुसलाई यसो भन्दै हप्काउनुभयो, "ए सैतान, मेरो पछिल्तिर जा ! किनकि तँ परमेश्वरका कुराहरूमा होइन, तर मानिसका कुराहरूमा ध्यान लगाउँछस् !"

## चेला हुनको लागि चुकाउनुपर्ने मूल्य

**३४ अनि उहाँले आफ्ना चेलाहरूसँगै मानिसहरूलाई बोलाएर भन्नुभयो, "मेरो पछि आउने इच्छा गर्नेले आफैलाई अस्वीकार गरोस्, आफ्नो क्रूस उठाओस् र मलाई पछ्याओस् ! ३५ किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ । तर जसले मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउँछ, उसैले त्यो बचाउनेछ । ३६ किनकि मानिसले सारा संसार प्राप्त गरे तापनि आफ्नो प्राणचाहिँ गुमाउँछ भने त्यसलाई के फाइदा हुनेछ र ? ३७ अथवा मानिसले आफ्नो प्राणको सट्टामा के देला र ? ३८ त्यसकारण यो व्यभिचारी र पापी पुस्तामा जो म र मेरा वचनहरूसँग लजाउनेछ, मानिसका पुत्र पनि पवित्र दूतहरूका साथमा आफ्ना पिताको महिमामा आउँदा त्योसँग लजाउनेछन् ।"**

## प्रभु येशूको रूप-परिवर्तन

९ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, यहाँ उभिनेहरूमध्ये कोही-कोही छन्, जसले परमेश्वरको राज्य सामर्थ्यसित आएको नदेखेसम्म कुनै पनि किसिमले मृत्युको स्वाद चाख्नेछैनन् ।" २ अनि छ दिनपछि येशूले साथमा पत्रुस, याकूब र यूहन्नालाई लिनुभयो र तिनीहरूलाई अलग्गै एउटा पहाडमाथि लैजानुभयो । अनि तिनीहरूको सामु उहाँको रूप परिवर्तन भयो । ३ अनि उहाँका वस्त्रहरू चम्किने, हिउँजस्तै चौपट्टै सेता भए, यस्तो कि पृथ्वीमा कुनै धोबीले तिनलाई त्यस्तो सेतो पार्न सक्दैन । ४ अनि तिनीहरूकहाँ मोशासित एलिया देखा परे, अनि तिनीहरूले येशूसित कुरा गरिरहेका थिए । ५ अनि पत्रुसले जवाफ दिएर येशूलाई भने, 'गुरुज्यू, हामी यहाँ रहनु असल छ र हामी तीनवटा डेरा बनाऔं, तपाईंको निम्ति एउटा, मोशाको निम्ति एउटा र एलियाको निम्ति एउटा ।' ६ किनकि के भन्नुपर्ने हो भनी तिनले जानेनन्, किनकि तिनीहरू साह्रै डराएका थिए । **७ अनि एउटा बादलले उहाँहरूलाई ढाकिदियो र त्यो बादलबाट यसो भन्ने आवाज आयो, 'यिनी मेरा प्रिय पुत्र हुन् । यिनैको कुरा सुन ।'** ८ अनि एक्कासि, तिनीहरूले चारैतिर हेर्दा आफ्नो साथमा येशूलाई बाहेक फेरि अरू कसैलाई देखेनन् । ९ अनि उहाँहरू डाँडाबाट ओर्लंदै गर्नुहुँदा, मानिसका पुत्र मरेकाहरूबाट बौरिएर नउठेसम्म तिनीहरूले देखेका कुराहरू कसैलाई पनि नभन्नू भनी उहाँले तिनीहरूलाई कडा आज्ञा दिनुभयो । १० अनि तिनीहरूले मरेकाहरूबाट बौरिएर उठ्नु भनेको के होला भनी आपसमा तर्क-वितर्क गर्दै त्यो भनाइलाई आफैसँग राखे । ११ अनि तिनीहरूले उहाँलाई यसो भनेर सोधे, "किन शास्त्रीहरूले एलिया पहिला आउनै पर्छ भनेर भन्छन् त ?" १२ अनि उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "एलिया साँच्चै पहिला आउँछन् र सबै कुराहरूलाई पुनर्स्थापन गर्छन् । अनि मानिसका पुत्रको विषयमा चाहिँ, उनले धेरै दुःख भोग्नु र तुच्छ ठहरिनुपर्छ भनेर लेखिएको छ । १३ तर म तिमीहरूलाई भन्दछु, एलिया वास्तवमै आइसकेका छन् र तिनको विषयमा लेखिएअनुसार नै तिनीहरूले तिनीमाथि जे इच्छा लाग्यो त्यही गरेका छन् ।"

## शक्तिहीन चेलाहरू र सामर्थी प्रभु

१४ अनि उहाँ आफ्ना चेलाहरूकहाँ आउनुहुँदा, उहाँले तिनीहरूको वरिपरि एउटा ठूलो भीड र तिनीहरूसँग तर्क-वितर्क गरिरहेका शास्त्रीहरू-लाई देख्नुभयो । १५ अनि तुरुन्तै सबै मानिसहरूले उहाँलाई हेरेर साह्रै अचम्भ माने र दगुरेर गई उहाँलाई सलाम गरे । १६ अनि उहाँले ती शास्त्रीहरूलाई सोध्नुभयो, "तिमीहरू तिनीहरू-सँग के विवाद गरिरहेका छौ ?" १७ अनि भीडबाट एकजनाले जवाफ दिएर भन्यो, 'गुरुज्यू, मैले मेरो छोरालाई तपाईंकहाँ ल्याएको छु, जसमा लाटो आत्मा छ । १८ अनि त्यसले यसलाई जहाँ पक्रन्छ त्यहीँ पछारिहाल्छ । अनि यसले फीँज काढ्छ र दाह्रा किट्छ अनि यो सुक्दै जान्छ । अनि तपाईंका चेलाहरूले त्यसलाई धपाइदिऊन् भनी मैले तिनीहरूसँग कुरा गरेँ, तर तिनीहरूले सकेनन् ।" १९ उहाँले त्यसलाई जवाफ दिएर भन्नुभयो, "ए विश्वासहीन पुस्ता, म कहिलेसम्म तिमीहरूसँग रहूँला र ? म कहिलेसम्म तिमीहरूलाई सहूँ ? त्यसलाई मकहाँ ल्याओ ।" २० अनि तिनीहरूले त्यसलाई उहाँकहाँ ल्याए र त्यसले उहाँलाई देख्नेबित्तिकै त्यो आत्माले त्यसलाई मडारमुडुर पारिहाल्यो । अनि त्यो भुइँमा पछारियो र फीँज काढ्दै लडीबुडी गर्न लाग्यो । २१ अनि उहाँले त्यसका बुबालाई सोध्नुभयो, "कहिलेदेखि यसलाई यस्तो भइ-रहेछ ?" अनि उसले भन्यो, "बाल्यकालदेखि नै ।" २२ अनि यसलाई नाश पार्नको लागि त्यसले यसलाई घरि-घरि आगोमा र पानीमा फालेको छ, तर तपाईंले केही गर्न सक्नुहुन्छ भने हामीमाथि दया गर्नुहोस् र हामीलाई सहायता गर्नुहोस् ।" २३ **येशूले उसलाई भन्नुभयो, "यदि तिमी विश्वास गर्न सक्छौ भने विश्वास गर्नेको निम्ति सबै कुरा सम्भव छन् ।"** २४ अनि तुरुन्तै त्यस केटाको बुबा ठूलो सोरले बोल्यो र आँसु झार्दै भन्यो, "हे प्रभु, म विश्वास गर्दछु । मेरो अविश्वासलाई सहायता गर्नुहोस् ।" २५ मानिसहरूलाई एकसाथ दगुर्दै आइरहेका देख्नुभएपछि येशूले त्यो अशुद्ध आत्मालाई यसो भन्दै हकार्नुभयो, "ए लाटो र बहिरो आत्मा, म तँलाई आज्ञा गर्दछु, यसबाट निस्की र यसभित्र फेरि कहिल्यै नपस् !' २६ अनि त्यो आत्मा चिच्च्यायो र त्यसलाई बेसरी मडारमुडुर पारेर त्यसबाट निस्कियो । अनि त्यो मरेको जस्तै भयो, यहाँसम्म कि धेरैले 'यो त मरेछ' भने । २७ तर येशूले त्यसलाई हातमा समातेर उठाउनुभयो, अनि त्यो उठ्यो ।" २८ अनि उहाँ घरभित्र पस्नुभएपछि उहाँका चेलाहरूले एकान्तमा उहाँलाई सोधे, "हामीले चाहिँ त्यसलाई किन धपाउन सकेनौं ?" २९ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "यो किसिमको चाहिँ प्रार्थना र उपवासद्वारा बाहेक अरू कुनै उपायद्वारा निस्किन सक्दैन ।"

## येशूले फेरि आफ्नो मृत्यु र बौरिउठाइको बारेमा भविष्यवाणी गर्नुहुन्छ

३० अनि उहाँहरू त्यहाँबाट निस्किनुभयो र गालील भएर जानुभयो । अनि यो कसैले थाहा नपाओस् भनी उहाँले चाहनुभयो । ३१ **किनकि उहाँले आफ्ना चेलाहरूलाई शिक्षा दिनुभयो र तिनीहरूलाई भन्नुभयो, "मानिसका पुत्रचाहिँ मानिसहरूका हातमा सुम्पिइन्छन् र तिनीहरूले तिनलाई मार्नेछन् । अनि तिनी मारिएपछि तेस्रो दिनमा बौरिएर उठ्नेछन् ।"** ३२ तर तिनीहरूले यो भनाइ बुझेनन् र उहाँसँग सोध्न डराए ।

## स्वर्गको राज्यमा को ठूलो ?

३३ अनि उहाँ कपर्नहुम आउनुभयो । अनि घरभित्र हुनुहुँदा उहाँले तिनीहरूलाई सोध्नुभयो, "बाटोमा तिमीहरूले आपसमा के तर्क-वितर्क गरिरहेका थियौ ?" ३४ तर तिनीहरू चुप रहे, किनकि बाटोमा तिनीहरूले 'सबैभन्दा ठूलो को हो ?' भनी आपसमा तर्क-वितर्क गरेका थिए ।

**३५ अनि उहाँले बसेर बाह्रैजनालाई बोलाउनुभयो र तिनीहरूलाई भन्नुभयो, "यदि कसैले पहिलो हुने इच्छा गर्दछ भने त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक बनोस् ।"** **३६** अनि उहाँले एकजना बालकलाई लिनुभयो र त्यसलाई तिनीहरूका बीचमा राख्नुभयो । अनि त्यसलाई काखमा लिनुभएपछि उहाँले तिनीहरूलाई भन्नुभयो, **३७** "जसले यस्ता साना बालबालिकामध्ये एकजनालाई मेरो नाउँमा ग्रहण गर्ला, त्यसले मलाई ग्रहण गर्छ र जसले मलाई ग्रहण गर्ला, त्यसले मलाई होइन, तर मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ ।"

## येशूले सम्प्रदायवादलाई मनाही गर्नुहुन्छ

**३८** अनि यूहन्नाले यसो भन्दै उहाँलाई जवाफ दिए, "गुरुज्यू, हामीले एकजना मानिसलाई तपाईंको नाउँमा दुष्ट आत्माहरू धपाइरहेको देख्यौं र ऊ हाम्रो पछि लाग्दैन । अनि हामीले उसलाई मनाही गऱ्यौं, किनभने ऊ हाम्रो पछि लाग्दैन ।" **३९** तर येशूले भन्नुभयो, "उसलाई मनाही नगर, किनकि मेरो नाउँमा आश्चर्यकर्म गरेर मेरो विषयमा तुरुन्तै खराब बोल्न सक्ने कोही पनि छैन । **४०** किनकि जो हाम्रो विरोधमा छैन, ऊ हाम्रो पक्षमा छ । **४१** किनकि जसले तिमीहरू ख्रीष्टका हौ भनेर तिमीहरूलाई मेरो नाउँमा एक कचौरा पानी पिउन देला, म तिमीहरूलाई साँचो भन्दछु, उसले कुनै रीतिले आफ्नो पुरस्कार गुमाउनेछैन ।"

## नरकबारे गम्भीर चेताउनी

**४२ अनि जसले ममा विश्वास गर्ने यी सानाहरूमध्ये एकजनालाई ठेस खुवाउला, त्यसलाई त घाँटीमा एउटा जाँतोको ढुङ्गा झुण्ड्याएर समुद्रभित्र फालिदिनु त्यसको निम्ति उत्तम हुन्छ ।" ४३ अनि तिम्रो हातले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई काटिदेऊ । दुवै हातसित नरकमा, कहिल्यै पनि ननिभ्ने आगोमा जानुभन्दा डुँडो भएर जीवनमा पस्नु नै तिम्रो निम्ति उत्तम हुन्छ, ४४ जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन । ४५ अनि तिम्रो खुट्टाले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई काटिदेऊ । दुवै खुट्टासित नरकमा, कहिल्यै पनि ननिभ्ने आगोमा फालिनुभन्दा लङ्गडो भएर जीवनमा पस्नु नै तिम्रो निम्ति उत्तम हुन्छ, ४६ जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन । ४७ अनि तिम्रो आँखाले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई निकालिदेऊ । दुवै आँखासित नरकको आगोमा फालिनुभन्दा कानो भएर परमेश्वरको राज्यमा पस्नु नै तिम्रो निम्ति उत्तम हुन्छ, ४८ जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन ।** ४९ किनकि हरेक जन आगोद्वारा नूनिलो पारिनेछ र हरेक बलि नूनद्वारा नूनिलो पारिनेछ । **५०** नून असल हो, तर नूनले आफ्नो स्वाद गुमायो भने त्यसलाई तिमीहरू केले स्वादिलो पारौला ? आफू-आफूमा नून राख र एक-अर्कासित मिलापमा बस ।"

## स्वास्नी त्याग्ने सम्बन्धमा प्रभुको शिक्षा

**१०** अनि उहाँ त्यहाँबाट उठ्नुभयो र यर्दनको पारिपट्टिबाट यहूदियाका क्षेत्रहरूभित्र आउनुभयो । अनि मानिसहरू फेरि उहाँकहाँ भेला भए र उहाँले आफ्नो बानीअनुसार नै तिनीहरूलाई फेरि शिक्षा दिनुभयो । **२** अनि फरिसीहरूले उहाँकहाँ आएर उहाँको परीक्षा गर्दै उहाँलाई सोधे, "के मानिसले आफ्नी स्वास्नीलाई त्याग्नु उचित छ ?" **३** अनि उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "मोशाले तिमीहरूलाई के आज्ञा दिए ?" **४** अनि तिनीहरूले भने, "मोशाले एउटा त्याग-पत्र लेखेर उनलाई त्याग्ने अनुमति दिएका छन् ।" **५** अनि येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको हृदयको कठोरताको कारण तिनले तिमीहरूलाई यो आज्ञा लेखिदिए, **६** तर सृष्टिको सुरूदेखि नै परमेश्वरले तिनीहरूलाई नर र नारी बनाउनु-भयो । **७** 'यही कारणले गर्दा मानिसले आफ्ना

बुबा र आमालाई छोड्नेछ, र आफ्नी स्वास्नीसित मिलिरहनेछ । ८ अनि ती दुई एउटै शरीर हुनेछन् ।' यसैकारण तिनीहरू अब उसो दुई होइनन्, तर एउटै शरीर हुन्छन् । ९ यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस् ।" १० अनि घरमा उहाँका चेलाहरूले उहाँलाई फेरि यही विषयमा सोधे । ११ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "जसले आफ्नी स्वास्नीलाई त्यागेर अर्कीलाई विवाह गर्दछ, त्यसले उनको विरोधमा व्यभिचार गर्दछ । १२ अनि यदि स्त्रीले आफ्नो लोग्नेलाई त्यागेर अर्कोसँग विवाह गरी भने त्यसले व्यभिचार गर्दछे ।"

## प्रभुले साना बालबालिकालाई आशिष् दिनुहुन्छ

१३ अनि उहाँले साना बालबालिकालाई छोइ-दिऊन् भनेर तिनीहरूले उनीहरूलाई उहाँकहाँ ल्याए । अनि चेलाहरूले ती ल्याउनेहरूलाई हकारे । १४ तर यो देखेर येशू साह्रै बेखुसी हुनुभयो र तिनीहरूलाई भन्नुभयो, "साना बाल-बालिकालाई मकहाँ आउन देओ र उनीहरूलाई नरोक, किनकि परमेश्वरको राज्य यस्तैहरूको हो । **१५ म तिमीहरूलाई साँचो भन्दछु, जसले परमेश्वरको राज्यलाई सानो बच्चाले जस्तै गरी ग्रहण नगर्ला, त्यो कदापि त्यसभित्र पस्नेछैन ।"** १६ अनि उहाँले उनीहरूलाई काखमा लिनुभयो र उनीहरूमाथि आफ्ना हात राखी उनीहरूलाई आशिष् दिनुभयो ।"

## धनी जवान

१७ अनि उहाँ बाटोमा जाँदै गर्नुहुँदा, एकजनाले दगुर्दै आई उहाँको सामु घुँडा टेकेर उहाँलाई सोध्यो, 'हे असल गुरुज्यू, अनन्त जीवनको हकवाला हुनको लागि म के गरूँ ?' १८ अनि येशूले त्यसलाई भन्नुभयो, "तिमी मलाई किन 'असल' भन्दछौ ? एकजना अर्थात् परमेश्वरबाहेक अरू कोही असल छैन । १९ तिमी आज्ञाहरू त जान्दछौ - व्यभिचार नगर, हत्या नगर, चोरी नगर, झूटो साक्षी नदेऊ, नठग, आफ्ना बुबा र आमालाई आदर गर ।" २० अनि त्यसले जवाफ दिएर उहाँलाई भन्यो, 'गुरुज्यू, मेरो बाल्यकालदेखि नै मैले यी सबै पालन गरेको छु ।' २१ तब येशूले त्यसलाई हेरेर त्यसलाई प्रेम गर्नुभयो र त्यसलाई भन्नुभयो, "तिमीमा एउटा कुराको घटी छ – जाऊ, तिमीसँग जे-जे छन् ती बेच र गरिबहरूलाई देऊ अनि तिमीले स्वर्गमा धन पाउनेछौ । अनि आऊ, क्रूस उठाऊ र मेरो पछि लाग ।" २२ अनि त्यस कुराले खिन्न भई त्यो दु:खित भएर गयो, किनकि त्यससँग धेरै धनसम्पत्ति थियो ।"

## परमेश्वरको निम्ति सबै कुराहरू सम्भव छन्

२३ अनि येशूले चारैतिर हेर्नुभयो र आफ्ना चेलाहरूलाई भन्नुभयो, "धनसम्पत्ति हुनेहरू कति कठिनसँग परमेश्वरको राज्यभित्र पस्नेछन् । **२४ अनि उहाँका कुराहरूमा चेलाहरू छक्कै परे । तर येशूले फेरि जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "ए बालबालिकाहो, धनसम्पत्तिमा भरोसा गर्नेहरू परमेश्वरको राज्यभित्र पस्नु कति कठिन छ ! २५ धनी मानिस परमेश्वरको राज्यभित्र पस्नुभन्दा ऊँट सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ ।"** २६ अनि तिनीहरूले आपसमा 'तब कसले मुक्ति पाउन सक्छ र ?' भन्दै साह्रै अचम्भ माने । **२७ अनि तिनीहरूलाई हेर्दै येशूले भन्नुभयो, "मानिसहरूका निम्ति यो असम्भव छ, तर परमेश्वरको निम्ति छैन । किनकि परमेश्वरको निम्ति सबै कुराहरू सम्भव छन् ।"**

## सबै थोक त्यागने प्रेरितहरूको पुरस्कार

२८ तब पत्रुसले उहाँलाई भन्न थाले, "हेर्नुहोस्, हामीले सबै कुरा त्यागेका छौं र तपाईंको पछि लागेका छौं ।" **२९ अनि येशूले जवाफ दिएर भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, कोही**

**यस्तो मानिस छैन, जसले मेरो र सुसमाचारको निम्ति घर वा दाजुभाइ वा दिदीबहिनी वा बुबा वा आमा वा श्रीमती वा छोराछोरी वा जग्गा-जमीनहरू त्यागेको छ, ३० तर उसले अहिले, यसै समयमा सतावटहरूको साथसाथै सय गुणा बढी पाउनेछैन - घरहरू, दाजुभाइ, दिदीबहिनी, आमाहरू, छोराछोरीहरू र जग्गा-जमीनहरू, अनि आउने युगमा अनन्त जीवन । ३१ तर धेरैजना पहिला हुनेहरू पछिल्ला हुनेछन् र पछिल्लाचाहिँ पहिला हुनेछन् ।"**

## येशूले तेस्रोपटक आफ्नो मृत्यु र बौरिउठाइको भविष्यवाणी गर्नुहुन्छ

३२ अनि माथि यरूशलेमतिर जाँदै गर्नुहुँदा उहाँहरू बाटोमा हुनुहुन्थ्यो । अनि येशू तिनीहरूका अघि-अघि गइरहनुभएको थियो र तिनीहरूले अचम्भ मानिरहेका थिए । अनि पछि-पछि हिँड्दै तिनीहरू डराइरहेका थिए । अनि उहाँले फेरि बाह्रजनालाई लिनुभयो र उहाँमाथि आइपर्ने कुराहरू तिनीहरूलाई भन्न लाग्नुभयो, ३३ **"हेर, हामी माथि यरूशलेमतिर गइरहेछौं, अनि मानिसका पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूकहाँ सुम्पिइनेछन् । अनि तिनीहरूले तिनलाई मृत्युदण्डको योग्य ठहराउनेछन् र तिनलाई अन्यजातिहरूकहाँ सुम्पिदिनेछन् । ३४ अनि तिनीहरूले तिनलाई गिल्ला गर्नेछन्, कोर्रा लगाउनेछन्, थुक्नेछन् र मार्नेछन् । अनि तेस्रो दिनमा तिनी बौरिएर उठ्नेछन् ।"**

## सेवा गर्नु नै महानता हो

३५ अनि जब्दीका छोराहरू याकूब र यूहन्ना यसो भन्दै उहाँकहाँ आए, "गुरुज्यू, हामी जेसुकै मागौंला, सो तपाईंले हाम्रा निम्ति गरिदिनुहोला भन्ने हामी चाहन्छौं ।" ३६ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, **"म तिमीहरूका निम्ति के गरूँ भन्ने तिमीहरू चाहन्छौ ?"** ३७ तिनीहरूले उहाँलाई भने, "तपाईंको महिमामा हामीलाई तपाईंको दाहिने हातपट्टि एकलाई र तपाईंको देब्रे हातपट्टि अर्कोलाई बस्न दिनुहोस् ।" ३८ तर येशूले तिनीहरूलाई भन्नुभयो, **"तिमीहरू के माग्छौ भन्ने तिमीहरू जान्दैनौ । जुन कचौराबाट म पिउँछु, के तिमीहरू त्यसबाट पिउन सक्छौ ? अनि जुन बप्तिस्माले मेरो बप्तिस्मा हुन्छ, के तिमीहरू त्यो बप्तिस्मा लिन सक्छौ ?"** ३९ अनि तिनीहरूले उहाँलाई भने, "हामी सक्छौं ?" अनि येशूले तिनीहरूलाई भन्नुभयो, **"जुन कचौराबाट म पिउँछु, त्यसबाट साँच्चै तिमीहरूले पिउनेछौ र जुन बप्तिस्माले मेरो बप्तिस्मा हुन्छ, त्यो बप्तिस्मा तिमीहरू लिनेछौ । ४० तर मेरो दाहिने हातपट्टि र मेरो देब्रे हातपट्टि बस्न दिनुचाहिँ मेरो काम होइन, तर यो जसका निम्ति तयार पारिएको छ, तिनीहरूलाई नै दिइनेछ ।"** ४१ अनि यो सुनेर ती दसजना याकूब र यूहन्नासँग रिसाउन थाले । ४२ **तर येशूले तिनीहरूलाई बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहै छ, अन्य-जातिहरूमाथि शासन गर्न ठहरिएकाहरूले तिनीहरू-माथि प्रभुता जमाउँछन् र तिनीहरूका ठूलाहरूलेचाहिँ तिनीहरूमाथि अधिकार चलाउँछन् । ४३ तर तिमीहरूका बीचमा चाहिँ त्यस्तो हुनेछैन । तर तिमीहरूका बीचमा जो ठूलो हुने इच्छा गर्दछ, ऊचाहिँ तिमीहरूको सेवक बनोस् । ४४ अनि तिमीहरूमध्ये जो पहिलो हुने इच्छा गर्दछ, ऊचाहिँ सबैको दास बनोस् । ४५ किनकि मानिसका पुत्र पनि सेवा गरिन होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामको निम्ति आफ्नो प्राण अर्पण गर्न आए ।"**

## प्रभुले अन्धो बर्तिमैसलाई निको पार्नुहुन्छ

४६ अनि उहाँहरू यरिको आउनुभयो । अनि उहाँ आफ्ना चेलाहरू र एउटा ठूलो भीडसित यरिकोबाट बाहिर निस्कँदै गर्नुहुँदा तिमैसको छोरो अन्धो बर्तिमैस बाटोको छेउमा माग्दै बसिरहेको थियो । ४७ अनि उहाँ नासरतका येशू हुनुहुन्छ भन्ने सुनेर त्यो यसो भन्दै कराउन थाल्यो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया

गर्नुहोस् ।" ४८ अनि धेरैले त्यो चुप लागोस्
भनी त्यसलाई हकारे, तर त्यो झन् बढी
चिच्च्यायो, "हे दाऊदका पुत्र, ममाथि दया
गर्नुहोस् ।" ४९ अनि येशू ठिङ्ग उभिनुभयो र
त्यसलाई बोलाउन आज्ञा दिनुभयो । अनि
तिनीहरूले त्यस अन्धो मान्छेलाई यसो भन्दै
बोलाए, "साहस गर, उठ । उहाँले तिमीलाई
बोलाउँदै हुनुहुन्छ ।" ५० अनि त्यो आफ्नो खास्टो
फाल्दै उठेर येशूकहाँ आयो । ५१ अनि येशूले
जवाफ दिएर त्यसलाई भन्नुभयो, "म तिम्रो
निम्ति के गरूँ भन्ने तिमी चाहन्छौ ?" त्यस
अन्धोले उहाँलाई भन्यो, "हे प्रभु, म दृष्टि पाऊँ ।"
५२ अनि येशूले त्यसलाई भन्नुभयो, "जाऊ,
तिम्रो विश्‍वासले तिमीलाई निको पारेको छ ।"
अनि तुरुन्तै त्यसले दृष्टि पायो र बाटोमा त्यो
येशूको पछि-पछि लाग्यो ।

## यरूशलेममा प्रभु येशूको विजयी प्रवेश

**११** अनि उहाँहरू यरूशलेमको नजिकै, जैतुन-
डाँडामा बेथफागे र बेथानीमा आइपुग्नुभएपछि
उहाँले आफ्ना चेलाहरूमध्ये दुईजनालाई पठाउनु-
भयो २ र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको
सामुन्नेको गाउँमा जाओ र त्यसभित्र पस्नासाथ
तिमीहरूले एउटा गधाको बच्चा बाँधिएको
भेट्टाउनेछौ, जसमाथि कुनै मानिस बसेको छैन ।
त्यसलाई फुकाएर ल्याओ । ३ यदि कसैले
तिमीहरूलाई 'तिमीहरू किन यस्तो गर्दछौ ?'
भन्यो भने तिमीहरूले 'प्रभुलाई यसको खाँचो
छ' भन्नू र तुरुन्तै उसले त्यसलाई यहाँ
पठाइदिनेछ ।" ४ अनि तिनीहरू बाटो लागे र
एउटा दोबाटोमा, बाहिरपट्टि ढोकानेर बाँधिएको
गधाको बच्चा भेट्टाए अनि तिनीहरूले त्यसलाई
फुकाए । ५ अनि त्यहाँ उभिइरहेकाहरूमध्ये
कतिजनाले तिनीहरूलाई भने, "यस गधाको
बच्चालाई फुकाएर तिमीहरू के गरिरहेछौ ?"
६ अनि येशूले आज्ञा गर्नुभएअनुसार नै तिनीहरूले
उनीहरूलाई भने र उनीहरूले तिनीहरूलाई
जान दिए । ७ अनि तिनीहरूले त्यस गधाको
बच्चालाई येशूकहाँ ल्याए र त्यसमाथि आफ्ना
लुगाहरू बिछ्याए, अनि उहाँ त्यसमाथि बस्नु-
भयो । ८ अनि धेरैले आ-आफ्ना लुगा बाटोमा
ओछ्याए । अनि अरूले रूखहरूका हाँगा काटे
र बाटोमा ओछ्याए । ९ अनि अघि-अघि
हिँडिरहेका र पछि-पछि आइरहेकाहरू यसो भन्दै
कराए, "होसन्ना ! प्रभुको नाउँमा आउनुहुने
धन्य हुनुहुन्छ ! १० हाम्रा पिता दाऊदको राज्य,
जो प्रभुको नाउँमा आउँछ, धन्य होस् ! परम-
धाममा होसन्ना !" ११ अनि येशू यरूशलेमभित्र
र मन्दिरभित्र पस्नुभयो । अनि चारैतिर सबै
थोकहरूलाई हेर्नुभएपछि र अबेला भएको हुनाले
उहाँ निस्किएर बाह्रजनाको साथमा बेथानीतिर
जानुभयो ।

## नेभाराको रूख सुक्यो

१२ अनि भोलिपल्ट उहाँहरू बेथानीबाट आउनु-
भएपछि उहाँ भोकाउनुभयो । १३ अनि टाढामा
पातैपात भएको एउटा नेभाराको रूख देखेर
त्यसमा केही पाउँछु कि भनी उहाँ जानुभयो ।
अनि त्यसनेर आउनुहुँदा उहाँले पातैपातबाहेक
अरू केही पाउनुभएन, किनकि नेभाराहरूको
फल्ने समय भएको थिएन । १४ अनि येशूले
जवाफ दिएर त्यसलाई भन्नुभयो, "अबदेखि
उसो कहिल्यै कसैले तेरो फल नखाओस् ।"
अनि उहाँका चेलाहरूले त्यो सुने ।

## प्रभुले मन्दिर शुद्ध पार्नुभयो

१५ अनि उहाँहरू यरूशलेम आउनुभयो ।
अनि येशूले मन्दिरभित्र पसेर मन्दिरमा बेच्ने र
किन्नेहरूलाई धपाउन थाल्नुभयो, अनि सराफी-
हरूका टेबलहरू र ढुकुर बेच्नेहरूका पिराहरू
पल्टाइदिनुभयो । १६ अनि उहाँले कसैलाई पनि
मन्दिरको बीचबाट कुनै पनि भाँडाकुँडा बोकी
जान दिनुभएन । १७ अनि उहाँले तिनीहरूलाई
यसो भन्दै शिक्षा दिनुभयो, "'मेरो घर सबै
जातिहरूका लागि प्रार्थनाको घर कहलिनेछ'

भनी के लेखिएको छैन र ? तर तिमीहरूले यसलाई चोरहरूको ओडार बनाएका छौ ।" १८ अनि शास्त्रीहरू र मुख्य पूजाहारीहरूले यो सुनेर उहाँलाई कसरी नाश पारौं भनी उपाय खोज्न थाले, किनकि तिनीहरू उहाँसँग डराउँथे, किनभने उहाँको शिक्षामा सबै मानिसहरूले अचम्भ मानेका थिए । १९ अनि साँझ परेपछि उहाँ सहरदेखि बाहिर जानुभयो ।

२० अनि बिहान जाँदै गर्नुहुँदा उहाँहरूले नेभाराको रूखलाई जरैदेखि सुकेको देख्नुभयो । २१ अनि पत्रुसले सम्झना गर्दै उहाँलाई भने, "हे गुरुज्यू, हेर्नुहोस्, तपाईंले श्राप दिनुभएको नेभाराको रूख त सुकेछ ।" २२ **अनि येशूले जवाफ दिँदै तिनीहरूलाई भन्नुभयो, "परमेश्वरमा विश्वास राख । २३ किनकि म तिमीहरूलाई साँचो भन्दछु, जसले यस डाँडालाई 'तँ उप्केर समुद्रभित्र मिल्की' भन्नेछ र आफ्नो हृदयमा शङ्का गर्नेछैन तर आफूले भनेका कुराहरू पूरा हुनेछन् भनी विश्वास गर्नेछ, उसले जे भन्दछ त्यही पाउनेछ । २४ यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थना गर्दा जे-जे कुराहरू माग्छौ ती पाउँछौ भनी विश्वास गर र तिमीहरूले ती पाउनेछौ ।**

## क्षमादान र प्रार्थना

**२५ अनि तिमीहरू प्रार्थना गर्दै उभिँदा कसैको विरोधमा तिमीहरूसँग केही छ भने क्षमा गरिदेओ ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू तिमीहरूलाई क्षमा गरिदिऊन् । २६ तर तिमीहरूले क्षमा गर्दैनौ भने स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुनेछैन ।**

## प्रभुको अधिकारको विषयमा प्रश्न

२७ अनि उहाँहरू फेरि यरूशलेम आउनुभयो । अनि उहाँ मन्दिरमा टहलिइरहनुहुँदा मुख्य पूजाहारीहरू, शास्त्रीहरू र बूढा प्रधानहरूले उहाँकहाँ आएर २८ उहाँलाई भने, "कुन अधिकारले तिमी यी कुराहरू गर्दछौ ? र यी कुराहरू गर्ने यो अधिकार कसले तिमीलाई दियो ?" २९ अनि येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "म पनि तिमीहरूलाई एउटा प्रश्न सोध्नेछु र मलाई जवाफ देओ, अनि म यी कुराहरू कुन अधिकारले गर्दछु भनी तिमीहरूलाई बताउनेछु । ३० यूहन्नाको बप्तिस्मा - यो स्वर्गबाटको थियो कि मानिस-हरूबाटको ? मलाई जवाफ देओ ।" ३१ अनि तिनीहरूले यसो भन्दै आपसमा तर्क गरे, "स्वर्गबाटको भनौं भने 'तब किन तिमीहरूले उनलाई विश्वास गरेनौ ?' भनी यसले भनि-हाल्नेछ । ३२ तर मानिसहरूबाटको भनौं भने" - तिनीहरू भीडदेखि डराए, किनकि सबैले यूहन्ना साँच्चै भविष्यवक्ता थिए भनी मान्थे । ३३ अनि तिनीहरूले जवाफ दिएर येशूलाई भने, "हामी भन्न सक्दैनौं ।" अनि येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "म पनि कुन अधिकारले यी कुराहरू गर्दछु भनी तिमीहरूलाई भन्दिनँ ।"

## दाखबारी लगाउने मालिकको दृष्टान्त

**१२** अनि उहाँले तिनीहरूलाई दृष्टान्तहरूद्वारा भन्न थाल्नुभयो, "कुनै एकजना मानिसले एउटा दाखबारी लगाएर वरिपरि बार हाले, अनि दाख पेल्ने कोल खोपे र एउटा मचान थापे । अनि किसानहरूलाई त्यो ठेक्कामा दिएर तिनी टाढाको देशमा गए । २ अनि फलको समयमा किसान-हरूबाट दाखबारीको फलमध्ये केही लिनलाई तिनले किसानहरूकहाँ एकजना दास पठाए । ३ तर तिनीहरूले त्यसलाई पक्रेर पिटे र रित्तै पठाइदिए । ४ अनि फेरि तिनले तिनीहरूकहाँ अर्को दास पठाए । अनि त्यसलाई ढुङ्गाले हानेर तिनीहरूले त्यसको टाउकोमा चोट पारिदिए र त्यसलाई बेइज्जत गरेर पठाइदिए । ५ अनि फेरि तिनले अर्कोलाई पठाए र तिनीहरूले त्यसलाई मारे । अनि अरू धेरैलाई - कतिलाई पिटे, कतिलाई मारे । ६ तब तिनीसित अझै पनि तिनका अति प्रिय एकजना छोरा भएका

हुनाले, 'तिनीहरूले मेरा छोरालाई त आदर गर्नेछन् नै' भन्दै तिनले अन्त्यमा तिनलाई पनि तिनीहरूकहाँ पठाए । ७ तर ती किसानहरूले आपसमा भने, 'हकवाला यही हो । आओ, यसलाई मारौं र हकको सम्पत्ति हाम्रो हुनेछ ।' ८ अनि तिनीहरूले उनलाई पक्रेर मारे र दाखबारीदेखि बाहिर फालिदिए । ९ यसकारण अब दाखबारीका मालिकले के गर्लान् त ? तिनी आउनेछन् र ती किसानहरूलाई नाश पार्नेछन्, अनि दाखबारीचाहिँ अरूलाई दिनेछन् । १० अनि के तिमीहरूले पवित्रशास्त्रको यो वचन पढेका छैनौ ?

'डकर्मीहरूले जुन ढुङ्गालाई अस्वीकार गरे,
त्यही नै कुनाको शिर भयो । ११ यो प्रभुबाट
भएको हो र हाम्रो दृष्टिमा यो अद्‌भुत छ ।'"

१२ अनि तिनीहरूले उहाँलाई पक्रन खोजे, तर भीडसँग डराए, किनकि उहाँले त्यो दृष्टान्त-चाहिँ तिनीहरूकै विरोधमा भन्नुभएको रहेछ भनी तिनीहरूले बुझे । अनि तिनीहरू उहाँलाई छोडेर गए ।

## करको विषयमा हेरोदीहरूलाई प्रभुको जवाफ

१३ अनि उहाँलाई उहाँकै कुरामा फसाऔं भनेर तिनीहरूले फरिसीहरू र हेरोदीहरूमध्ये केहीलाई उहाँकहाँ पठाए । १४ अनि तिनीहरूले आएर उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं कि तपाईं सच्चा हुनुहुन्छ र कसैको वास्ता गर्नुहुन्न, किनकि तपाईं मानिसहरूको मुख हेरेर काम गर्नुहुन्न, तर परमेश्वरको मार्ग साँचो गरी सिकाउनुहुन्छ । सैजरलाई कर तिर्नु उचित छ कि छैन ? १५ हामी दिऔं कि नदिऔं ?" तर तिनीहरूको कपट थाहा पाएर उहाँले तिनी-हरूलाई भन्नुभयो, "तिमीहरू मलाई किन परीक्षा गर्दछौ ? मकहाँ एउटा दीनार* ल्याओ त, म हेरूँ ।" १६ अनि तिनीहरूले ल्याए । अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "यो मूर्ति र छाप कसको हो ?" अनि तिनीहरूले उहाँलाई भने, "सैजरको ।" १७ अनि येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "सैजरका कुराहरू सैजरलाई र परमेश्वरका कुराहरू परमेश्वरलाई देओ ।" अनि तिनीहरू उहाँसँग छक्कै परे ।

## बौरिउठाइबारे सदुकीहरूलाई प्रभुको जवाफ

१८ तब बौरिउठाइ हुँदैहुँदैन भन्ने सदुकीहरू उहाँकहाँ आए र उहाँलाई यसो भनेर सोधे, १९ "गुरुज्यू, मोशाले हाम्रा निम्ति लेखिदिएका छन्, 'कुनै मानिसको दाजुचाहिँ मरेर आफ्नी स्वास्नीचाहिँ छोड्यो तर सन्तानचाहिँ छोडेन भने त्यसको भाइले त्यसकी स्वास्नीलाई लैजाओस् र आफ्ना दाजुका निम्ति सन्तान पैदा गरोस् ।' २० अब सात भाइ थिए । अनि जेठोले स्वास्नी ल्यायो र मर्दाखेरि कुनै सन्तान छोडेन । २१ अनि माहिलोले उनलाई लग्यो र ऊ मऱ्यो । अनि त्यसले पनि कुनै सन्तान छोडेन । अनि साँहिलोले त्यसै गऱ्यो । २२ अनि सातैजनाले उनलाई राखे र कुनै सन्तान छोडेनन् । सबैभन्दा पछि त्यो स्त्री पनि मरी । २३ यसकारण बौरिउठाइमा, तिनीहरू बौरेर उठ्ने बेलामा, उनी तिनीहरूमध्ये कसकी स्वास्नी हुनेछिन् ? किनकि ती सातैजनाले उनलाई स्वास्नी तुल्याएका थिए ।" २४ **अनि येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "पवित्रशास्त्रहरू र परमेश्वरको सामर्थ्यलाई नजानेका हुनाले तिमीहरू भूलमा परेका होइनौ र ?** २५ किनकि तिनीहरूले मरेकाहरूबाट बौरिएर उठ्ने बेलामा न विवाह गर्दछन्, न तिनीहरूको विवाह गराइन्छ, तर तिनीहरू स्वर्गमा हुने दूतहरूजस्तै हुनेछन् । २६ अनि मरेकाहरू बौरिएर उठ्छन् भन्ने विषयमा चाहिँ – के तिमीहरूले मोशाको पुस्तकमा पढेका छैनौ, कसरी पोथ्रामा परमेश्वर तिनीसँग

*दीनार भनेको रोमी मुद्रा वा सिक्का थियो ।

यसो भन्दै बोल्नुभयो, 'म अब्राहामका परमेश्‍वर, इसहाकका परमेश्‍वर र याकूबका परमेश्‍वर हुँ' ? **२७ उहाँ त मरेकाहरूका परमेश्‍वर हुनुहुन्न, तर जिउँदाहरूका परमेश्‍वर हुनुहुन्छ। यसकारण तिमीहरू साह्रै भूलमा परेका छौ।"**

## ठूलो आज्ञाबारे फरिसीहरूलाई प्रभुको जवाफ

२८ अनि शास्त्रीहरूमध्ये एकजना आए। तिनीहरूले आपसमा तर्क गरेका सुनेर र उहाँले तिनीहरूलाई ठीक जवाफ दिनुभएको थाहा पाएर तिनले उहाँलाई सोधे, 'सबैभन्दा पहिलो आज्ञा कुन हो ?' **२९ अनि येशूले तिनलाई जवाफ दिनुभयो, "सबैभन्दा पहिलो आज्ञाचाहिँ यो होः हे इस्राएल, सुन! प्रभु हाम्रा परमेश्‍वर एकमात्र प्रभु हुनुहुन्छ। ३० अनि तिमीले प्रभु आफ्ना परमेश्‍वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा मनले र आफ्नो सारा बलले प्रेम गर। पहिलो आज्ञा यही हो। ३१ अनि दोस्रोचाहिँ योजस्तै छः तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर। यीभन्दा ठूलो अर्को कुनै आज्ञा छैन।"** ३२ अनि ती शास्त्रीले उहाँलाई भने, 'ठीक हो, गुरुज्यू, तपाईंले सत्य कुरा भन्नुभएको छ, किनकि परमेश्‍वर एक मात्र हुनुहुन्छ र उहाँबाहेक अरू कोही छैन। ३३ अनि सारा हृदयले, सारा समझले, सारा प्राणले र सारा बलले उहाँलाई प्रेम गर्नु र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नुचाहिँ सम्पूर्ण होमबलिहरू र बलिहरूभन्दा बढी हो।' ३४ अनि तिनले बुद्धिमानीसित जवाफ दिएका देखेर येशूले तिनलाई भन्नुभयो, "तिमी परमेश्‍वर-को राज्यदेखि टाढा छैनौ।" अनि त्यसपछि कसैले उहाँलाई प्रश्‍न गर्ने आँट गरेन।

## ख्रीष्टबारे फरिसीहरूलाई प्रभुको प्रश्‍न

३५ अनि मन्दिरमा शिक्षा दिँदै गर्नुहुँदा येशूले जवाफ दिएर भन्नुभयो, "ख्रीष्ट दाऊदका पुत्र हुन् भनी शास्त्रीहरू कसरी भन्दछन् ? ३६ किनकि दाऊद आफैले पवित्र आत्माद्वारा भनेका छन्:

'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, "मैले
तिम्रा शत्रुहरूलाई तिम्रा पाउदान नबनाए-
सम्म तिमी मेरो दाहिने हातपट्टि बस।"'

३७ यसकारण दाऊद आफैले उहाँलाई 'प्रभु' भन्छन् र कहाँबाट उहाँ तिनका पुत्र हुनुहुन्छ त ?" अनि साधारण जनताले उहाँको वचन आनन्दपूर्वक सुने। ३८ अनि उहाँले आफ्नो शिक्षामा तिनीहरूलाई भन्नुभयो, "शास्त्रीहरू-देखि होसियार रहो, जो लामा वस्त्रहरू पहिरेर यताउता घुम्न र बजारहुँदो सलाम पाउन, ३९ अनि सिनघाघहरूमा मुख्य आसनहरू र भोजहरूमा उच्च स्थानहरू रुचाउँदछन्, ४० जसले विधवाहरूका घरहरू निल्छन् र लोकाचारको लागि लामो-लामो प्रार्थना गर्दछन्। यिनीहरूले झन् ठूलो दण्ड पाउनेछन्।"

## विधवाले चढाएको भेटी

४१ अनि येशू ढुकुटीको सामुन्ने बस्नुभयो र मानिसहरूले ढुकुटीमा कसरी पैसा चढाउँदा रहेछन् भनी हेर्नुभयो। अनि धेरैजना धनीहरूले धेरै चढाए। ४२ अनि कुनै एउटी गरिब विधवा आइन् र उनले दुईवटा साना सिक्का हालिन् जसको मूल्य एक सिक्का हुन्छ। ४३ अनि उहाँले आफ्ना चेलाहरूलाई बोलाउनुभयो र तिनीहरू-लाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, ढुकुटीमा चढाउनेहरूमध्ये सबैभन्दा बढी यही गरिब विधवाले चढाएकी छ, ४४ किनकि ती सबैले चाहिँ आफ्नो भरपूरीबाट चढाएका छन्, तर उसले त आफ्नो अभावबाट, आफूसँग भएको जति सबै अर्थात् आफ्नो सम्पूर्ण जीविका नै चढाएकी छ।"

## अन्तिम दिनका चिन्ह

१३ अनि उहाँ मन्दिरबाट निस्किँदै गर्नुहुँदा उहाँका चेलाहरूमध्ये एकजनाले उहाँलाई भने, "गुरुज्यू, हेर्नुहोस्, कस्ता-कस्ता किसिमका

ढुङ्गाहरू ! र कस्ता-कस्ता भवनहरू !" २ अनि येशूले जवाफ दिँदै तिनलाई भन्नुभयो, "के तिमी यी ठूला-ठूला भवनहरू देख्छौ ? यहाँ एउटा ढुङ्गामाथि अर्को ढुङ्गा छोडिनेछैन, सबै फ्याँकिनेछन् ।" ३ अनि उहाँ मन्दिरको सामुन्ने जैतुन डाँडामा बस्नुभएको बेलामा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई सुटुक्क सोधे, ४ "हामीलाई भन्नुहोस्, यी कुराहरू कहिले हुनेछन् ? अनि यी सबै कुराहरू पूरा हुने बेलामा के चिन्ह हुनेछ ?"

५ अनि येशूले तिनीहरूलाई जवाफ दिँदै भन्न लाग्नुभयो, "होसियार बस, कसैले तिमीहरूलाई धोकामा नपारोस् ! ६ किनकि धेरैजना 'म ख्रीष्ट हुँ' भन्दै मेरो नाउँमा आउनेछन् र धेरैलाई धोकामा पार्नेछन् । ७ अनि लडाइँहरू र लडाइँका हल्लाहरू सुन्ने बेलामा तिमीहरू नआत्तिओ, किनकि यस्ता कुराहरू हुनैपर्छ, तर अन्त्य अझै हुनेछैन । ८ किनकि जातिको विरोधमा जाति उठ्नेछ र राज्यको विरोधमा राज्य, अनि ठाउँ-ठाउँमा भुइँचाला जानेछन्, अनि अनिकाल र कष्टहरू हुनेछन् । यीचाहिँ पीडाहरूका सुरू हुन् । ९ तर तिमीहरू आफ्नै विषयमा होसियार बस, किनकि तिनीहरूले तिमीहरूलाई महासभा-हरूमा सुम्पिदिनेछन् र तिमीहरू सिनघाघहरूमा पिटिइनेछौ, अनि मेरो निम्ति शासकहरू र राजाहरूका साम्‌ साक्षी हुनलाई तिमीहरू तिनीहरूका सामुन्ने लगिनेछौ । १० अनि पहिला सुसमाचारचाहिँ सारा जातिहरूमाझ प्रचार गरिनुपर्दछ । ११ तर तिनीहरूले तिमीहरूलाई लगेर सुम्पिदिने बेलामा तिमीहरूले के बोल्नेछौ भनी अघिबाटै फिक्री नगर, न त पहिला नै सोचिराख, तर त्यस घडीमा तिमीहरूलाई जेदिइनेछ, त्यही तिमीहरू बोल । किनकि बोल्ने तिमीहरू होइनौ, तर पवित्र आत्मा हुनुहुन्छ । १२ अब भाइले भाइलाई र बुबाले छोरालाई मृत्युको निम्ति सुम्पिदिनेछन् । अनि छोराछोरीहरू बुबाआमाका विरोधमा उठ्नेछन् र उनीहरूलाई मार्न लगाउनेछन् । १३ **अनि मेरो नाउँको कारणले तिमीहरू सबै मानिसहरूद्वारा घृणा गरिनेछौ । तर जसले अन्त्यसम्म सहनेछ, उसैको उद्धार हुनेछ ।**

## महासङ्कष्टकाल

१४ तर जब तिमीहरूले दानिएल भविष्यवक्ता-द्वारा भनिएको उजाड पार्ने घृणित वस्तुलाई त्यसको निम्ति अनुचित हुने स्थानमा उभिएको देख्नेछौ (पढ्नेले बुझोस्), तब यहूदियामा हुनेहरू डाँडाहरूतिर भागून् । १५ अनि छानामा हुनेचाहिँ घरभित्र नओर्लोस्, न त आफ्नो घरबाट केही निकाल्नलाई भित्र पसोस् । १६ अनि खेतमा हुनेचाहिँ आफ्नो लुगा लिनलाई फर्केर नआओस् । १७ तर ती दिनहरूमा गर्भवती हुने र दूध खुवाउनेहरूलाई हाय ! १८ अनि तिमीहरूको भगाइ जाडोयाममा नपरोस् भनी तिमीहरू प्रार्थना गर । १९ किनकि ती दिनहरूमा सङ्कष्ट हुनेछ, जस्तो त परमेश्वरले सृजना गर्नुभएको सृष्टिको सुरूदेखि अहिलेसम्म भएको थिएन, न त फेरि कहिल्यै हुनेछ । २० अनि प्रभुले ती दिनहरू नछोट्याउनुभएको भए कुनै पनि प्राणी बाँच्नेथिएन, तर उहाँले चुन्नुभएका जनहरूका निम्ति उहाँले ती दिनहरू छोट्याउनुभएको छ । २१ अनि त्यो बेलामा कसैले तिमीहरूलाई 'हेर, ख्रीष्ट यहाँ हुनुहुन्छ' वा 'हेर, उहाँ त्यहाँ हुनुहुन्छ' भन्यो भने त्यसलाई विश्‍वास नगर । २२ **किनकि झूटा ख्रीष्टहरू र झूटा भविष्यवक्ताहरू उठ्नेछन्, अनि सम्भव भएमा चुनिएकाहरूलाई समेत बहकाउन तिनीहरूले चिन्ह र चमत्कारहरू देखाउनेछन् ।** २३ तर तिमीहरू होसियार बस । हेर, मैले तिमीहरूलाई सबै कुराहरू पहिला नै भनिदिएको छु ।"

## मानिसका पुत्रको आगमन

२४ तर त्यो सङ्कष्टपछि ती दिनहरूमा सूर्य अँध्यारो हुनेछ र चन्द्रमाले आफ्नो उज्यालो दिनेछैन । २५ अनि आकाशका ताराहरू खस्नेछन्

र आकाशमा भएका शक्तिहरू हल्लाइनेछन् ।
२६ अनि त्यो बेलामा मानिसहरूले मानिसका
पुत्रलाई बडो सामर्थ्य र महिमासहित बादल-
हरूमा आइरहेका देख्नेछन् । २७ अनि त्यो
बेलामा उनले आफ्ना दूतहरू पठाउनेछन् र
पृथ्वीको पल्लो छेउदेखि स्वर्गको पल्लो छेउसम्म,
चारै दिशाबाट उनका चुनिएकाहरूलाई जम्मा
गर्नेछन् ।"

## नेभाराको रूखः जागा रहो

२८ "अब नेभाराको रूखबाट दृष्टान्त सिकः
जब त्यसको हाँगा कोमल भइसकेको हुन्छ र
त्यसले पालुवा हाल्छ, तब ग्रीष्म ऋतु नजिकै छ
भनी तिमीहरू जान्दछौ । २९ यसरी नै तिमीहरूले
जब यी कुराहरू भइरहेका देख्नेछौ, तब यो
नजिकै अर्थात् ढोकाहरूमै छ भनी जान ।
३० म तिमीहरूलाई साँचो भन्दछु, यी सबै
कुराहरू पूरा नभएसम्म यो पुस्ता बित्नेछैन ।
३१ आकाश र पृथ्वी बितेर जानेछन्, तर मेरा
वचनहरू बित्नेछैनन् । ३२ तर त्यस दिन र
त्यस घडीको विषयमा पिताले बाहेक कसैले
जान्दैन, अहँ, न स्वर्गमा हुने स्वर्गदूतहरूले, न त
पुत्रले नै । ३३ तिमीहरू होसियार बस, जागा
रहो र प्रार्थना गर । किनकि त्यो समय कहिले
हुन्छ भन्ने तिमीहरू जान्दैनौ । **३४ किनकि
मानिसका पुत्रचाहिँ टाढाको यात्रामा जाने मानिस-
जस्ता हुन्, जसले आफ्नो घर छोडे र आफ्ना
दासहरूलाई अधिकार दिए, अनि हरेकलाई उसको
काम दिए र ढोकेलाई जागा रहनू भनी आज्ञा
दिए । ३५ यसकारण तिमीहरू जागा रहो ।
किनकि घरका मालिक साँझमा वा मध्यरातमा
वा भाले बास्दा वा बिहान कहिले आउँछन् भन्ने
तिमीहरू जान्दैनौ । ३६ अचानक आउँदा कहीँ
तिनले तिमीहरूलाई निदाइरहेका भेट्टाउलान् !
३७ अनि म तिमीहरूलाई जे भन्दछु, त्यही म
सबैलाई भन्दछु, 'जागा रहो !'"**

## प्रभु येशूलाई मार्ने षडयन्त्र

**१४** दुई दिनपछि निस्तार र अखमीरी रोटीको
चाड थियो । अनि मुख्य पूजाहारीहरू र शास्त्री-
हरूले कसरी उहाँलाई छल गरेर पक्रने र मार्ने
भनी उपाय खोजिरहेका थिए । २ तर तिनीहरू
भन्दैथिए, "चाडको बेलामा चाहिँ होइन, नत्र त
मानिसहरूले दङ्गा मच्चाउनेछन् ।"

## प्रभुको शिरमा बहुमूल्य मलहमको अभिषेक

३ अनि बेथानीमा शिमोन कोरीको घरमा
हुनुहुँदा, उहाँ खानको निम्ति बस्नुभएको बेलामा
एकजना स्त्री सङ्गमर्मरको भुँडुल्कोमा शुद्ध
जटामसीको साह्रै महङ्गो सुगन्धित मलहम लिएर
आइन् । अनि त्यस भुँडुल्कोलाई फोरेर उनले
त्यो उहाँको शिरमाथि खन्याइदिइन् । ४ अनि
कतिजनाले मनमनै रिसाएर भने, "यो मलहमको
यस्तो बरबादी किन गरिएको हो ? ५ किनकि
यसलाई तीन सय दीनारभन्दा बढीमा बेच्न र
गरिबहरूलाई दिन सकिन्थ्यो ।" अनि तिनीहरूले
उनको विरोधमा गनगन गरे । ६ तर येशूले
भन्नुभयो, "उनलाई छोडिदेओ । उनलाई तिमीहरू
किन दुःख दिन्छौ ? उनले मप्रति असल काम
गरेकी छन् । ७ किनकि गरिबहरू त तिमीहरूसँग
सधैँभरि हुन्छन् र तिमीहरूलाई इच्छा लागेको
बेलामा तिमीहरूले तिनीहरूको भलाइ गर्न
सक्छौ, तर म त सधैँभरि तिमीहरूसित हुँदिनँ ।
८ उनले जे गर्न सक्थिन्, त्यही गरेकी छन् ।
गाड्नका निम्ति मेरो लाशमा तेल घस्नलाई
उनी पहिला नै आएकी हुन् । ९ म तिमीहरूलाई
साँचो भन्दछु, सारा संसारभरि यो सुसमाचार
प्रचार गरिने हरेक ठाउँमा उनले गरेको यो
काम पनि उनको सम्झनाको लागि भनिनेछ ।
१० अनि बाह्रजनामध्ये एक यहूदा इस्करियोत
उहाँलाई मुख्य पूजाहारीहरूका हातमा पक्राइ-
दिनको लागि तिनीहरूकहाँ गयो । ११ अनि
तिनीहरू यो कुरा सुनेर खुसी भए र त्यसलाई

पैसा दिने प्रतिज्ञा गरे । अनि त्यसले कसरी उहाँलाई सजिलैसित पक्राइदिने भनी मौका खोज्न थाल्यो ।”

## निस्तार चाड

१२ अनि अखमीरी रोटीको पहिलो दिनमा, जब तिनीहरूले निस्तारलाई[*] बलिदान गर्दथे, उहाँका चेलाहरूले उहाँलाई भने, “निस्तार[#] खानलाई तपाईंको निम्ति हामी कहाँ गएर तयार पारौं - तपाईं कहाँ चाहनुहुन्छ ?” १३ अनि उहाँले आफ्ना चेलाहरूमध्ये दुईजनालाई पठाउनुभयो र तिनीहरूलाई भन्नुभयो, “तिमीहरू सहरभित्र जाओ र पानीको गाग्रो बोकिरहेको एकजना मानिसले तिमीहरूलाई भेट्नेछ । उसैको पछि लाग । १४ अनि ऊ जहाँ पस्नेछ, त्यही घरका मालिकलाई तिमीहरूले भन, ‘गुरुजी भन्नुहुन्छ, “त्यो पाहुनाकोठा कहाँ छ, जहाँ म आफ्ना चेलाहरूसँग निस्तार खानेछु ?”’ १५ अनि तिनले तिमीहरूलाई राम्ररी सजाएर तयार पारिएको एउटा ठूलो माथिल्लो कोठा देखाउनेछन् । त्यहाँ नै हाम्रा निम्ति तयार पार ।” १६ अनि उहाँका चेलाहरू निस्किएर सहरभित्र आए र उहाँले तिनीहरूलाई भन्नुभएको जस्तै भेट्टाए । अनि तिनीहरूले निस्तार तयार पारे । १७ अनि साँझमा उहाँ बाह्रैजनासँग आउनुभयो । १८ अनि उहाँहरूले बसेर खाँदै गर्नुहुँदा येशूले भन्नुभयो, “म तिमीहरूलाई साँचो भन्दछु, मसँगै खाने तिमीहरूमध्ये एकजनाले मलाई पक्राइदिनेछ ।” १९ अनि तिनीहरू शोकित हुन र पालैपालो गरी उहाँलाई “के त्यो म हुँ ?” अनि अर्कोले, “के त्यो म हुँ ?” भन्न थाले । २० अनि उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, “त्योचाहिँ बाह्रमध्ये एकजना हो, जसले मसँगै थालमा चोपिरहेछ । २१ साँच्चै मानिसका पुत्र त उनको विषयमा लेखिएअनुसार जान्छन् नै, तर हाय त्यस मान्छेलाई जसद्वारा मानिसका पुत्र पक्राइन्छन् ! त्यो मान्छे त कहिल्यै नजन्मिएको भए त्यसको लागि असल हुनेथ्यो !”

## प्रभु–भोजको स्थापना

२२ अनि उहाँहरूले खाँदै गर्नुहुँदा येशूले रोटी लिनुभयो र आशिष् दिई भाँच्नुभयो, अनि तिनीहरूलाई दिएर भन्नुभयो, “लेओ, खाओ । यो मेरो शरीर हो ।” २३ अनि उहाँले कचौरा लिनुभयो र धन्यवाद दिनुभएपछि त्यो तिनीहरूलाई दिनुभयो, अनि तिनीहरू सबैले त्यसबाट पिए । २४ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, “यो नयाँ वाचाको मेरो रगत हो, जो धेरैका निम्ति बहाइन्छ । २५ म तिमीहरूलाई साँचो भन्दछु, परमेश्वरको राज्यमा दाखको फलबाट नयाँ पिउने दिनसम्म म यो कहिल्यै पनि पिउनेछैनँ ।” २६ अनि एउटा भजन गाएपछि उहाँहरू जैतुन-डाँडामा जानुभयो ।

## पत्रुसले अस्वीकार गर्ने विषयमा प्रभुको भविष्यवाणी

२७ अनि येशूले तिनीहरूलाई भन्नुभयो, “आज राती तिमीहरू सबैले मेरो कारणले गर्दा ठेस खानेछौ, किनकि यस्तो लेखिएको छ, ‘म गोठालालाई हिर्काउनेछु र भेडाहरू तितरबितर हुनेछन् ।’ २८ तर म बौरिएर उठेपछि तिमीहरूभन्दा पहिला गालील जानेछु ।” २९ तर पत्रुसले उहाँलाई भने, “सबैले ठेस खाए तापनि मैलेचाहिँ खानेछैनँ ।” ३० अनि येशूले तिनलाई भन्नुभयो, “म तिमीलाई साँचो भन्दछु, आज, यस रातमा नै, भाले दुईपल्ट बास्नुभन्दा पहिला तिमीले मलाई तीनपल्ट अस्वीकार गर्नेछौ ।” ३१ तर तिनले अझै धेरै जोर दिएर भने, “तपाईंसँगै मर्नुपरे तापनि म तपाईंलाई कुनै रीतिले अस्वीकार गर्नेछैनँ !” अनि त्यही प्रकारले तिनीहरू सबैले भने ।

[*] निस्तारको पाठोलाई

[#] निस्तारको भोज

## गेथ्सेमनीको बगैंचा

३२ अनि उहाँहरू गेथ्सेमनी नाम भएको ठाउँमा आउनुभयो र उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "मैले प्रार्थना गरूञ्जेल तिमीहरू यहाँ बस ।" ३३ अनि उहाँले पत्रुस, याकूब र यूहन्नालाई आफ्नो साथमा लैजानुभयो, अनि उहाँ अत्यन्त विचलित र अति व्याकुल हुन लाग्नुभयो, ३४ र उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण मृत्यु नै होला झैं गरी अत्यन्त शोकले भरिएको छ। तिमीहरू यहीँ बस र जागा रहो ।" ३५ अनि अलि पर गएर उहाँ भुइँमा घोप्टो पर्नुभयो र सम्भव भएमा त्यो घडी उहाँबाट हटेर जाओस् भनी उहाँले प्रार्थना गर्नुभयो । ३६ अनि उहाँले भन्नुभयो, "हे अब्बा, हे पिता, तपाईंका निम्ति सबै कुराहरू सम्भव छन् । यो कचौरा मबाट हटाइदिनुहोस्, तथापि मेरो इच्छा होइन, तर तपाईंको इच्छाअनुसार होस् ।" ३७ अनि उहाँ आउनुभयो र उहाँले तिनीहरूलाई निदाइरहेका भेट्टाएर पत्रुसलाई भन्नुभयो, "ए शिमोन, के तिमी निदाइरहेका छौ ? के तिमी एक घडी पनि जागा रहन सकेनौ ? ३८ तिमीहरू जागा रहो र प्रार्थना गर, नत्र तिमीहरू परीक्षामा परौला । आत्मा साँच्चै तयार छ, तर शरीर कमजोर छ ।" ३९ अनि फेरि गएर उहाँले उही कुरो भन्दै प्रार्थना गर्नुभयो । ४० अनि फर्केर आउँदा उहाँले तिनीहरूलाई फेरि पनि निदाइरहेकै भेट्टाउनुभयो, (किनकि तिनीहरूका आँखा लोलाएका थिए,) न त उहाँलाई के जवाफ दिने भन्ने नै तिनीहरूलाई थाहा थियो । ४१ अनि उहाँले तेस्रोपटक आएर तिनीहरूलाई भन्नुभयो, "अब सुतिरहो र विश्राम लेओ । अब भयो, घडी आइपुगेको छ । हेर, मानिसका पुत्र पापीहरूका हातमा पक्राइन्छन् । ४२ उठ, लौ जाऔं । हेर, मलाई पक्राइदिने नजिकै छ ।"

## गेथ्सेमनीमा प्रभु येशू पक्राउ पर्नुहुन्छ

४३ अनि तुरुन्तै, उहाँले बोल्दै गर्नुहुँदा नै, बाह्रजनामध्ये एक यहूदा आयो र त्यसको साथमा तरवारहरू र घोचाहरू लिएको एउटा ठूलो भीड मुख्य पूजाहारीहरू, शास्त्रीहरू र बूढा प्रधानहरूपट्टिबाट आयो । ४४ अनि उहाँलाई पक्राइदिनेले यसो भनेर तिनीहरूलाई एउटा चिन्ह दिएको थियो, 'जसलाई म चुम्बन गरूँला, तिनी नै उनी हुन् । तिनलाई पक्र र सुरक्षासाथ लैजाओ ।' ४५ अनि आइपुग्नासाथ त्यो सीधै उहाँकहाँ गयो र "गुरुज्यू, गुरुज्यू" भन्दै उहाँलाई चुम्बन गऱ्यो । ४६ अनि तिनीहरूले उहाँमाथि हात हाले र उहाँलाई पक्रे । ४७ अनि छेवैमा उभिनेहरूमध्ये एकजनाले तरवार खिँचेर महा-पूजाहारीको दासलाई हिर्काए र त्यसको कान च्वाट्टै काटिदिए । ४८ अनि येशूले जवाफ दिँदै तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू डाँकूको विरोधमा आएझैं तरवारहरू र घोचाहरू लिई मलाई पक्रन आएका छौ ? ४९ म मन्दिरमा शिक्षा दिँदै दिनहुँ तिमीहरूसँगै हुन्थेँ र तिमीहरूले मलाई पक्रेनौ, तर पवित्रशास्त्रहरू पूरा हुनैपर्दछ ।" ५० अनि सबै चेलाहरू उहाँलाई छोडेर भागे । ५१ अनि एकजना जवान मानिस आफ्नो नाङ्गो शरीरमाथि सुती लुगा बेह्रेर उहाँको पछि लाग्यो । अनि जवान मानिसहरूले त्यसलाई पक्रे । ५२ अनि सुती लुगा छोडेर त्यो तिनीहरूदेखि नाङ्गै भाग्यो ।"

## कायफा र महासभाको सामु प्रभु

५३ अनि तिनीहरूले येशूलाई महापूजाहारीकहाँ लगे । अनि तिनीकहाँ सबै मुख्य पूजाहारीहरू, बूढा प्रधानहरू र शास्त्रीहरू भेला भएका थिए । ५४ अनि पत्रुस उहाँलाई टाढा-टाढाबाट पछ्याउँदै महापूजाहारीको महलभित्रसम्मै गए र तिनले नोकरहरूसँग बसेर आगो तापे । ५५ अनि मुख्य पूजाहारीहरू र सम्पूर्ण महासभाले येशूलाई मार्नको निम्ति उहाँको विरुद्धमा साक्षी खोजे,

तर एउटै पनि पाएनन् । **५६** किनकि धेरैले उहाँको विरुद्धमा झूटो गवाही दिए, तर तिनीहरूका गवाही मेल खाएनन् । **५७** अनि कतिले उठेर यसो भन्दै उहाँको विरुद्धमा झूटो गवाही दिए, **५८** "यसले यसो भनेको हामीले सुन्यौं, 'म हातले बनाइएको यो मन्दिर भत्काउनेछु र तीन दिनमा म बिनाहातले बनाइएको अर्को बनाउनेछु ।'" **५९** तर यसरी पनि तिनीहरूका गवाही मेल खाएनन् । **६०** अनि महापूजाहारीले बीचमा उभिएर येशूलाई यसो भनेर सोधे, "के तँ केही जवाफ दिँदैनस् ? यिनीहरूले तेरो विरुद्धमा दिएका गवाही के हो ?" **६१** तर उहाँ चुप रहनुभयो र उहाँले केही जवाफ दिनुभएन । फेरि महापूजाहारीले उहाँलाई सोधेर भने, "के तँ परमधन्यका पुत्र 'ख्रीष्ट' होस् ?" **६२ अनि येशूले भन्नुभयो, "म हुँ । अनि तपाईंहरूले मानिसका पुत्रलाई सामर्थ्यको दाहिने हातपट्टि बसिरहेका र आकाशका बादलहरूमा आइरहेका देख्नुहुनेछ ।"** **६३** तब महापूजाहारीले आफ्ना लुगा च्यातेर भने, "अब हामीलाई अरू साक्षी-हरूको के खाँचो पऱ्यो र ? **६४** तिमीहरूले परमेश्वरनिन्दा त सुनिहालेका छौ । तिमीहरूको राय के छ ?" अनि तिनीहरू सबैले उहाँलाई मृत्युदण्डको योग्य ठहऱ्याए । **६५** अनि कतिले उहाँलाई थुक्न, उहाँको अनुहार छोप्न र उहाँलाई मुक्का हान्न थाले, अनि उहाँलाई, 'एई, भविष्य-वाणी गर्' भन्न थाले । अनि नोकरहरूले उहाँलाई थप्पड हाने ।

## पत्रुसले तीनपल्ट अस्वीकार गर्छन्

**६६** अनि पत्रुस तल आँगनमा हुँदा महापूजाहारीका नोकर्नीहरूमध्ये एकजना त्यहाँ आई । **६७** अनि पत्रुसले आगो तापिरहेका देखेर त्यसले तिनलाई हेरेर भनी, "अनि तिमी पनि नासरतका येशूको साथमा थियौ ।" **६८** तर तिनले यसो भन्दै अस्वीकार गरे, "तिमीले भनेको कुरा न त म जान्दछु न म बुझ्दछु ।" अनि तिनी बाहिर दलानमा निस्किए र भाले बास्यो । **६९** अनि फेरि एउटी नोकर्नीले तिनलाई देखी र नजिकै उभिएकाहरूलाई भन्न थाली, "यो त तिनीहरूमध्येकै हो ।" **७०** अनि तिनले यसलाई फेरि अस्वीकार गरे । अनि केही समयपछि ती नजिकै उभिएकाहरूले पत्रुसलाई फेरि भने, "तिमी पक्कै पनि तिनीहरूमध्येका हौ, किनकि तिमी गालीली हौ र तिम्रो बोली नै त्यस्तो छ ।" **७१** तर तिनले यसो भन्दै सराप्न र किरिया हाल्न थाले, "तिमीहरूले कुरा गरेका यी मानिसलाई म चिन्दै चिन्दिनँ !" **७२** अनि दोस्रोपल्ट भाले बास्यो । अनि पत्रुसले त्यो वचन सम्झिए जुन येशूले तिनलाई भन्नुभएको थियो, "भाले दुईपल्ट बास्नुभन्दा पहिला तिमीले मलाई तीनपल्ट अस्वीकार गर्नेछौ ।" अनि त्यो कुरा सोचेर तिनी डाँको छोडेर रोए ।

## पिलातसद्वारा प्रभुको जाँच

**१५** अनि एकाबिहानै मुख्य पूजाहारीहरूले बूढा प्रधानहरू, शास्त्रीहरू र सम्पूर्ण महासभासँग सल्लाह गरी येशूलाई बाँधेर लगे र पिलातसकहाँ सुम्पिदिए । २ अनि पिलातसले उहाँलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ ?" अनि उहाँले जवाफ दिँदै तिनलाई भन्नुभयो, "तपाईं नै भन्दै हुनुहुन्छ ।" ३ अनि मुख्य पूजाहारीहरूले उहाँलाई धेरै कुराहरूको विषयमा दोष लगाए, तर उहाँले केही पनि जवाफ दिनुभएन । ४ अनि पिलातसले उहाँलाई फेरि यसो भन्दै सोधे, "के तिमी केही जवाफ दिँदैनौ ? हेर, तिनीहरूले तिम्रो विरुद्धमा कत्ति कुराहरूको गवाही दिँदैछन् !' **५** तर येशूले अझै पनि केही जवाफ दिनुभएन, यहाँसम्म कि पिलातस छक्कै परे ।

## येशू कि बरब्बा ?

**६** अब त्यस चाडको बेलामा तिनीहरूले चाहेका कुनै एकजना कैदीलाई तिनले तिनीहरूका निम्ति छोडिदिने गर्दथे । **७** अनि बरब्बा नाम भएको मानिस थियो, जो त्यसको साथमा राजद्रोह

गरेकाहरूसितै झ्यालखानामा थियो, जसले त्यो राजद्रोहमा हत्या गरेको थियो । ८ अनि तिनले तिनीहरूका निम्ति सधैं जस्तो नै गरिदिऊन् भनेर चर्को गरी चिच्च्याउँदै भीडले माग गर्न थाल्यो । ९ तर पिलातसले यसो भन्दै तिनीहरूलाई जवाफ दिए, "के म तिमीहरूका निम्ति यहूदी-हरूका राजालाई छोडिदिऊँ भन्ने तिमीहरू चाहन्छौ ?" १० किनकि मुख्य पूजाहारीहरूले डाहको कारणले उहाँलाई सुम्पिदिएका हुन् भन्ने तिनी जान्दथे । ११ तर तिनले तिनीहरूका निम्ति बरु बरब्बालाई छोडिदिऊन् भनी मुख्य पूजाहारी-हरूले मानिसहरूलाई उक्साए । १२ अनि पिलातसले जवाफ दिएर तिनीहरूलाई फेरि भने, "तब तिमीहरूले 'यहूदीहरूका राजा' भन्नेलाई चाहिँ म के गरूँ भन्ने तिमीहरू चाहन्छौ त ?" १३ अनि तिनीहरू फेरि चिच्च्याए, "त्यसलाई क्रूसमा टाँगिदिनुहोस् !" १४ तब पिलातसले तिनीहरूलाई भने, "किन ? उसले के कुकर्म गरेको छ र ?" अनि तिनीहरू झन् चर्को गरी चिच्च्याए, "त्यसलाई क्रूसमा टाँगिदिनुहोस् !" १५ अनि पिलातसले भीडलाई सन्तुष्ट पार्ने इच्छा गरेर तिनीहरूका निम्ति बरब्बालाई छोडिदिए र येशूलाई चाहिँ कोर्रा हान्न लगाएपछि क्रूसमा टँगाइनका निम्ति सुम्पिदिए ।

## काँडाको मुकुट र गिल्ला

१६ अनि सिपाहीहरूले उहाँलाई प्रैटोरियन भनिने महलभित्र लगे र तिनीहरूले सारा पल्टन भेला गरे । १७ अनि तिनीहरूले उहाँलाई बैजनी रङ्गको लुगा लगाइदिए र काँडाको मुकुट गुथेर उहाँको शिरमाथि लगाइदिए, १८ अनि उहाँलाई 'सलाम ! यहूदीहरूका राजा !' भन्दै सलाम गर्न लागे । १९ अनि तिनीहरूले निगालोले उहाँको शिरमा हिर्काए र उहाँलाई थुके, अनि घुँडा टेकेर उहाँलाई दण्डवत् गरे । २० अनि उहाँको गिल्ला गरिसकेपछि तिनीहरूले उहाँको बैजनी रङ्गको लुगा फुकालिदिए र उहाँकै वस्त्रहरू उहाँलाई लगाइदिए, अनि उहाँलाई क्रूसमा टाँग्नको निम्ति बाहिर लगे ।

## येशू क्रूसमा

२१ अनि गाउँबाट आएर त्यहाँबाट जाँदै गरेका अलेक्जान्डर र रूफसका बुबा शिमोन कुरेनीलाई तिनीहरूले उहाँको क्रूस बोक्न कर लगाए । २२ अनि तिनीहरूले उहाँलाई गलगथा भनिने ठाउँमा ल्याए, जसको अर्थ हो 'खप्परको ठाउँ' । २३ अनि तिनीहरूले उहाँलाई मूर्र मिसाइएको दाखमद्य पिउन दिए, तर उहाँले त्यो ग्रहण गर्नुभएन । २४ अनि उहाँलाई क्रूसमा टाँगेपछि तिनीहरूले उहाँका लुगाहरू कसले कुन लैजानुपर्ने हो भनी गोला हालेर बाँडे । २५ अनि तेस्रो घडी* भयो र तिनीहरूले उहाँलाई क्रूसमा टाँगे । २६ अनि 'यहूदीहरूका राजा' भन्ने उहाँको दोषपत्र लेखिएको थियो । २७ अनि उहाँको साथमा तिनीहरूले दुईजना चोरहरूलाई पनि क्रूसमा टाँगे - एकलाई उहाँको दाहिनेपट्टि र अर्कोलाई उहाँको देब्रेपट्टि । २८ अनि यसो भन्ने पवित्रशास्त्र पूरा भयो, 'अनि उहाँ अपराधीहरूसँग गनिनु-भयो ।' २९ अनि त्यहाँबाट आवतजावत गर्नेहरूले आफ्ना शिर हल्लाउँदै र यसो भन्दै उहाँको निन्दा गरे, "वाह ! तँ मन्दिर भत्काउने र त्यसलाई तीन दिनमा बनाउने ! ३० आफैलाई बचा, र क्रूसबाट ओर्ली आइज !" ३१ यही प्रकारले मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरूसँगै गिल्ला गर्दै आपसमा भने, "यसले अरूलाई बचायो । यसले आफैलाई चाहिँ बचाउन सक्दैन । ३२ हामीले देखौं र विश्वास गरौं भनेर 'इस्राएलका राजा ख्रीष्ट' अब क्रूसबाट ओर्ली आओस् !" अनि उहाँसँगै क्रूसमा टाँगिनेहरूले पनि उहाँको निन्दा गरे ।"

३३ अनि छैटौं घडी भयो र नवौं घडीसम्म सारा देशभरि अन्धकार भयो ।* ३४ अनि नवौं

* बिहानको समय

घडीमा येशू ठूलो सोरले यसो भन्दै कराउनुभयो, "एलोई, एलोई लामा सबखथनी ?"' जसको अर्थ हुन्छ, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?"
**३५** अनि यो सुनेर नजिकै उभिनेहरूमध्ये कतिले भने, "हेर, यसले एलियालाई बोलाउँदैछ।"
**३६** अनि एकजनाले दगुरेर गई एउटा स्पन्जमा सिर्का भऱ्यो र त्यसलाई एउटा निगालोमा राखेर यसो भन्दै उहाँलाई पिउन दियो, "हुन देओ, कतै एलिया यसलाई ओराल्न आउँछन् कि, हेरौं !" **३७** अनि येशूले ठूलो सोरले कराएर प्राण त्याग्नुभयो। अनि मन्दिरको पर्दा टुप्पादेखि फेद-सम्मै दुई भाग भई च्यातियो। **३९ अनि उहाँले यसरी कराएर प्राण त्याग्नुभएको देखेर उहाँकै सामुन्ने उभिइरहेका सुबेदारले भने, "साँच्चै यी मानिस त परमेश्वरकै पुत्र रहेछन्।"** ४० त्यहाँ स्त्रीहरूले पनि टाढैबाट हेरिरहेका थिए, जसका बीचमा मरियम मग्दलिनी, सानो याकूब र योसेसकी आमा मरियम, र सलोमी, ४१ (उनी-हरूले पनि येशू गालीलमा हुनुहुँदा उहाँको पछि लागेर उहाँको सेवा गरेका थिए) र उहाँसँगै यरूशलेम आएका अरू धेरै स्त्रीहरू थिए।

## यूसुफको चिहानमा प्रभु गाडिनुभयो

४२ अनि साँझ परिसकेपछि, त्यो तयारीको दिन अर्थात् विश्रामदिनको अघिल्लो दिन भएको हुनाले ४३ अरिमथियाका यूसुफ, एक माननीय सल्लाहकार आए जसले पनि परमेश्वरको राज्यको बाटो हेर्थे, अनि तिनले साहससाथ पिलातसकहाँ गएर येशूको लाश मागे।
४४ अनि उहाँ मरिसक्नुभएको थियो भन्ने कुरामा पिलातस छक्क परे, अनि तिनले सुबेदारलाई बोलाएर उहाँ अघि नै मर्नुभएको थियो कि भनेर सोधे। ४५ अनि सुबेदारबाट यो थाहा पाएपछि तिनले यूसुफलाई लाश दिए। ४६ अनि तिनले मलमलको कपडा किने र उहाँलाई तल झारेर त्यस मलमलमा बेह्री चट्टानमा खोपेर बनाइएको एउटा चिहानमा राखे, अनि एउटा ढुङ्गा गुड्याएर चिहानको ढोकामा राखे। ४७ अनि मरियम मग्दलिनी र योसेसकी आमा मरियमले उहाँलाई राखिएको ठाउँ हेरे।

## प्रभुको बौरिउठाइ र त्यस दिनका घटना

**१६** अनि मरियम मग्दलिनी, याकूबकी आमा मरियम र सलोमीले सुगन्धित मसलाहरू किनेका थिए ताकि विश्रामदिन बितेपछि उनीहरूले आएर उहाँलाई घसिदिन सकून्। २ अनि हप्ताको पहिलो दिनमा एकाबिहानै घाम झुल्किँदा उनी-हरू चिहानमा आए। ३ अनि उनीहरूले आपसमा कुरा गरे, "हाम्रो निम्ति कसले चिहानको ढोकाबाट ढुङ्गा गुड्याइदेला ?" ४ अनि तिनीहरूले हेर्दा ढुङ्गा गुड्याएर हटाइएको देखे, किनकि त्यो अति ठूलो थियो। ५ अनि चिहानभित्र पस्दै गर्दा उनीहरूले लामो सेतो वस्त्र पहिरेका एकजना युवकलाई दाहिनेपट्टि बसिरहेका देखे र उनीहरूले साह्रै अचम्भ माने। **६ अनि तिनले उनीहरूलाई भने, "साह्रै अचम्भ नमान। तिमीहरू क्रूसमा टँगाइनुभएका नासरतका येशूलाई खोज्दैछौ। उहाँ बौरिएर उठ्नुभएको छ। उहाँ यहाँ हुनुहुन्न। तिनीहरूले उहाँलाई राखेका ठाउँ हेर।** ७ तर जाओ, उहाँका चेलाहरू र पत्रुसलाई भनिदेओ, 'उहाँचाहिँ तिमीहरूभन्दा पहिला गालील जानु-हुन्छ। उहाँले तिमीहरूलाई भन्नुभएअनुसार तिमीहरूले उहाँलाई त्यहीँ देख्नेछौ।'" ८ अनि उनीहरू छिटो-छिटो निस्किएर चिहानबाट भागे, किनकि तिनीहरू कामेका र आश्चर्यचकित भएका थिए। अनि तिनीहरूले कसैलाई केही भनेनन्, किनकि तिनीहरू डराएका थिए।

९ अब हप्ताको पहिलो दिनमा एकाबिहानै बौरिएर उठ्नुभएपछि उहाँ पहिला मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो, जसबाट उहाँले सातवटा दुष्ट आत्माहरू निकाल्नुभएको थियो।

* लगभग मध्यान्हमा सुरु भएको तीन घण्टाको अवधि

१० अनि उनी गइन् र उहाँको साथमा रहँदै
आएकाहरू शोकमा डुबेर रोइरहेका बेलामा
तिनीहरूलाई भनिदिइन् । ११ अनि उहाँ जीवित
हुनुहुन्थ्यो र उनीकहाँ देखा पर्नुभयो भन्ने कुरा
सुनेर तिनीहरूले विश्वास गरेनन् ।

१२ त्यसपछि तिनीहरूमध्ये दुईजना हिँड्दै
गाउँतिर गइरहेका बेलामा उहाँ तिनीहरूकहाँ
अर्कै रूपमा देखा पर्नुभयो । १३ अनि तिनीहरूले
गएर अरू बाँकीलाई सुनाए, तर उनीहरूले
तिनीहरूलाई पनि विश्वास गरेनन् । १४ पछि
ती एघारैजना खानको निम्ति बसेका बेलामा
उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो, अनि तिनीहरू-
को अविश्वास र हृदयको कठोरताको कारण
उहाँले तिनीहरूलाई हप्काउनुभयो, किनभने उहाँ
बौरिएर उठ्नुभएपछि उहाँलाई देखेकाहरूलाई
तिनीहरूले विश्वास गरेनन् ।

## प्रभुको महान् आज्ञा

**१५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा**
**संसारमा जाओ र हरेक प्राणीलाई सुसमाचार**
**प्रचार गर । १६ विश्वास गर्ने र बप्तिस्मा लिनेले**
**मुक्ति पाउनेछ, तर विश्वास नगर्नेचाहिँ दोषी**
**ठहरिनेछ ।** १७ अनि विश्वास गर्नेहरूमा यी
चिन्हहरू हुनेछन्: मेरो नाउँमा तिनीहरूले दुष्ट
आत्माहरू धपाउनेछन्, तिनीहरूले नयाँ-नयाँ
भाषा बोल्नेछन्, १८ तिनीहरूले सर्पहरू समात्नेछन्
र तिनीहरूले कुनै विषालु चीज पिए तापनि
त्यसले तिनीहरूलाई कत्ति पनि हानि पुऱ्याउनेछैन,
तिनीहरूले रोगीहरूमाथि हात राख्नेछन् र
उनीहरू निको हुनेछन् ।"

## ख्रीष्ट उचालिएर परमेश्वरको दाहिने हातपट्टि बस्नुहुन्छ

१९ यसरी प्रभुले तिनीहरूसँग कुराकानी
गर्नुभएपछि उहाँ स्वर्गमा उठाइनुभयो र परमेश्वर-
को दाहिने हातपट्टि विराजमान हुनुभयो ।
२० अनि तिनीहरूले गएर जहीँतहीँ प्रचार गरे,
प्रभुले तिनीहरूसँगै काम गरिरहनुभएको थियो
र साथमा भइरहेका चिन्हहरूद्वारा वचनलाई
पुष्टि गरिरहनुभएको थियो । आमेन ।

**"किनकि परमेश्वरले संसारलाई यसरी प्रेम गर्नुभयो,
कि उहाँले आफ्‌ना एकमात्र जन्माइएका पुत्र दिनुभयो
ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्,
तर उसले अनन्त जीवन पाओस् ।"**



परमप्रभु परमेश्वर भन्नुहुन्छ, "आऊ, हामी बसेर आफ्‌ना कुरा
छलफल गरौं । तिमीहरूका पाप सिन्दूरे रङ्गका भए तापनि ती
हिउँजस्तै हुनेछन् । गाढा राता रङ्गका भए तापनि ती ऊनजस्तै
हुनेछन् । पश्चात्ताप र विश्राममा तिमीहरूको उद्धार छ ।
मौनधारण र भरोसामा तिमीहरूलाई शक्ति मिल्छ ।
तर तिमीहरू यी कुनै पनि कुरा चाहन्नौ ।"

**बाइबल**